साप्ताहिक
श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)

वर्ष ३३ ✪ अङ्क ३७ ✪ २० असोज २०८३, मङ्गलबार ✪ 6 Oct. 2026, Tuesday ✪ मूल्य रू. १०।-

# संस्कृति संरक्षणमा युवाको उत्साहजनक सहभागिता सांस्कृतिक उपलब्धि : बिजुक्छेँ

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुरका युवा पुस्ता सांस्कृतिक क्रियाकलापमा सक्रिय हुँदै संस्कृति संरक्षण र संवर्द्धनमा अग्रसर हुनु सांस्कृतिक उपलब्धि भएको बताउनुभएको छ ।

भक्तपुर नगरपालिका-५ को आयोजनामा आइतबार सम्पन्न सांस्कृतिक समूहको भेलामा अध्यक्ष बिजुक्छेँले मनोरञ्जन वा मठमन्दिरको भ्रमणको क्रममा मात्र बाजागाजाको प्रयोग नहुने बताउँदै युद्ध, जन्म, मृत्यु तथा अन्य सामाजिक अवसरमा समेत यसको महत्त्वपूर्ण भूमिका रहने उल्लेख गर्नुभयो । उहाँले बाजागाजा हाम्रो संस्कृति र जीवनपद्धतिको अभिन्न अङ्ग भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, “युवाहरू सांस्कृतिक क्रियाकलापमा अगाडि बढ्दै छन् । कला-संस्कृतिको संरक्षण र संवर्द्धनमा लागिपरेका छन् । यसलाई सांस्कृतिक उपलब्धि मान्न सकिन्छ । मनोरञ्जन वा मठमन्दिरको घुमघामका बेलामा मात्र बाजागाजाको उपयोग हुने होइन । बरु युद्धका बेला, मर्दापर्दासमेत यसको महत्त्व रहने हुँदा यो हाम्रो संस्कृति र जीवनपद्धति पनि हो ।”

मैथिली संस्कृतिमा सुख-दुःख मात्र नभई विभिन्न मनोभावसमेत गीतमार्फत अभिव्यक्त गर्ने परम्परा रहेको उल्लेख गर्दै उहाँले संस्कृति संरक्षणमा युवा पुस्ता अग्रसर हुनु सुखद पक्ष भएको बताउनुभयो ।

गाईजात्रा (सापारु) २०८३ को अवसरमा भक्तपुर नगरपालिकाले आयोजना गरेको विभिन्न विधाका सांस्कृतिक प्रदर्शनमा पुरस्कृत सांस्कृतिक समूह, संस्कृतिकर्मी तथा गुरुहरूलाई धन्यवाद तथा बधाई ज्ञापन गर्न उक्त कार्यक्रम आयोजना गरिएको हो ।

*बाँकी पृष्ठ ११ मा*

# स्थानीय स्रोत र साधनको सदुपयोग भए जनताका आवश्यकता पूरा हुने




भक्तपुर । नेपाल प्राध्यापक समाज केन्द्रीय समितिको आयोजनामा ‘वातावरण सङ्कट र समाधान’ विषयक अन्तरक्रिया कार्यक्रम आइतबार ख्वप कलेजमा सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले एउटै विषयवस्तुलाई फरक फरक दृष्टिकोणले हेर्दा फरक फरक विचार देखापर्ने चर्चा गर्दै भन्नुभयो, “गौतम बुद्धले संसारमा दुःख छ, दुःखको कारण छ, दुःखबाट मुक्ति पाउन सकिन्छ भनी विचार व्यक्त गर्नुभयो; भौतिकवादीहरूले दुःखको कारण शोषण हो भनी व्याख्या गर्नुभयो । अर्थशास्त्री माल्थसले जनसङ्ख्या वृद्धिले भोकमरी र युद्ध हुने, प्राकृतिक प्रकोप वा रोगब्याधी फैलिने र अन्तमा प्रकृतिले नै जनसङ्ख्या नियन्त्रण गर्ने कुरा उल्लेख गर्नुभयो । तर, उहाँले पुँजीपतिवर्गले उपभोग्य वस्तुको मूल्य वृद्धि गरेर गरीबहरू भोकमरीमा पर्ने, किटाणु, जीवाणु, परजीवीको कारण रोग लाग्ने कुराहरू उल्लेख गर्नुभएन ।”

जनसङ्ख्या धेरै भएर मात्र क्रान्ति नहुने बरू सचेत र सङ्गठित जनताले मात्र क्रान्ति गर्न सक्ने धारणा राख्दै अध्यक्ष बिजुक्छेँले अमेरिकी स्वतन्त्रता आन्दोलनको समयमा संरा अमेरिकामा धेरै जनसङ्ख्या नभएको उदाहरण प्रस्तुत गर्नुभयो ।

उहाँले भन्नुभयो, “स्थानीय स्रोत साधनको बढीभन्दा बढी सदुपयोग गर्न सकियो भने वातावरण संरक्षण हुनुको साथै देशको विकास र जनताका आवश्यकता पूरा हुनेछ । ब्राजिलको जङ्गललाई संसारकै फोक्सो मानिन्छ । तर, त्यहाँका राष्ट्रपति बोल्सोनाराले रूखहरू काट्न लगाई वातावरण बिगार्ने काम गराए । इजरायलका प्रधानमन्त्रीले इरान र प्यालेस्टिनमाथि युद्ध थोपरे; संरा अमेरिकाले इजरायललाई सहयोग र साथ दियो । युद्धले वातावरण बिग्रिरहेको छ । यदि अमेरिकाले युद्धमा गरेको खर्च रकम गरिब देशको विकासमा सहयोग गरेको भए संसारका गरिबहरूले पनि सुखका साथ बाँच्न पाउँथे ।”

सत्तामा पुगेका पार्टीका नेता र उच्च ओहदाका कर्मचारीहरू जनताको सेवाभन्दा पनि व्यक्तिगत स्वार्थमा लिप्त भएका कारण देश विकासको योजना कार्यान्वयन हुन नसकिरहेको बारे बुद्धिजीवी र सचेत वर्गले बहुमत सर्वसाधारण जनतालाई राम्ररी बुझाउन जरूरी रहेको उहाँले बताउनुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, “चीनले उजाड मरूभूमिलाई पनि हरियाली बनाइरहेको छ; जलविद्युत् र सौर्यप्रणालीलाई जोड दिई विश्वको तापमाम वृद्धिलाई रोक्ने प्रयास गरिरहेको छ । तर, अमेरिकाले हतियार र युद्ध निर्यात गरी संसारमा अशान्ति मच्चाउने दुष्प्रयास गरिरहेको छ ।”

आयोजक समितिका उपाध्यक्ष एवम् ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठको सभापतित्वमा भएको उक्त कार्यक्रममा उहाँले शिक्षक-प्राध्यापकहरू निरन्तर अध्ययनशील भई प्राकृतिक प्रकोपलगायत समसामयिक विषयमा छलफल, अन्तरक्रियाजस्ता कार्यक्रममा लागिरहँदा थप ऊर्जा प्राप्त हुने र त्यस्तो ऊर्जाशक्तिले समाजमा सचेतना बढाउन सकिने धारणा राख्नुभयो ।

आयोजक समाजका केन्द्रीय सचिव एवम् ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माकले सञ्चालन गर्नुभएको सो कार्यक्रममा उहाँले इसानबाट प्रकाशित ‘वातावरण: सङ्कट र समाधान’ पुस्तकमा उल्लेखित विषयको सङ्क्षिप्त जानकारी प्रस्तुत गर्नुभयो ।

समाजका केन्द्रीय सदस्य एवम् ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. सुनिल दुवालले ‘वातावरणीय सङकट, जलवायु परिवर्तन र पुँजीवाद’ बारे श्रव्य दृश्यसहित तथ्यगत जानकारी व्याख्यात्मक रूपमा प्रस्तुत गर्नुभयो ।

*बाँकी पृष्ठ ११ मा*

# “राजनीतिमा लाग्नु हुँदैन भन्नु देशलाई भ्रष्टाचारमा लानु हो”




सुर्खेत । नेपाल मजदुर किसान पार्टीको वीरेन्द्रनगर दोस्रो नगर सम्मेलनको बन्दसत्र आइतबार तल्लो बजारमा सम्पन्न भयो ।

बन्दसत्रमा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले वातावरण र यसबाट भएको सङ्कटबारे नेमकिपाले पुस्तक प्रकाशित गरी संसारको ध्यानाकर्षण गराउँदै आएको बताउनुभयो ।

संरा अमेरिकी सरकार जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिबाट फिर्ता भएको र प्रदूषण फालेर पृथ्वीको तापक्रम वृद्धि गराएको विषयलाई नेपालका आजसम्मका सरकारहरूले अन्तर्राष्ट्रिय दबुमा उठाउन नसकेकै कारण पनि रसुवाको भोटेकोसी हिमपहिरोबाट नेपाली जनता पीडित हुनुपरेको सचिव सुवालले बताउनुभयो ।

उहाँले भन्नुभयो, “आजसम्मका सरकारहरूले एसियाली विकास बैङ्क, विश्व बैङ्क र अन्तर्राष्ट्रिय मुद्राकोषको निर्देशनमा कृत्रिम रूपमा जीडीपी बढाउने र विदेशी ऋण थपेर कर्मचारी र सेनाको सुविधा बढाएर सरकारमा टिक्ने काम गर्दै आएको एकपछि अर्को घटनाबाट पुष्टि भइरहेको छ । ”

सर्वसाधारण जनताको सेवा हुने स्वास्थ्य बीमाको अनुदान रकमसमेत घटाउने सरकारहरू जनताको हुन नसक्ने उहाँले स्पष्ट पार्नुभयो ।

सचिव सुवालले भन्नुभयो, “देशभक्त सरकारले नेपालको हितविपरीतका सन् १९५० को नेपाल-भारत सन्धि, सन् १९४७ को गोर्खा भर्ती, एमसीसीलगायत सन्धि-सम्झौता खारेज गर्नु जरूरी हुन्छ । शान्ति र न्यायका पक्षधर सबैले इरान, प्यालेस्टिन, रूसविरूद्ध साम्राज्यवादीहरूको आक्रमणको विरोध गर्नु आवश्यक छ ।”

नेमकिपा कर्णाली प्रदेश संयोजक सरोजराज गोसाईंले जलवायु परिवर्तनबारे ‘वातावरण : सङ्कट र समाधान’ विषयक प्रशिक्षण दिनुभयो । पुँजीवादी उत्पादन प्रणालीकै कारण वातावरणीय सङ्कट बढेको र आर्थिक असमानता चर्केको चर्चा गर्दै संयोजक गोसाईले उपभोक्तावादी संस्कृति पुँजीवादी व्यवस्थाकै विकृति हो भन्नुभयो ।

नेमकिपा केन्द्रीय सल्लाहकार समिति सदस्य नर्मा गुरूङले पार्टीको विचारलाई जनताको घरदैलोसम्म पुऱ्याउन कार्यकर्ताहरू थप सक्रिय हुनु आवश्यक छ भन्नुभयो ।

नेमकिपा वीरेन्द्रनगर नगर सम्मेलन तयारी समितिका संयोजक शेरबहादुर शाहीले सम्मेलन सफल पार्न सहयोग गर्ने सबैलाई धन्यवाद व्यक्त गर्नुभयो ।

नेमकिपा वीरेन्द्रनगर दोस्रो नगर सम्मेलनको बन्दसत्रबाट कुस्माखर खनालको अध्यक्षता नेमकिपा वीरेन्द्रनगर नगर समिति सर्वसहमति निर्वाचित गरियो ।

यसअघि नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले शनिबार वीरेन्द्रनगरमा नेपाल मजदुर किसान पार्टीको दोस्रो नगर सम्मेलनको उद्घाटन गर्नुभयो ।

उद्घाटन कार्यक्रममा सचिव सुवालले भन्नुभयो, “राजनीति सबै नीतिको मुख्य नीति हो । यस अर्थमा मजदुर, किसान, युवा, विद्यार्थी, शिक्षक, प्राध्यापक, कर्मचारी सबै राजनीतिमा लाग्नु स्वाभाविक हुन्छ । शासक दलहरूले शिक्षक, कर्मचारी, प्राध्यापक, विद्यार्थीलाई राजनीतिमा लाग्नु हुँदैन भन्नु देशलाई भ्रष्टाचार र पक्षपातमा लानु भन्नु हो । देश र जनताको निःस्वार्थ सेवा हुने राजनीतिमा शिक्षक, कर्मचारी, प्राध्यापक, विद्यार्थी सबै लाग्नु जरुरी हुन्छ ।”

नेपाल मजदुर किसान पार्टीका कार्यकर्ताहरू पार्टीको विधान र अनुशासनलाई पालना गर्ने अडानमा दृढ भएर लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

*बाँकी पृष्ठ ११ मा*

जनता म्वाःसा, भाषा म्वाइ

थ्वहे वइगु ने.सं. ११४६ कौलाथ्व द्वादशी व त्रयोदशी (कार्तिक ६ व ७ गते) नेन्हुयंकं सुथायसिया ११:०० ताःइलय् निसिं याता, गोमारी-७, ख्वपय् जुइजु

पीखुकगु नेपालभाषा साहित्य तःमुंज्या व सांस्कृतिक ब्वज्या

तःजिक हानेता च्वसु (साहित्य) व सांस्कृतिक विधा दुथ्याकः दियता इनाप याङः च्वङा । नपां फयांफक्व हापं बियो तःमुंज्या स्वभ्मायता इनाप याङः च्वङा ।

च्वसु (साहित्य) व सांस्कृतिक दुःथ्याकेगु थाय्

क) पीखुकगु नेपालभाषा साहित्य तःमुंज्या, ग्वसाखलः गोमारी-७, ख्वप
Email: 46tamunjya1146@gmail.com

ख) Email: tamunjya1100@gmail.com

ग) ‘मजदुर’ दैनिक, कमलविनायक, नगांचा, भक्तपुर-१०

स्वापुया निंतिं :

☎ : ०१-५९२५४६९ : nepalbhasatamunjya : 46tamunjya : tamunjya : 46Tamunjya
: NBSTamunjya : 46tamunjya1146@gmail.com : tamunjya1100@gmail.com : https://tamunjya.com

पीखुकगु नेपालभाषा साहित्य तःमुंज्या
ग्वसाखलः गोमारी-७, ख्वप
स्वापु ल्याः ०१-५९२५४६९

सुचं : तःमुंज्यासं दुथ्याकेगु साहित्यया खाँग्वः २००० स्वयो म्हवाँ व १० मिनेटया दुनय् ब्वने सिधय्के मः ।

साहित्य व सांस्कृतिक विधा दुथ्याकेगु लिपांगु न्हि ल्या : नेपाल सम्बत ११४६ ञलागा त्रयोदशी (२०८३ असोज २२), बिहीबाः तक



मृत्यु जहिलेसुकै हाम्रोसामु आइपुगोस्, हामी त्यसलाई स्वागत गर्छौं, सर्त यतिमात्र हो हाम्रो हातबाट खसेको बन्दुक अर्को हातले सम्हालोस् र क्रान्तिको नारा निरन्तर गुञ्जिराखोस् ।

**अर्नेस्टो चे ग्वेभारा**

# सम्पादकीय

## एक आदर्श नगरको अर्थ के हो ?

कुनै एक आदर्श नगरको अर्थ कुनै एक अमुक राजनीतिक दल वा संस्थाका सदस्यहरूले हप्ता, दुई हप्ता वा महिनाको एक पटक निश्चित स्वयंसेवकहरूले सफाइ गर्ने र अरू सबै नागरिक तमासे भएर वा मालिक भएर बसेमा ती नगरका बहुमत नागरिकहरू असल नागरिक होइनन् । त्यो नगर पनि एक आदर्श नगरमा गणना हुँदैन भन्ने हो ।

यो कुरो हप्ताको एक पटक कुनै मन्दिर, पोखरी वा कुनै सार्वजनिक स्थलको सफाइको मात्रै विषय होइन, ती नगरका बहुमत नागरिकहरू जहिलेसम्म खानेपानी, ढलको पानी सफा गरी खोला वा नदीमा बगाउने 'उपचार पोखरी' बन्दोबस्त, 'फोहर व्यवस्थापन गर्ने' व्यवस्था कहाँ-कसरी गरिँदै छ भन्ने चासो नलिएसम्म ती नगरका बहुमत जनतालाई आदर्श नागरिक भन्न लायक हुँदैन ।

ती नागरिकहरूले तरकारी पसल, मासु पसल, साधारण पसलहरूको नाप-तौल, सफाइ र खाद्यान्न मिसावत वा शुद्ध छ छैन, ठुलठुला भारी बोक्ने ट्रक र वाहनहरूले आफ्नो नगरको सडक र ढलले ठेग्न सक्छ-सक्दैन; आफ्नो नगरमा जनसङ्ख्या बढ्यो-बढेन भन्नेबारे टोल-टोल, वडा-वडामा बरोबर बैठकमात्र होइन सम्बन्धित कार्यालयले अखबार वा जनसमुदायलाई सभाबारे सूचना दिएर स-साना जनसभा गरेर बताउने बन्दोबस्त हुनु बढी फलदायी हुन्छ ।

त्यस्तै शिक्षा, स्वास्थ्य, बजार भाउ, निर्माण, कृषि र अन्य उत्पादनबारे पनि जनतालाई जानकारी दिनुका साथै ट्राफिक अर्थात् बाटाघाटा-चौबाटो आदिको सङ्केत, क्यामेरा र नयाँ साधनको सफलताबारे पनि छलफल र सूचना प्रवाहमार्फत जनतालाई शिक्षित र जानकारी दिन सके दुर्घटना र अपराधको सङ्ख्या पनि घट्दै जानेछ ।

निश्चित नगरका मेयर, उपमेयर, निर्वाचित सदस्यले रात-दिन काम गर्दैमा जनताले त्यसलाई आत्मसात गरे गरेनन् भनी जाँचबुझ नगर्दासम्म मेहनतको प्रतिफलबारे थाहा नहुनु नौलो कुरा होइन । त्यसबारे प्रतिपक्षी दलहरूले तारिफ र प्रशंसा मात्र होइन झूटो आलोचना र टीकाटिप्पणी गर्नेप्रति पनि जनतालाई सचेत पार्नु जरुरी छ ।

**के यो पुनः नगर राज्यको कल्पना हो ?**

होइन, यो प्राचीन नगर राज्यको कल्पना होइन । सुनिन्छ - 'मस्को नगरपालिकाको काम भनेकै हिउँदमा सडकबाट हिउँ सफा गर्ने मात्र हो !'

समाजवादी व्यवस्थाको बेला गरिएका निर्माणहरूलाई रुसले आज मर्मतबाहेक केही गर्नै पर्दैन ! नयाँ निर्माण भनेको नाम मात्रको वा नाम फेर्ने काम हो !

निश्चय पनि नेपालका गाउँ, नगर र प्रदेशमा केन्द्रको काम र विकेन्द्रीकरणको सिद्धान्तअनुसार काम सुरू नै भएको छैन - १० वर्षपछि पनि । किन ? केन्द्रमा बस्नेहरूलाई विकेन्द्रीकरणप्रति विरोध छ भने स्थानीय तह र प्रदेश हाँक्नेहरूलाई केन्द्रको कामको अर्थ पनि थाहा छैन - आफ्नो कामसमेत थाहा नभएर सालाखाला २५ प्रतिशत पनि बजेट खर्च नभएको बताइन्छ । केन्द्रलाई नै ताक्ने हो भने के प्रदेश सरकार अञ्चलाधीश कार्यालय हो ? प्रदेशसभा के 'अञ्चल पञ्चायत' हो ?

जिल्लास्तरीय कार्यालयहरूले राम्रो काम गरेका भए, जनताको भावना बुझेर काम गर्ने बन्दोबस्त भएका भए प्रदेश सरकार, नगरपालिका र गाउँपालिकाजस्ता जनप्रतिनिधिमूलक संस्था किन चाहियो ? कारण प्रस्ट छ, इतिहासमा निश्चित राज्यले सशस्त्र बलबाट देशका सबै क्षेत्र, राज्य र राष्ट्रहरूलाई विजय प्राप्त गर्‍यो । त्यही राज्यले आफ्नो शासन कायम राख्न, बलको भरमा पुस्ताका पुस्ता जनतालाई कज्याएको हुनाले केन्द्रको मातहतको प्रशासन र विभिन्न जातजाति र भाषाभाषीका जनताको भावनामा एकरूपता पलाइसकेको छैन । त्यसमा भाषा, कला-संस्कृति, परम्परा र भावनामा एकरूपता आइनसक्दा केन्द्र र स्थानीय जनतामा दूरी कायम छ । विडम्बना ! शासक दलहरू र केन्द्रको स्वर भने एउटै सुनिन्छ । त्यसको कारण निश्चित जात र भाषाभाषीहरूको प्रभुत्वको आभास दिनु हो ।

यसकारण, केन्द्रको कानुनी मनसाय र स्थानीय जनताको भावनाको माझ समन्वय कायम गर्न शक्तिले होइन स्थानीय समस्यालाई केन्द्रले आत्मसात गर्दै एक एक पाइला गर्दै र समाधान गर्दै जाँदा इतिहासले पारेका घाउहरू पुर्दै जानेछन् । राष्ट्रिय एकताको अर्थ सबै जातजाति र भाषाभाषीहरूको कला, साहित्य र संस्कृतिप्रति समानरूपले आत्मस्वीकृति हो । त्यो राज्य र देशमात्र आजको एक आदर्श समाज साबित हुनेछ !

# मियो बन्नुपर्नेहरू राजीनामा दिएर भागदाको परिणाम

✍ प्रज्ज्वल

विज्ञान र प्रविधिका अनुसार कुनै समस्या चरणबद्ध रूपमा समाधान गर्ने तरिका अल्गोरिदम (Algorithm) हो । साम्राज्यवादी सरकारहरू सामाजिक सञ्जालको अल्गोरिदमलाई कुनै देशमा आफ्ना दलालहरू तयार गर्ने हतियारको रूपमा प्रयोग गर्दै छन् । संरा अमेरिकी सरकारले आफ्नो अनुकूल नबस्ने संसारका कतिपय देशमा सरकार उल्ट्याउन सामाजिक सञ्जालको अल्गोरिदमलाई प्रयोग गर्‍यो ।

बेलायत सन् १९७३ मा युरोपेली सङ्घमा सदस्य बन्यो । यो सङ्घ दोस्रो विश्वयुद्धपछि सन् १९५० मा स्थापना भएको थियो । यो सङ्घले युरोपका देशहरूलाई एक हुन महत्त्वपूर्ण भूमिका खेल्यो । संरा अमेरिकी सरकार कमजोर हुने भएपछि यसले युरोपेली सङ्घलाई विभाजन गराउने गोटी चाल्यो । संरा अमेरिकी सरकारको आर्थिक सहयोगमा बेलायती नागरिक नाइजल फराजले युरोपेली सङ्घमा बेलायत सदस्य बनेयता आर्थिक अवस्था कमजोर भएको र आप्रवासी समस्या बढेको प्रचार गर्नुका साथै आर्थिक सुधारको लागि युरोपेली सङ्घबाट निस्कनुपर्ने (ब्रेक्जिटको) नारा दियो । नाइजलको पक्षमा सामाजिक सञ्जालमा निकै प्रचार भयो । अन्ततः बेलायत युरोपेली सङ्घबाट निस्कियो । परिणाम बेलायतको आर्थिक स्थिति थप कमजोर हुनुका साथै सरकार अस्थिर बन्यो । अन्य युरोपेली देशसँग पनि बेलायतको व्यापारमा कठिनाइ आयो ।

संरा अमेरिकाका खोज पत्रकार किट क्लारेनवर्गले 'दि ग्रेजोन' मा संरा अमेरिकाको करोडौँ डलर सहयोगमा रास्वपा सरकारको नेतृत्वमा पुगेको सार्वजनिक गरे । यसमा सामाजिक सञ्जाल फेसबुक, ट्विटर, रेडिट, डिस्कर्डलगायतको भूमिका रह्यो । रास्वपाले सूचना प्रविधिमा काम गर्ने हजारौँलाई पैसा दिएर आफ्नो प्रचार गरायो । सामाजिक सञ्जालको अल्गोरिदमले नेपाली प्रयोगकर्तालाई रास्वपाकै मात्र देखाउने (इको च्याम्बर) वातावरण बनायो । टेलिभिजन सञ्चालनमा लागेका रवि लामिछाने र र्‍यापर पृष्ठभूमिका बालेन साहले 'फेसबुक फर्स्ट' रणनीति अपनाए । 'दि ग्रेजोन' को लेख अनुसार संरा अमेरिकाले 'नीति संवाद' कार्यक्रममार्फत कतिपय युवालाई तालिम दिएर रास्वपाको पक्षमा तयार गर्‍यो ।

बेलायतका फराजले संरा अमेरिकाबाट ५ लाख पाउन्ड सहयोग पाएको र नेपालमा रास्वपामा लागेकाहरूले ३० अर्ब रुपैयाँभन्दा बढी सहयोग पाएको अनुसन्धान प्रतिवेदनमा उल्लेख गरेको सार्वजनिक भयो ।

संरा अमेरिकी सरकारले नेकाका गगन थापालगायतलाई संसद्मा एमसीसी सम्झौताको खुलेर समर्थन गर्न प्रायोजन गरेको उतिबेलै सार्वजनिक भएको थियो । ट्रम्पको दोस्रो कार्यकालको सुरुमै सरकारको दक्षता विभागमा इलन मस्कलाई प्रमुखको रूपमा नियुक्ति गरियो । लगत्तै तत्कालीन प्रधानमन्त्री ओलीले मस्कलाई बधाई दिए । संरा अमेरिकी सरकारका विदेशमन्त्री मार्को रुवियोसँग रास्वपा सभापति रबिले फोनवार्ता गरेको सिलसिला पनि प्रायोजित नै भएको सार्वजनिक भयो ।

गत वर्ष भदौ २३ गते निहत्था जनताको हत्या र भदौ २४ गते देशभरिझैँ आगजनी हुनुमा तत्कालीन प्रम ओली नै दोषी हुन् । ओलीले भदौ २३ गतेअघि नै डिस्कर्ड र रेडिटलगायत सामाजिक सञ्जालमा 'पेट्रोल बम लिएर आउनू', 'निर्णायक आन्दोलन गर्ने' लगायत सल्लाह गरेको विषयलाई हलुका रूपमा लिए । भदौ २४ गते बिहान राजीनामा नदिने अडान राखेका ओली अपराह्न १:३० बजे सेनालाई राजीनामा बुझाएर १२ दिन बेपत्ता भए । भदौ २४ गते राष्ट्रपति पौडेललाई ओलीले नयाँ प्रधानमन्त्री नियुक्ति गर्ने सहमति दिएर अर्को देशघात गरे ।

शासक दलहरू पालैपालो सरकारको नेतृत्वमा पुग्न एक अर्कोसँग भित्री वा बाहिरी साँठगाँठ गर्छन् । तत्कालीन माओवादीका प्रचण्डले सशस्त्र द्वन्द्वमा लागेको आफ्नो पार्टी 'गौरवशाली' भएको दाबी गर्थे । अहिले माओवादी पार्टी नै नामोनिशान नहुने गरी नाम परिवर्तन गरेका प्रचण्डको समर्थन कहिले एमाले, कहिले नेका त कहिले रास्वपातिर रहेको देखिन्छ ।

बालेन सरकार गठनलगत्तै एमालेका ओली पक्राउमा परे र अदालतको आदेशमा रिहा भए । ओलीले भदौ २४ गतेयता १२ दिन आफू कता गुमनाममा बसेको हो अहिलेसम्म खुलासा गरेनन् भने राष्ट्रपति पौडेलले पनि भदौ २४ गतेपछि तीन दिन सरकारी निवास छाडेर कहाँ लुक्न पुगेको हो बोलेका छैनन् । देशको 'मियो' को रूपमा रहेकाहरू जनतालाई थाहा नदिई बेपत्ता भएकै कारण देश यो सङ्कटमा परेको हो । प्रचण्ड र माधवकुमार नेपाल पनि भदौ २४ गतेयता चार दिन सिंहदरबारस्थित सेनाको ब्यारेकमा किन लुकेर बसेका हुन् ? यसबारे स्पष्ट गरेका छैनन् ? देश जलाइएको बेला लुकेर बस्नेहरूलाई प्रधानमन्त्री, राष्ट्रपति र पूर्वप्रधानमन्त्री पद दिन मिल्छ ?

नेकाको १५ औँ महाधिवेशनमा गगनको नेतृत्वमा असोज १८ गते काठमाडौँ खुलामञ्चमा उद्घाटन भयो । त्यहाँ प्रचन्ड र रवि पनि बोल्न पुगे । रास्वपाका प्रम बालेनको नाममा खुलेको सामाजिक सञ्जालमा बाहिरियो- "धन्न खुला मञ्च राम्रो बनाइएछ, नयाँ पार्टी (गगनको नेका) ले कार्यक्रम गरेर गाली गर्न पाएछ ।" विपक्षीले सरकारको आलोचना गर्ने प्रजातन्त्रको सौन्दर्य हो । सरकारको आलोचना गर्नु जनताको अधिकार हो । सरकारले विपक्षी जनताको आलोचनालाई 'विरोध वा गाली' ठान्नु प्रजातान्त्रिक चरित्र होइन ।

जेनजी दाबी गरी गतवर्ष भदौ २३ र २४ गतेको आन्दोलनमा हिँडेकी एकजनाले लेखिन् "धन्न जेनजीहरूले आन्दोलन गर्दिएर, रगत बगाइदिएर, घाइते/शहिद भइदिएर सामान्य राजनीतिक संस्कारसमेत नभएकाहरू प्रधानमन्त्री, मन्त्री र सांसद हुन पाए ।"

गत वर्ष भदौ २३ र २४ गतेको उपद्रोयताको अवस्थालाई कतिपयले सरकार संरा अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको कठपुतली भएको, कतिपयले सैनिक शासनजस्तै भएको, कतिपयले बुँख्याचाको नेतृत्वमा नागरिक शासन भएको आदि टिप्पणी गर्दै छन् । रास्वपा सरकारले संसद्मा नेपालले भारतको सीमा मिचेको बताएको, संयुक्त राष्ट्र सङ्घमा 'नयाँ देशको प्रतिनिधि' बताएको, नेपालले अमेरिकी नीति र कानुन पालना गर्नुपर्ने एमसीसी सम्झौता, नेपाली युवालाई 'भाडाको सिपाही' बनाउने सन् १९४७ को गोर्खा भर्ती र नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को नेपाल-भारत सन्धि खारेजीको आवाज नउठाई मल भएन, इन्धन भएन भनी रोइलो गरेबाट यो सरकार 'नयाँ शिशिमा पुरानै रक्सी' पुष्टि हुन्छ । रास्वपा सरकारले मल कारखाना स्थापना गर्ने र भारतको कब्जामा गएको महाकाली, कर्णाली, अरुण, कोसी नदी फिर्ता लिएर नेपालीको लगानीमा जलविद्युत् उत्पादन गरे मल र इन्धन अभाव पूर्तिका साथै निर्यातसमेत हुनेछ । यो साहस नगर्ने रास्वपा सरकार पनि नेका, एमाले, तत्कालीन माओवादी सरकारकै ड्याङमा परेको किन होइन ? नेपाली जनता सामाजिक सञ्जालको अल्गोरिदमसँगै मत परिवर्तनमा होइन, नेमकिपाजस्तो देशभक्त पार्टीको अडानमा लाग्नु आवश्यक छ । यसले मात्र देश र जनताको हित गर्नेछ ।

*२०८३ असोज १९ गते*




# भ्रष्टाचारी र जघन्य अपराधीलाई मृत्युदण्डको सजाय आवश्यक छ

शुक्र

सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेलको भ्रष्टाचारको जालो एकपछि अर्को खुल्दै छ । निजले डिल्लीबजार कारागारबाट पूर्वप्रधानन्यायाधिश चोलेन्द्र शमशेर जबरासँग टेलिफोन संवाद गरेको समाचार सार्वजनिक भयो । विशेष अदालतले गत असोज १६ गते निजलाई गैरकानुनी सम्पत्ति आर्जनको कसुरमा दोषी ठहर गर्दै ४१ करोड ९४ लाख ७३ हजार २८२ रूपैयाँ ८५ पैसा बिगो र त्यति नै रकम जरिवाना तोकेको छ । सो बराबरको सम्पत्ति जफत हुने पनि फैसलामा भनिएको छ । करिब ४२ करोड भ्रष्टाचार गरेको व्यक्तिलाई विशेष अदालतले दुई वर्षमात्र कैद सजाय सुनायो । विशिष्ट श्रेणी सरहको पदमा बसेर भ्रष्टाचार गरेको भन्दै थप ६ महिना कैद थपिने फैसलामा भनिएको छ । अदालतले प्रचलित कानुनकै आधारमा फैसला गरेको भए पनि ठुला भ्रष्टाचारीलाई जन्मकैद तथा कसुर हेरी मृत्युदण्डसम्मको सजाय हुनुपर्ने जनताको माग हो ।

जाँचबुझ गर्दा पौडेलको सम्पत्ति करिब ४६ करोड ११ लाख रूपैयाँ बराबरको भेटिएको सरकारी दाबी छ । करिब ४ करोड १६ लाख रूपैयाँ मात्र निजको वैध सम्पत्ति रहेको अदालतको ठहर हो । विदेशमा रहेका बैङ्क खाता, परिवारका अन्य नातेदारका खाता तथा सम्पत्ति र आम्दानी विवरण लुकाइएको हुनसक्नेबारे अख्तियार दुरूपयोग अनुसन्धान आयोग, सम्पत्ति जाँचबुझ आयोगले पर्याप्त ध्यान पुर्‍याएको छ कि छैन ?

केही व्यक्तिलाई सजाय गरेको देखाएर भ्रष्टाचार नियन्त्रण हुँदैन । सार्वजनिक खरिद प्रणाली पारदर्शी नहुँदा भ्रष्टाचार बढेको तथ्याङ्कले देखायो । सरकारले गर्ने नियुक्ति, ठेक्का, सामान खरिदजस्ता काममा आर्थिक चलखेल हुने गरेको गुनासो पुरानै हो । प्रधानमन्त्री, मन्त्री, उच्च अधिकारीको सम्पत्ति छानबिन प्रभावकारी हुनुपर्दछ । विदेशमा राखिएको सम्पत्तिको खोजी गर्न पनि अन्तर्राष्ट्रिय संयन्त्र प्रभावकारी बनाउनु जरुरी छ ।

करिब आधा अर्ब गैरकानुनी सम्पत्ति आर्जन गरेर भ्रष्टाचार गरेका व्यक्तिलाई सीमित अवधिको कैद तोक्दा भ्रष्टाचारीको मनोबल झन् बढ्ने देखिन्छ । भ्रष्टाचारीको सम्पत्ति जफत गर्ने अदालतको फैसला तत्काल कार्यान्वयन नहुने विगतको तीतो यथार्थ हो । भ्रष्टाचारीहरूको सम्पत्ति तत्कालै जफत गर्नुपर्दछ । निजसँग साँठगाँठ रहेका सबैमाथि छानबिन गरी कारबाही अघि बढाउनुपर्दछ ।

संविधान निर्माणको क्रममा नेपाल मजदुर किसान पार्टीले ठुला भ्रष्टाचारी र जघन्य अपराधीलाई मृत्युदण्डको व्यवस्था हुनुपर्ने र विदेशमा राखिएका सम्पत्ति राष्ट्रियकरण गर्नुपर्ने विषय उठाएको थियो । यो विषय अहिले पनि सान्दर्भिक छ । सरकारले संविधान संशोधन गरेर भए पनि ठुला भ्रष्टाचारी र जघन्य अपराधीलाई मृत्युदण्ड र विदेशमा राखिएको सम्पत्ति राष्ट्रियकरण गर्नु आवश्यक छ ।

# निजामती कर्मचारी विधेयक र कर्मचारीहरूको प्रजातान्त्रिक अधिकारको प्रश्न

✍ विवेक

लामो समयदेखि विवादित र प्रतिरक्षारत कर्मचारी विधेयक हालै प्रतिनिधिसभामा दर्ता भयो। संसद् अधिवेशन बन्द हुने निश्चिततासँगै पेश गरिएको उक्त विधेयकले सरकार छिट्टै विधेयक पारित गर्ने पक्षमा नरहेको सङ्केत गर्छ। प्रस्तुत विधेयकमा निजामति कर्मचारीको अवकाशको उमेर ५८ बाट ६० वर्ष पुर्‍याइएको छ तर विधेयक पारित भएको वर्षको हकमा भने सेवा प्रवेश गरेको ३० वर्ष वा उमेर ५५ वर्ष पूरा भएकाहरूलाई अनिवार्य अवकाशको व्यवस्था गरिएको छ। विधेयक संसद् सचिवालयमा दर्ता भएसँगै कर्मचारी प्रशासन तरङ्गित भएको छ।

विधेयक हुबहु पारित भएमा १५ हजारभन्दा बढी पाका र अनुभवी कर्मचारीहरूले एकैसाथ अवकाश पाउनेछन्। यति धेरै अनुभवी कर्मचारीहरू एकैसाथ बिदा हुँदा देशको प्रशासनमा कस्तो असर पर्छ भन्नेबारे चर्चा परिचर्चा भइरहेको छ। संसद् अधिवेशनको अन्तिम समयमा मात्र विधेयक संसद्मा दर्ता हुनुलाई कर्मचारीहरूलाई राजीनामा दिन मानसिक रूपमा तयार गर्ने समय दिएको हुन सक्ने अनुमान गर्न सकिन्छ। हालसम्ममा ५०० भन्दा बढी निजामति कर्मचारीहरूले राजीनामा दिइसकेको सञ्चार माध्यमहरूले जनाएका छन्।

**स्थानीय तहको कर्मचारी व्यवस्थापन सम्बन्धमा:**

निजामति कर्मचारी विधेयकसँगै अब स्थानीय तहको कर्मचारीबारे पनि छलफल सुरु भएको छ। नेपालको संविधान जारी भएपछि स्थानीय तहलाई कर्मचारी भर्ना गर्ने अधिकारबाट बञ्चित गरियो। कानुनअनुसार स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत सङ्घले पठाउने र बाँकी कर्मचारीहरू प्रदेश लोकसेवा आयोगले व्यवस्थापन गर्दै आएको छ। प्रदेश सरकारहरूले राम्रोसँग काम गर्न नसक्दा स्थानीय तहका कर्मचारीहरू अहिले अन्यौलमा छन्।

नेपालमा सङ्घीयता कार्यान्वयनमा आएको दशक बित्यो तर कर्मचारी व्यवस्थापन उचित ढङ्गले हुन सकेन। संविधानअनुसार सङ्घ, प्रदेश र स्थानीय गरी ३ तहको सरकार भए पनि कर्मचारी भर्नाको अधिकार भने सङ्घ र प्रदेशमा केन्द्रित गरिएको छ। कर्मचारी भर्नाको दृष्टिले हेर्ने हो भने पहिले राजधानी केन्द्रित शासनको ठाउँमा अहिले सङ्घ र प्रदेश शासित भन्नु पर्ने अवस्था छ। यो सङ्घीयताको भावना र मर्म विपरीत छ। स्थानीय तह सरकार हो भने कर्मचारी भर्नाको अधिकार नदिनु पर्ने कुनै कारण देखिँदैन। यसअघि २०५५ सालको स्थानीय स्वायत्त शासन ऐनले नै कर्मचारीको हकमा स्थायी, अस्थायी, करार, ज्यालादारी कर्मचारी भर्नाको सबै अधिकार स्थानीय निकायलाई दिएको थियो। नयाँ संविधानले स्थानीय तहलाई दिइएको त्यो अधिकार खोसेर प्रदेशमा पुर्‍याएको छ। संविधानमा स्थानीय तहलाई केही अधिकारहरू दिए पनि कर्मचारी भर्नाको हकमा प्रतिगामी छ। आवश्यकताअनुसार कर्मचारी भर्ना गर्न नसक्ने स्थानीय तहलाई सरकार भन्नुको कुनै अर्थ छैन। यति महत्त्वपूर्ण विषयमा निजामति विधेयकले नछुनु आश्चर्यको विषय हो।

स्थानीय तहका कर्मचारीहरूलाई प्रदेशभित्र विभिन्न पालिकाहरूमा सरुवा गर्ने व्यवस्था छ। त्यस्तो अवस्थामा अवकाश प्राप्त कर्मचारीले उपदान कुन पालिकाबाट पाउने अहिलेसम्म स्पष्ट छैन। कुनै पालिकामा सरुवा भएर आएका कर्मचारी दुई महिनापछि नै अवकाश पाएमा उसको उपदान कहाँबाट पाउँछ? पहिले काम गरेको पालिकाबाट पाउने वा अवकाश हुँदा काम गरेको पालिकाबाट त्यो स्पष्ट हुनु जरुरी छ। अहिलेसम्म प्रदेश सरकारले उपदान विषयमा कानुन बनाएको छैन। सङ्घीय निजामति कर्मचारीको मात्र होइन स्थानीय तहमा कार्यरत हजारौँ कर्मचारीहरूको बारे पनि सरकारले सोच्नु ढिला गर्नु हुन्न।

शिक्षकहरूको नियुक्ति सङ्घ सरकारबाट हुने कानुनी व्यवस्था छ। ती शिक्षकहरूलाई स्थानीय पालिकाहरूले तलब खुवाउँछन्। शिक्षकहरूलाई कारबाही गर्ने, बढुवा गर्ने वा कुनै सुविधा दिने अधिकार भने केन्द्रीय सरकारको नियन्त्रणमा छ। शिक्षकहरूलाई अनुशासनमा राख्ने हो भने तलब खुवाउने शाखाबाटै अनुशासनको कारबाही गर्ने अधिकार पनि हुनुपर्छ। यसबारे पनि कर्मचारी विधेयकले ध्यान दिनुपर्ने देखिन्छ।

**राजनीतिमा भाग लिन निषेध सम्बन्धमा:**

प्रस्तावित विधेयकमा कर्मचारीहरूलाई कुनै किसिमको राजनीतिक क्रियाकलाप, दलगत आबद्धता वा अवाञ्छित प्रभाव पार्ने काममा प्रतिबन्ध लगाएको छ। कुनै राजनीतिक दल, वर्गीय सङ्गठनको सदस्यता लिन र राजनीतिक गतिविधिमा भाग लिन, प्रदर्शन, निर्वाचन प्रचारप्रसारमा भाग लिन समेत नपाइने उल्लेख गरिएको छ।

राजनीतिक अधिकार पाउन नेपाली जनताले पञ्चयती सरकारसित ३० वर्ष लडे। २०४६ सालमा प्रजातन्त्रको पुन:स्थापना भयो। प्रजातन्त्रको फल अरूले उपभोग गर्न पाउने तर कर्मचारी भएकै कारण प्रजातान्त्रिक अधिकार उपभोग गर्नबाट बञ्चित हुने अवस्थालाई न्याय सम्मत भन्न सकिँदैन। कर्मचारीहरूलाई सरकारको दासको रूपमा व्यवहार गर्नु हुन्न। एक राष्ट्र सेवकको व्यवहार गरिनुपर्छ। बोल्ने र लेख्ने अधिकारबाट बञ्चित गरिनु हुन्न।

राजनीति मानिसले गर्ने हो र चेतनशील प्राणीहरूले गर्ने हो। शिक्षक, कर्मचारी, प्राध्यपक, कर्मचारीलगायत चेतनशील वर्गमा पर्छन्। त्यस्ता नागरिकहरूलाई राजनीति गर्नबाट बञ्चित गर्नु उचित होइन। राजनीतिलाई सबै नीतिको राजा त्यतिकै भनिएको होइन। बौद्धिक क्षेत्रका मानिसहरूले राजनीति गर्दा नराम्रो हुन्छ भने होइन बरु राम्रा मान्छेहरूले राजनीति नगर्दा देशले अकल्पनीय अवस्था भोग्नुपरेको इतिहास साक्षी छ। शिक्षक र प्राध्यापकहरू विद्यालय र कलेजहरूमा राजनीतिक शास्त्र पढाउँछन्। तर, उसैलाई राजनीतिबाट बञ्चित गरियो भने राजनीति कसले गर्ने? विद्यालय, कलेज वा विश्वविद्यालयहरूमा कार्यरत प्राध्यपक, शिक्षकहरूलाई जनताको सेवालाई केन्द्रमा राखेर राजनीति गर्न प्रेरणा दिइरहनुपर्छ।

निजामति कर्मचारीले सिंहदरबारभित्र वा अन्य सरकारी कार्यालय भित्र विभिन्न पार्टीका प्रतिनिधिहरूले आआफ्नो स्वतन्त्र ट्रेड युनियन खोल्नु समस्या हो। विभिन्न पार्टीका मन्त्रीहरू आए पनि कर्मचारी सङ्गठन सामु आत्मसमर्पण गर्नुपर्ने अवस्था राम्रो होइन। मन्त्रीहरू ट्रेड युनियनको निर्देशनमा चल्नुपर्ने अवस्था आउनु गलत थियो। लालबाबु पण्डित स्थानीय विकास मन्त्री हुँदा उनले भनेका थिए, भर्खर मन्त्री नियुक्ति पाएर सिंहदरबारमा बहाली हुनेबित्तिकै एकजना कर्मचारी सङ्गठनका पदाधिकारी आएर आफूहरूसँग सल्लाह नगरी काम गरेमा गाह्रो हुने बताएको सुनाए। यस्तो व्यवहार कुनै पनि दृष्टिले उचित होइन। मन्त्रालय मन्त्रीले होइन, एक कर्मचारी सङ्गठनका पदाधिकारीको धम्कीको आधारमा चल्छन् भन्ने त्यो एउटा दृष्टान्त मात्र हो। त्यसैले दलगत रूपमा खोलिएका ट्रेड युनियन खारेज गर्नु उचित थियो।

तोडफोड, आगजनी, बन्द हड्ताल, भागबण्डा र अन्य अराजक कार्य राजनीति होइन। त्यो त लुट, आतङ्क वा अराजकता हो। आतङ्क र अराजकताको भरमा शासन गर्नेहरूले त्यस्ता अराजनीतिक घटनालाई पनि राजनीतिको सञ्ज्ञा दिए। त्यसले इमानदार मानिसहरू राजनीतिबाट भन्न भन्न टाढा टाढा हुँदै गए। राम्रा र असल मानिसहरूले राजनीति नगरेपछि गलत मानिसहरूको शासन सत्तामा आउनु अन्यथा होइन। राजनीति जनताको इमानदारीपूर्वक सेवा हो। सेवा गर्नमा कसैलाई पनि बञ्चित गरिनुहुन्न। शिक्षक, प्राध्यापक, कर्मचारी र अन्य बौद्धिक मानिसहरूले देश र जनताको सेवा गरेको खण्डमा देशलाई के नोक्सान हुन्छ? सरकार गलत बाटोमा जान लाग्दा सचेत पार्ने, देशको सार्वभौमिकतामा आँच आउने देशघाती काम गरेमा त्यसको विरोध गर्ने र सही आलोचना गर्ने गलत काम रोक्ने कोसिस गर्नु राजनीति होइन। देशभक्त नागरिकको कर्तव्य हो। बौद्धिक व्यक्तित्वहरूले देश र जनताको हितमा यस्ता कार्यहरू जुनसुकै पदमा बसेकाहरूले पनि गर्नु पाउनुपर्छ। कर्मचारीहरूले दलगत क्रियाकलापमै भाग लिन नपाउने व्यवस्था कर्मचारीहरूलाई प्रजातान्त्रिक अधिकारबाट बञ्चित गर्ने अप्रजातान्त्रिक कार्य हो। विधेयकबाट त्यस्ता बन्दोबस्त हटाइनुपर्छ।

राजनीतिक नेता कार्यकर्ताहरूले जनताको मौलिक र राजनीतिक अधिकारको लागि त्याग, तपस्या र बलिदान नगरेको भए अहिले शासन सत्तामा पुग्ने राष्ट्रिय स्वतन्त्र पार्टी र त्यस दल आबद्ध व्यापरहरू, चटकेहरू सरकारमा पुग्ने सम्भावना नै थिएन। त्यसैले पहिले केही भएन भनेर २४ सै घण्टा अरूलाई सत्तोसराप गरेरमात्र अहिलेका सांसदहरूले आफ्नो कर्तव्य पूरा गरेको ठहर्दैन। बरु विगतमा भएका कमी कमजोरीलाई सच्याएर अगाडि बढ्न सके जनताको हित हुनेछ।

कानुन निर्माण भएपछि सबैले पालना गर्ने खालको हुनुपर्छ। कर्मचारीहरू दलगत आबद्धता हुन नहुने प्रावधानले पञ्चायतकै गन्ध दिन्छ। निर्वाचनमा भोट हाल्ने कर्मचारीले दलको विषय केही नबुभी आँखा चिम्लेर भोट हाल्छन् भनेर सोच्नु सही हुँदैन। वैचारिक छलफल, अन्तरक्रिया, गोष्ठीहरूलगायतका कार्यक्रमहरू भाग लिएर आफ्नो बौद्धिक क्षमताअनुसार कुनै दलका कार्यकर्ताहरूलाई प्रशिक्षित गर्नु गलत हुँदैन बरु जनताको निम्ति त्यसले फाइदा नै पुग्याउँछ। देश र जनतालाई आघात पार्ने काम सरकारले गरेको खण्डमा त्यसको आलोचना गर्ने, विरोध गर्ने र देशको सार्वभौमिकताको पक्षमा बोल्ने अधिकार निजामति कर्मचारीलाई हुनुपर्छ। कर्मचारी हुनेबित्तिकै विचारलाई बन्धक राख्नुपर्ने अवस्था निरङ्कुशताकै सङ्केत हो। प्रजातान्त्रिक अधिकार उपभोग गर्नबाट कोही पनि बञ्चित नहोस्। प्रजातन्त्रको स्वाद सबैले चाख्न पाउन्।




# सरकारका चारओटै निकायलाई कमान्डमा राख्न असक्षम नेका र एमालेको सरकार

नेपालको संविधान २०७२ अनुसार प्रधानमन्त्री पद देशको मियोजस्तै हो। गत वर्ष भदौ २३ र २४ गतको उपद्रोलाई रोक्न असक्षम तत्कालीन प्रधानमन्त्री केपी ओली सुरक्षा निकायलाई कमाण्ड गर्न नसकेको पुष्टि भयो। भदौ २३ गते अपरान्ह १२:३० बजे नेपाली सेनाको टोलीलाई सिंहदरबारबाट सङ्घीय संसद् भवनतर्फ पठाएको थियो। हिँडेर १५ मिनेटमा पुग्ने दूरीमा नेपाली सेनाको ट्रक सडक अवरोधको कारण अपरान्ह ३ बजेमात्र पुग्यो। त्यतिबेला बानेश्वर चोकमा भडप र सङ्घीय संसद् भवनको पर्खाल तोडफोडसहित गोली चलिसकेको थियो। तत्कालीन प्रम ओली यो संवेदनशील विषयमा कसरी सचेत भएनन्?

भदौ २३ गते रातभरि सङ्घीय संसद् भवनको सुरक्षामा बसेको नेपाली सेनाको टोली भदौ २४ गते आगजनी सुरु भएपछि बाहिर किन निस्कियो? के नेपाली सेनाको टोलीलाई आगजनी रोक्न लगाउने जिम्मेवारी तत्कालीन प्रधानमन्त्री ओलीको होइन? ओलीले यो संवेदनशील विषय आफूलाई जानकारी नदिने संयन्त्रको भरमा ३–४ पटक प्रधानमन्त्री कसरी भए? के ओली कतैबाट कुर्सीमा सुरक्षित गरिएका प्रधानमन्त्री थिए?

तत्कालीन प्रधानमन्त्री ओली भदौ २४ गते बिहान ८ बजे आफू भण्डै दुईतिहाइको सरकारको नेतृत्व गरेको भनी राजीनामा नदिने र अपरान्ह १:३० बजे आफू बसेको सरकारी निवास बालुवाटारमा समेत आगजनी सुरु भएपछि नेपाली सेनालाई राजीनामा बुभाएर १२ दिन गुमनाम हुनु कसैको सामु आत्मसमर्पण हो? नेपालको संविधानअनुसार प्रम ओलीले राष्ट्रपतिलाई भेटेर राजीनामा दिनुपर्ने होइन? नेपाली सेनालाई राजीनामा बुभाएर प्रधानमन्त्री ओली सैनिक हेलिकप्टरमार्फत गुमनाम हुन मिल्छ? निश्चय नै मिल्दैन।

राष्ट्रपति रामचन्द्र पौडेलले गत वर्ष भदौ २४ गते आफूसमक्ष नआएको तत्कालीन प्रम ओलीको राजीनामा स्वीकृत गरी पुन: ओलीलाई अर्को व्यवस्था नभएसम्म कामचलाउ प्रधानमन्त्रीको जिम्मेवारी दिएको पनि अचम्मको विषय हो। ओलीको राजीनामा स्वीकृत गरेका राष्ट्रपति पौडेलको पनि राजीनामा मागिएको र त्यतिबेला राष्ट्रपति पौडेल रोएर कुर्सीमा टाँसिरहेको पनि सार्वजनिक भयो। राष्ट्रपति पौडेललाई राजीनामा गराई पूर्वराजालाई नै सत्तामा ल्याउने तयारी भएको तर पूर्वराजाले आफूलाई हटाउने नेका, एमाले, तत्कालीन माओवादीहरूको लिखित आग्रह आउनुपर्ने जिकिर गरेको पनि सार्वजनिक भयो। देशमा यो सङ्कट आउनुमा बहुदलीय व्यवस्था पुन: स्थापनाको ३५ वर्षयता पालैपालो सरकारको नेतृत्व गरेका नेका, एमाले र तत्कालीन माओवादीसमेत असक्षम भएर नै हो।

राष्ट्रपति पौडेलसमेत सरकारी निवास राष्ट्रपति कार्यालय छाडेर तीन दिन गुमनाम भएको सार्वजनिक भयो। राष्ट्रपतिले नेपाली जनतालाई जानकारी नगराई सरकारी निवास छाडेर गुमनाम हुनु कसको सामु घुँडा टेकेको हो? यो प्रश्न पनि उठिरहेको छ। के तत्कालीन प्रधानमन्त्री ओली र राष्ट्रपति पौडेलको कमान्डमा सरकारका चारओटै निकाय कमान्डमा नरहेको हो? भदौ २३ र २४ गतेको उपद्रोबारे छानबिन गर्न गठित आयोग र राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन अध्ययनले यही बताउँछ। उक्त प्रतिवेदनअनुसार जो उपद्रोमा उत्रिए उनीहरू नै सरकारमा पुगे। यो अर्को अचम्म होइन?

# खवप विश्वविद्यालय स्थापनाको लागि सल्लाघारीको जग्गा उपलब्ध गराउन जोड

भक्तपुर । भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिसँग नेपाल ट्रष्ट कार्यालय सञ्चालक समितिका पदाधिकारीहरूले असोज १२ गते भेटघाट गर्नुभयो । नेपाल ट्रष्ट कार्यालयका सहसचिव सुमन घिमिरेको नेतृत्वमा आएको ६ सदस्यीय टोलीले नगर प्रमुखसँग भेटघाट गरेको हो ।

उक्त भेटघाटको क्रममा भक्तपुर नगरपालिका वडा नं. १, सल्लाघारीस्थित १०८ रोपनी जग्गाको संरक्षण तथा व्यवस्थापनको विषयमा छलफल भएको थियो ।

नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिका वडा नं. १, सल्लाघारीस्थित नेपाल ट्रस्टको नाममा रहेको १०८ रोपनी जग्गा भक्तपुरवासीको हितलाई ध्यानमा राखी अधिकतम सदुपयोग गर्ने उद्देश्यले नगरपालिकाले जग्गाको संरक्षणका लागि पर्खाल निर्माणलगायतका कार्य गरी व्यवस्थित गर्दै आएको जानकारी दिनुभयो ।

उहाँले ख्वप विश्वविद्यालय स्थापनाको लागि १०८ रोपनी जग्गा उपलब्ध गराउन जोड दिँदै नेपाल ट्रष्ट नियमावली, २०६४ को नियम ३ को उपनियम २(क) मा नेपाल ट्रस्टको सम्पत्ति प्रयोग गर्दा विद्यालय, महाविद्यालय वा विश्वविद्यालयजस्ता शैक्षिक संस्था स्थापना गरी सञ्चालन गर्न वा गराउन सकिने प्रावधान रहेको हुँदा उक्त कानुनी व्यवस्थाले शैक्षिक संस्थाको स्थापना तथा सञ्चालनका लागि नेपाल ट्रस्टको सम्पत्ति उपयोग गर्न सकिने आधार रहेको बताउनुभयो ।

१०८ रोपनी जग्गामा ख्वप विश्वविद्यालय स्थापना गर्ने उद्देश्यले भक्तपुर नगरपालिकाले आवश्यक प्रक्रिया अगाडि बढाउन २०६४ जेठ १० गते, २०६८ पुस २५ गते तथा त्यसपछि पनि पटक-पटक प्रधानमन्त्री कार्यालय, रक्षा मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, नेपाल ट्रस्टको कार्यालयमा निरन्तर पहल गर्दै आएको पनि उहाँले बताउनुभयो ।

साथै, सर्वसाधारण जनताका छोराछोरीलाई सुलभ शुल्कमा चिकित्सा शिक्षा प्रदान गर्ने उद्देश्यले मेडिकल कलेजसहितको ख्वप विश्वविद्यालय स्थापना गर्ने पहल भइरहेको र उक्त जग्गामा विश्वविद्यालय स्थापना गर्ने नगरपालिकाको योजना रहेको उहाँले बताउनुभयो ।

नेपाल ट्रष्ट कार्यालयका सहसचिव सुमन घिमिरेले भक्तपुर नगरपालिका वडा नं. १, सल्लाघारीस्थित १०८ रोपनी जग्गाको संरक्षण राम्रोसँग भइरहेको बताउँदै नेपाल ट्रस्टको स्वामित्वमा रहेको सम्पत्तिको उपयोग, संरक्षण तथा प्रवर्द्धनका लागि अध्ययन टोली गठन गरी सम्भावित उपयोगका क्षेत्रहरूको पहिचान गर्ने कार्य भइरहेको जानकारी दिनुभयो ।

ट्रष्टअन्तर्गतका जग्गाहरूको व्यावसायिक सम्भाव्यता अध्ययन गरी उपयोग गर्ने तथा यसका लागि नेपाल ट्रष्ट कार्यालय र भक्तपुर नगरपालिकाबिच आपसी समन्वय र सहकार्यका साथ अगाडि बढ्नुपर्ने उहाँले बताउनुभयो ।

भेटघाटमा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी, वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्व, प्रमुख प्रशासकीय अधिकृत श्रीमती जमुना मिश्र, नेपाल ट्रष्ट कार्यालयका उपसचिव सोमराज बराल, बोर्ड सदस्य ध्रुव चालिसे र जग्गा सदुपयोग अध्ययन समितिका संयोजक सुयोग रेग्मी, पूर्वाधार सचिवालयका सन्दिप पन्थी तथा इन्जिनियर शुभम गुप्ता र नपाका प्रशासकीय अधिकृत दामोदर सुवाललगायतको उपस्थिति थियो ।

# वर्गीय शोषणकै कारण समाज सही बाटोमा अघि बढ्न नसकेको

बाँके । नेपाल मजदुर किसान पार्टी बाँकेले बुधबार नेपालगञ्जमा प्रशिक्षण तथा 'श्रमिक' साप्ताहिकको अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले गत वर्ष भदौ २३ र २४ गतेको उपद्रो हुनुमा तत्कालीन सरकारको नेतृत्वमा बसेको एमाले र सहयोगी नेपाली काङ्ग्रेस दोषी छन् भन्नुभयो ।

"भदौ २४ गते बिहान राजीनामा नदिने अडान राखेका तत्कालीन प्रधानमन्त्री ओली देश जलिरहँदा सोही दिन अपराह्न राजीनामा दिएर १२ दिन गुमनाम भएर देश र जनताप्रति घात भएको तथा भदौ २६ गते राष्ट्रपतिलाई संसद् बाहिरबाट प्रधानमन्त्री चयनको सिफारिस गरेको पनि देशघात हो", सचिव सुवालले स्पष्ट गर्नुभयो ।

उहाँले भन्नुभयो, "राष्ट्रपति पौडेलले गत वर्ष भदौ २७ गते संविधानविपरीत पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई अन्तरिम सरकारको प्रम चयन र प्रतिनिधिसभा विघटन गरेको पनि देश र जनताको हितमा होइन ।"

सचिव सुवालले भन्नुभयो, "संयुक्त राष्ट्र सङ्घमा इजरायलका प्रधानमन्त्रीले बोल्न लाग्दा ७७ ओटा देशका प्रतिनिधिहरू बैठक बहिष्कार गरी निस्के । राष्ट्र सङ्घमा ट्रम्प र नेतन्याहुले प्यालेस्टिन र इरानविरुद्ध आक्रमणलाई उचित ठहऱ्याउन खोजेपछि इरानले दुवैको खण्डन गरेको थियो ।"

नेमकिपाका केन्द्रीय सदस्य सरोजराज गोसाईंले देश र जनताको सेवा गर्न गहिरो अध्ययन गर्नुपर्नेमा जोड दिँदै वर्गीय शोषणकै कारण समाज सही बाटोमा अगाडि बढ्न नसकेको तथ्य अध्ययनबाटै पुष्टि हुन्छ भन्नुभयो ।

पुँजीपतिवर्गको स्वार्थको निम्ति भइरहेका युद्ध र नाफाको लागि खोलेका कारखानाहरूको कारण पृथ्वीको तापक्रम बढिरहेको तर्फ सचेत हुने जरुरी भएको उल्लेख गर्दै उहाँले पृथ्वीको तापक्रम बढाउन संरा अमेरिका नै मुख्य जिम्मेवार रहेको हुँदा संरा अमेरिकी साम्राज्यवादको विरोध गर्नु आवश्यक छ भन्नुभयो ।

नेमकिपा लुम्बिनी प्रदेश संयोजक हरिसुन्दर बासीले नवउदारवादी नीतिअनुसार अगाडि बढिरहेको सत्तारूढ दल कट्टर दक्षिणपन्थी रहेको चर्चा गर्दै नवउदारवादले धनीलाई धनी र गरिबलाई झन् गरिब बनाउँछ भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य बखतबहादुर थापाले व्यक्तिगत स्वार्थमा केन्द्रित हुने पुँजीवादी सोच अन्त्य गर्न अध्ययन र अनुभव आवश्यक छ भन्नुभयो ।

नेमकिपा बाँकेका अध्यक्ष शेरबहादुर बिकको सभापतित्वमा सम्पन्न कार्यक्रममा शेरबहादुर शाही, भूमि महतारा, सुर्जा थापा, हीराबहादुर शाही र धनबहादुर सिजापतिले 'श्रमिक' साप्ताहिकमा प्रकाशित रचनाहरूको टिप्पणी गर्नुभयो ।

यसैगरी बुधबार नै कोहलपुरमा नेमकिपा बाँकेको आयोजनामा कार्यकर्ता भेटघाट कार्यक्रम सम्पन्न भयो ।

# सदस्यहरूलाई आत्मनिर्भर बनाउन सीपमूलक तालिम आवश्यक

भक्तपुर । गुरु गणेश बचत तथा ऋण सहकारी संस्था लि.को १९ औँ साधारणसभा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा ब्रह्मायणी पार्टी प्यालेसमा असोज १७ गते सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख प्रजापतिले बढी ब्याजको लोभमा अपरिचित व्यक्तिले सञ्चालन गरेको सहकारीमा पैसा राख्न नहुने बताउँदै सदस्यहरूलाई आत्मनिर्भर बनाउन सीपमूलक तालिमहरू सञ्चालन, विद्यार्थी र युवाहरूको हितमा शैक्षिक ऋण तथा युवा उद्यमशीलता ऋण प्रदान र ज्येष्ठ नागरिकको लागि आदर निकेतन सञ्चालनमा ध्यान दिनुपर्ने बताउनुभयो ।

उहाँले सहकारीले नाफा कमाउनेभन्दा साझा हितलाई ध्यान दिएर कृषि उत्पादन र अन्य उत्पादनमूलक क्षेत्रमा पुँजी लगानी गर्नुपर्ने बताउनुभयो ।

नयाँ पुस्तालाई शिक्षासँगै राम्रो संस्कार सिकाउनुपर्ने, जतिसुकै सम्पत्ति भए पनि संस्कार सिकाउन सकेन भने क्षणभरमा समाप्त हुन सक्ने उहाँले बताउनुभयो ।

कार्यक्रममा वडा नं ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले राम्रो बीउ भएमात्र फसल पनि राम्रो हुने बताउँदै सदस्यको बचत रकम हिनामिना नगरी सफल कार्य गरेकोमा धन्यवाद दिनुभयो । उहाँले नयाँ नेतृत्वले विगतको राम्रो कामको अनुसरण गरी सुधार गर्नुपर्ने कर्मचारी क्षमता अभिवृद्धि गर्नुपर्ने बताउनुभयो ।

उहाँले बालबालिका विद्यालय पठाउँदा जसरी हेरचाह गर्नुपर्ने हो सहकारीमा पनि हेरचाह गरी सदस्यहरूको विश्वास लिन सके झन् प्रगति हुने बताउनुभयो । उहाँले ज्येष्ठ सदस्यहरूको अनुभवले समाज र परिवार राम्रो बनेजस्तै सहकारीमा पनि नयाँ पुस्तालाई अगाडि सारेर शिक्षित समाज बनाउनुपर्ने बताउनुभयो ।

उहाँले सबै पैसासँग मात्र तुलना गर्ने, अंशबन्डा गर्दा आमाबुबालाई सम्पत्ति राखेमात्र हेर्ने नत्र नहेर्ने गरेकोमा छोराछोरीहरूलाई हुर्काउँदा भएको दुःखकष्ट भुलेर जाने हुँदा नयाँ पुस्तालाई संस्कार सिकाउने विभिन्न देश अगाडि रहेको बताउनुभयो । उहाँले सहकारीबाट इमानदारीपूर्वक विभिन्न कार्यक्रम तथा काम गर्नुपर्ने बताउँदै साझा अभ्यास गरी सामूहिक नेतृत्वमा काम गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा सल्लाहकार कृष्णभक्त लवजुले अहिले सहकारीबाट सरल रूपमा ऋण लिई लगानी गर्न सजिलो भएको बताउँदै सहकारीले समाजको हितमा काम गर्नुपर्ने र खर्च पनि मितव्ययी हुनुपर्ने बताउनुभयो ।

सल्लाहकार रामकृष्ण प्रजापतिले अहिले सञ्चालक समितिमा बसेर काम गर्न सजिलो नभएको बताउँदै सहकारी ऐन कानुनले ऋणीले ऋण नतिरे सञ्चालक समितिलाई जिम्मेवारी ठहऱ्याउने भएकोले सुरक्षित र उत्पादनमूलक क्षेत्रमा लगानी गर्न ध्यान पुऱ्याउनुपर्ने बताउनुभयो ।

उहाँले सञ्चालक र व्यवस्थापकको योग्यता निर्धारण गरेकोले नयाँ पुस्तालाई सहकारीमा ल्याई समाजमा अगाडि सार्नुपर्ने भन्दै जग भएन भने सहकारीलाई जोगाउन गाह्रो हुने बताउनुभयो । उहाँले सहकारीले नाफालाई मात्र नहेरी सदस्यहरूको आर्थिक र सामाजिक स्तर उकासी आदर्श समाज बनाउने सहकारीको मूल नारालाई ध्यान दिनुपर्ने बताउनुभयो ।

संस्थाका अध्यक्ष कृष्णराम कासिछ्वाको सभापतित्वमा सम्पन्न कार्यक्रममा सचिव सत्यराम ज्ञामरुले प्रगति प्रतिवेदन, कोषाध्यक्ष तुल्सीकेशरी छुजु प्रजापतिले आर्थिक प्रतिवेदन र लेखा सुपरिवेक्षण समितिका संयोजक हरिकृष्ण प्रजापतिले लेखा प्रतिवेदन प्रस्तुत गर्नुभयो भने स्वागत सदस्य रामकृष्ण लवजु, सञ्चालन सदस्य राजुसिं बजिकों र प्रबन्धक गौतम कुतुवजुले गर्नुभयो ।

छैटौं अधिवेशनबाट अध्यक्ष रामकृष्ण लवजु, उपाध्यक्ष सत्यराम ज्ञामरु, सचिवमा तुल्सीकेशरी छुजु प्रजापति, कोषाध्यक्ष राजुसिं बजिको, सदस्यहरू चम्पा ज्ञामरु, हरिकृष्ण प्रजापति, राजन चित्रकार, सिद्धान्त प्रजापति, तुल्सीराम प्याठ निर्विरोध निर्वाचित हुनुभयो । लेखा सुपरिवेक्षण समितिमा संयोजक सीतालक्ष्मी कोजु, सदस्यमा अञ्जु लवजु र रमेश कैती पनि निर्विरोध हुनुभयो ।

# समाज परिवर्तनमा नयाँ पुस्ताको योगदान आवश्यक

भक्तपुर । श्वेत भैरव बचत तथा ऋण सहकारी संस्था लिमिटेड भनपा-८ को १९ औं वार्षिक साधारणसभा तथा सातौं अधिवेशन शनिबार सम्पन्न भयो ।

कार्यक्रममा वाग्मती प्रदेशका संसद् सुरेन्द्रराज गोसाईंले सहकारीमा पैसा राखेर मात्र खुसी हुन नसक्ने बताउँदै छरछिमेकसँग राम्रो सम्बन्ध राखेर आफ्नो जीवनलाई मानसिक रूपमा स्वस्थ राख्न सकिने धारणा व्यक्त गर्नुभयो ।

उहाँले सङ्घर्ष नगरी कुनै उपलब्धि प्राप्त नहुने कुरा नयाँ पुस्ताले बुझ्नुपर्ने धारणा राख्नुभयो ।

उहाँले भन्नुभयो, "अग्रजहरूले आफ्नो व्यक्तिगत जीवनमा सङ्घर्ष गरेकोले समाज यो अवस्थामा पुगेको हो । अब नयाँ पुस्ताले पनि आफ्नो क्षमताअनुसारको योगदान दिएर समाजलाई योभन्दा अगाडि बढाउनुपर्छ ।"

उहाँले हालै भोटेकोसीमा आएको बाढीको स्मरण गर्दै आफू सबल भएकै बेलामा समाज विकासमा योगदान दिनुपर्नेमा जोड दिनुभयो । उहाँले वर्तमान अवस्थामा छिमेकी सहकारीहरूबिच गतिविधि र समस्याहरू साटासाट गर्नुपर्ने सुझाव पनि सोही अवसरमा दिनुभयो ।

कार्यक्रममा भनपा ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजुले वडाका गतिविधि र कार्यक्रमहरूबारे प्रकाश पार्दै लिबाली क्षेत्रमा दुर्घटना न्यूनीकरणको लागि स्पीड बेकर राख्ने कार्य थालनी गरेको जानकारी दिनुभयो ।

कार्यक्रममा भूगर्भविद् डा. सुवेगमान बिजुक्छेँले डिजिटल माध्यमको प्रयोग गरी नेपालमा हिमालको अवस्था, उचाइ तथा बाढी पहिरो र भूकम्पसम्बन्धी जानकारी दिनुभयो ।

उहाँले प्राकृतिक घटना निरन्तर भइरहने कुरा भएकोले त्यससँगै बाँच्न सिक्नेपर्नेमा जोड दिनुभयो । उहाँले भन्नभयो, "प्राकृतिक घटनाहरूलाई हामी रोक्न सक्दैनौं, तर त्यसको क्षतिलाई कम गर्न भने अवश्य सक्छौं ।"

उहाँले जमिनमुनि पानी जाने बाटो बन्द हुँदा सहरमा बाढी बढेको धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा वातावरणविद् डा. कमलराज गोसाईंले वातावरणको महत्त्वबारे प्रकाश पार्दै श्वेतभैरव ग्रीन हेरिटेज इनिसियसन कार्यक्रम थालनी गर्न सुझाव दिनुभयो । उहाँले ठूला पुँजीवादी देशहरूले वातावरण प्रदूषणबारे वास्ता नगरी जथाभावी उद्योग सञ्चालन गर्दा पृथ्वीको वातावरण बिग्रँदै गए सबैतिर त्यसको प्रभाव परेको धारणा व्यक्त गर्नुभयो ।

उहाँले वातावरण अनुकूल बनाउन चराचुरुङ्गी जोगाउनुपर्ने, कौसी खेतीलाई प्राथमिकता दिनुपर्ने, थोरै ठाउँमा धेरै बिरुवा रोप्ने प्रविधि अँगाल्नुपर्नेमा जोड दिनुभयो ।

संस्थाका अध्यक्ष जितेन्द्र खायमलीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमा समाज सुधार माविका पूर्वप्र लक्ष्मीनारायण दुवाल, संस्थाका उपाध्यक्ष सत्यनारायण गाइजु, सचिव रत्नप्रसाद सैंजु, संस्थापक अध्यक्ष नातिभाइ ह्योमबालगायतले संस्थाको विविध गतिविधिबारे आ-आफ्ना धारणा र खुभवको थियो ।

साधारणसभाको दोस्रो चरणमा भएको बन्दसत्रबाट जितेन्द्र खायमलीकै अध्यक्षमा ९ सदस्यीय सञ्चालक समिति र सुनिल बोहजुको संयोजकत्वमा ३ सदस्यीय लेखा सुपरिवेक्षण समिति निर्विरोध रूपमा निर्वाचित भएको थियो ।

# चाडपर्वको सामाजिक तथा सांस्कृतिक महत्त्व आत्मसात गर्नुपर्ने

भक्तपुर । नेपाल मजदुर किसान पार्टी काठमाडौं रामेछाप सम्पर्क समितिको आयोजनामा विजयादशमी, शुभदीपावली, नेपाल संवत् तथा छठ पर्वको अवसरमा शुभकामना आदान-प्रदान कार्यक्रम शनिबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य रवीन्द्र ज्याख्वले चाडपर्वलाई भौतिकवादी दृष्टिकोणबाट बुझ्नुपर्ने बताउँदै चाडपर्वको सामाजिक तथा सांस्कृतिक महत्त्वलाई आत्मसात् गर्दै त्यसमा रहेका सकारात्मक पक्षहरूको संरक्षण गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । विजयादशमी तथा शुभदीपावलीको समय घरघरमा अन्नबाली भित्र्याएर भण्डार भरिभराउ हुने समय भएकाले यो आफैँमा उत्सवको समय भएको उहाँले बताउनुभयो ।

चाडपर्वलाई मनोरञ्जन र परम्परागत रूपमा मात्र नहेरी समाज, संस्कृति र जीवनसँग जोडिएका सकारात्मक पक्षलाई बुझ्ने तथा नयाँ कुरा सिक्ने अवसरको रूपमा लिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

उहाँले सामाजिक सञ्जालको प्रयोग बढ्दै जाँदा त्यसमा रहेका एल्गोरिदमले प्रयोगकर्तालाई भ्रमित तथा गलत सूचनातर्फ आकर्षित गर्नसक्ने भएकोले सामाजिक सञ्जालको प्रयोगमा विशेष ध्यान दिन आग्रह गर्नुभयो । चाडपर्वलाई सिकाइको पर्वका रूपमा ग्रहण गर्दै नयाँ-नयाँ सिर्जनशील ज्ञान, सीप तथा क्षमताको विकास गर्नसमेत उहाँले जोड दिनुभयो । प्रविधिको विकाससँगै सामाजिक सञ्जाल तथा डिजिटल माध्यमको सही र विवेकपूर्ण प्रयोग गर्न उहाँले जोड दिनुभयो ।

नेपाल मजदुर किसान पार्टीका वैकल्पिक केन्द्रीय सदस्य प्रकाश गुरुङले मानव समाजको क्रमिक विकाससँगै वर्तमान समयमा नेपाली समाजले जलवायु परिवर्तन, युवा पलायनलगायतका बहुआयामिक चुनौतीहरूको सामना गरिरहेको बताउनुभयो । मानिसले प्रकृति नास गर्ने खालका बानी तथा गतिविधिहरूलाई रोक्नुपर्ने र जलवायु परिवर्तनका सम्बन्धमा सान्दर्भिक तथ्य तथा विषयवस्तुको अध्ययन गरी आवश्यक कदम चाल्नुपर्ने उहाँले बताउनुभयो ।

वर्तमान विश्वको आर्थिक तथा राजनीतिक अवस्थाबारे चर्चा गर्दै उहाँले पुँजीवादी व्यवस्थाका कारण अमेरिकाको आर्थिक अवस्था ओरालो लागिरहेको विषयमा गम्भीर रूपमा सोच्नुपर्ने बताउनुभयो । विश्व अर्थतन्त्रमा देखापरेका परिवर्तन, त्यसको प्रभाव तथा नेपाली समाजमा पर्नसक्ने असरबारे अध्ययन र छलफल आवश्यक रहेको बताउनुभयो । उहाँले युवाहरूलाई स्वदेशमै रोजगारीको अवसर सिर्जना गरी देशको सामाजिक तथा आर्थिक विकासमा सहभागी गराउनुपर्नेमा जोड दिनुभयो ।

नेपाल मजदुर किसान पार्टी वाग्मती प्रदेश सदस्य न्हुछेभक्त फोजुले सम्पर्क समितिका पदाधिकारी तथा सदस्यहरूले आफूले सिकेका ज्ञान, सीप र अनुभवहरू एक अर्कासँग आदान प्रदान गर्नुपर्नेमा जोड दिनुभयो । राजनीतिमा सक्रिय हुने व्यक्तिहरूले राजनीतिक विषयसँगै सामाजिक विषय तथा समाजका विविध पक्षबारे समेत ज्ञान हासिल गर्नुपर्ने उहाँले बताउनुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष गणेशराम थुसाले सहभागीहरूलाई सिर्जनशील सीपको विकास गर्न प्रेरित गर्नुभयो । समयअनुकूल ज्ञान तथा सीप हासिल गर्दै आफ्नो क्षमता विकास गर्नुपर्ने बताउँदै सिर्जनशील र उत्पादनमूलक गतिविधिमा युवाहरूको सहभागिता बढाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

सम्पर्क समितिका संयोजक धनबहादुर श्रेष्ठको सभापतित्वमा भएको उक्त कार्यक्रममा केशरी श्रेष्ठ, विमल श्रेष्ठ, राजु तामाङलगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

# नेपालभाषा साहित्य तःमुंज्या राजनीतिक र साहित्यिक दबु

'जनता म्वाःसा भाषा म्वाई' अर्थात् 'जनता बाँचे भाषा बाँच्छ' भन्ने मूल नारासहित नेपालभाषा साहित्य तःमुंज्या नेपाल संवत् ११०० (वि.सं.२०३७) देखि प्रत्येक वर्ष निरन्तर रूपमा सञ्चालन हुँदै आएको छ । यस वर्ष भक्तपुर नगरपालिका वडा नं. ७ गोल्मढी, याताामा ४६ औँ नेपालभाषा साहित्य तःमुंज्या हुने यहाँहरूलाई जानकारी गराउन पाउँदा हामी हर्षित छौँ ।

भाषा, लिपि, साहित्य, कला, संस्कृति र सम्पदा मानव विकासको अमूल्य निधि हुन् । यसको उन्नति, प्रगति तथा संरक्षणको लागि योगदान पुऱ्याउनु हामी सबैको साझा कर्तव्य हो । तःमुंज्याले बहुमत जनताको पक्षमा लेख्न, अन्यायमा परेका जनताको पक्षमा आवाज उठाउँदै राजनीतिक, सामाजिक र सांस्कृतिक चेतनास्तर बढाउन निरन्तर लागिरहेको इतिहास हामीसमक्ष छ । तसर्थ, नेपालभाषा साहित्य तःमुंज्या राजनीतिक र साहित्यिक दबु पनि हो । भक्तपुरमा नेपालभाषा, साहित्य, कला, संस्कृति तथा सामाजिक चेतनाको विकासको लागि निरन्तर आयोजना हुँदै आएको नेपालभाषा साहित्य तःमुंज्या यस वर्ष ४६ औँ संस्करणको रूपमा आयोजना हुँदै छ । नेपाल संवत् ११०० अर्थात् वि.सं. २०३७ सालदेखि निरन्तर हुँदै आएको तःमुंज्या यस वर्ष नेपाल संवत् ११४६ को अवसरमा भक्तपुर नगरपालिका वडा नं. ७ गोमारी, याताामा हुन गइरहेको छ ।

चार दशकभन्दा लामो समयदेखि निरन्तर आयोजना हुँदै आएको यस सम्मेलनले नेपालभाषा, साहित्य, कला, संस्कृति र सामाजिक चेतनाको क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको छ । 'जनता म्वाःसा, भाषा म्वाई' अर्थात् 'जनता बाँचे भाषा रहन्छ' भन्ने मूल नारा रहेको छ । यस मूल भावनाले जनता र भाषाबिचको घनिष्ठ सम्बन्धलाई उजागर गर्दछ । जनताको जीवन, भावना, सङ्घर्ष, संस्कृति र सिर्जनासँग भाषा जोडिएको हुन्छ भन्ने मान्यताका साथ तःमुंज्या सञ्चालन हुँदै आएको छ ।

तःमुंज्याको प्रमुख उद्देश्य नेपालभाषाको संरक्षण, संवर्द्धन र विकास गर्नुका साथै नेपालभाषा साहित्य, कला तथा संस्कृतिको प्रवर्द्धन गर्नु हो । यसका साथै जनजीवनसँग सम्बन्धित सामाजिक विषयलाई साहित्य, कला र सांस्कृतिक प्रस्तुतिमार्फत जनताको चेतना बढाउने उद्देश्य तःमुंज्याले राख्दै आएको छ ।

नेपालभाषाको प्रयोगलाई नयाँ पुस्तासम्म विस्तार गर्ने, नयाँ स्रष्टालाई सिर्जना र प्रस्तुतीकरणका लागि अवसर प्रदान गर्ने तथा स्थानीय कला, संस्कृति र परम्पराको संरक्षण गर्ने कार्यमा तःमुंज्याले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । तःमुंज्या केवल साहित्य सम्मेलनमा सीमित नभई साहित्य, संस्कृति र सामाजिक चेतनाको संयुक्त सार्वजनिक मञ्चका रूपमा सञ्चालन हुँदै आएको छ । सम्मेलनमा नेपालभाषामा कविता, कथा, निबन्धलगायत साहित्यिक रचना वाचन हुने गर्दछ भने आमन्त्रित तथा अतिथि साहित्यकारहरूबाट रचना वाचन हुने गर्दछ ।

भाषा तथा साहित्यसम्बन्धी विज्ञहरूको मन्तव्य, साहित्यकार तथा कलाकारहरूको सम्मान, सामाजिक तथा समसामयिक विषयमा छलफल तथा विचार प्रस्तुति तःमुंज्याको महत्त्वपूर्ण पक्ष हुन् भने नाटक, ख्याल, नृत्य, गीति नाटक र गीतहरूको मौलिक प्रस्तुतीकरणले तःमुंज्यालाई अझ आकर्षक बनाउनेछ । सामान्यतः कार्यक्रमको पहिलो चरणमा दिउँसो साहित्यिक कार्यक्रम र दोस्रो चरणमा साँझ सांस्कृतिक कार्यक्रम सञ्चालन गर्ने परम्परा रहेको छ ।

दसैँपछिको नेपाल संवत्को कौलाथ्व द्वादशी र त्रयोदशीका दिन दुई दिनसम्म तःमुंज्या आयोजना गर्ने गर्दै आएको छ । यस वर्ष पनि नेपाल संवत् ११४६ को कौलाथ्व द्वादशी र त्रयोदशी अर्थात् वि.सं. २०८३ कार्तिक ६ र ७ गते तःमुंज्या हुँदै छ ।

**प्रेस विज्ञप्ति**

तःमुंज्याको अर्को विशेषता प्रत्येक वर्ष भक्तपुरका फरक-फरक टोल तथा समुदायमा कार्यक्रम आयोजना गर्नु पनि रहेको छ । यसले तःमुंज्यालाई कुनै एक स्थान वा समुदायमा मात्र सीमित नराखी भक्तपुरका विभिन्न क्षेत्रका जनतासम्म पुऱ्याउने अवसर प्रदान गरेको छ । यसले स्थानीय समुदायको सहभागिता बढाउनुका साथै सम्बन्धित टोलको कला, संस्कृति, परम्परा र सामाजिक जीवनलाई समेत तःमुंज्याको मूल प्रवाहसँग जोड्ने काम गरेको छ ।

तःमुंज्याको महत्त्वपूर्ण विशेषता सर्वसाधारण जनतालाई साहित्य र संस्कृतिसँगै सामाजिक विषयलाई प्रशिक्षित गर्नु हो । विगतका तःमुंज्याहरूमा सामाजिक असमानता, अन्याय, श्रमिक तथा किसानका समस्या, शिक्षा, स्वास्थ्य, भाषा तथा संस्कृतिको संरक्षण, राष्ट्रियता, सीमालगायत जनजीवनसँग सम्बन्धित विभिन्न विषय साहित्यिक रचना तथा वक्तव्यका माध्यमबाट आवाज उठाउँदै आएको छ । यसकारण, तःमुंज्यालाई नेपालभाषाको साहित्यिक कार्यक्रमका रूपमा मात्र नभई भक्तपुरको सामाजिक जीवनमा लामो समयदेखि निरन्तर सञ्चालन हुँदै आएको साहित्यिक, सांस्कृतिक तथा सामाजिक चेतनाको सार्वजनिक मञ्चका रूपमासमेत बुझ्न सकिन्छ ।

राजनीति देश र जनताको निःस्वार्थ सेवा गर्ने क्षेत्र हो । यो यथार्थलाई पनि तःमुंज्याले आत्मसात् गर्दै आएको छ । तःमुंज्याको दबुमा राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा साहित्य र सांस्कृतिक विधा एवम् मन्तव्यहरू प्रस्तुत हुँदै आएको छ । यस्तै साहित्य र मन्तव्य यस वर्षको तःमुंज्यामा पनि चालू हुनेछ । देशमा भएको आगजनी र विध्वंस तथा देश विदेशका प्रतिक्रियावादीहरूको कसरी दुरुत्साहन गरे, त्यसको भण्डाफोर गर्नेलगायत भर्खरै मात्र रसुवाको भोटेकोसीमा आएको हिमपहिरो र त्यसबाट पीडितका लागि समवेदनाका साहित्यहरू तःमुंज्याको दबुमा वाचन हुने हामीले विश्वास लिएका छौँ ।

यसैको सिलसिलामा ४६ औँ नेपालभाषा साहित्य तःमुंज्या तथा सांस्कृतिक ब्वज्याको प्रचारार्थ आयोजक समितिले विभिन्न गतिविधिलाई अगाडि बढाएको छ । तःमुंज्याको प्रथारार्थ यही असोज १७ गते शनिबार बिहान ७ बजेदेखि काठमाडौँ उपत्यकामा झन्डै ४० किलोमिटरको साइकल ऱ्याली हुँदै छ । त्यस्तै, तःमुंज्याकै प्रचारार्थ असोज २५ गते शनिबार घटस्थापनाको दिन भक्तपुर दरबारस्क्वायरमा साँझ ५ बजे बाँसुरी बाजा प्रदर्शनी हुनेछ भने तःमुंज्याको अघिल्लो दिन कार्तिक ५ गते दिउँसो ४ बजेबाट सुकुन्दा ऱ्याली हुने पनि जानकारी गराउन चाहन्छु ।

तःमुंज्याले नयाँ पुस्तालाई नेपालभाषामा लेख्न, लेख रचना सिर्जना गर्न र सार्वजनिक रूपमा आफ्नो प्रतिभा प्रस्तुत गर्न अवसर प्रदान गर्दै आएको छ । विशेषगरी प्रतियोगितात्मक साहित्य वाचनका माध्यमबाट नयाँ पुस्ताका लेखक, कवि तथा कलाकारलाई प्रोत्साहन गर्ने र उनीहरूलाई सार्वजनिक साहित्यिक गतिविधिसँग जोड्ने काम हुँदै आएको छ ।

नेपाल संवत् ११०० बाट सुरु भएको तःमुंज्या यस वर्ष ४६ औँ संस्करणमा प्रवेश गरेको छ । चार दशकभन्दा बढीको यस यात्रामा तःमुंज्याले विभिन्न कालखण्डका सामाजिक, सांस्कृतिक तथा साहित्यिक विषयलाई आफ्नो मञ्चमा स्थान दिँदै आएको छ ।

(यस वर्षको ४६ औँ नेपालभाषा साहित्य तःमुंज्या-२०८३ भक्तपुर नगरपालिका वडा नं. ७ याता, गोमारीमा आयोजना गर्ने तयारी भइरहेको छ । तःमुंज्याको मूल उद्घोष 'जनता म्वाःसा, भाषा म्वाई' लाई आत्मसात् गर्दै नेपालभाषा, साहित्य, कला, संस्कृति तथा सामाजिक चेतनासँग सम्बन्धित विविध कार्यक्रम सञ्चालन गरिनेछ ।)

तःमुंज्यालाई सफल बनाउन साहित्यकार, कलाकार, संस्कृतिकर्मी, युवा, विद्यार्थी, स्थानीय समुदाय, सञ्चारकर्मी तथा सम्पूर्ण भाषा-संस्कृतिप्रेमी महानुभावहरूको सक्रिय सहभागिता र सहयोगको अपेक्षा गरिएको छ ।

'जनता म्वाःसा, भाषा म्वाई' भन्ने मूल भावनाका साथ आयोजना हुन लागेको ४६ औँ नेपालभाषा साहित्य तःमुंज्याले नेपालभाषाको संरक्षण र विकाससँगै नयाँ पुस्तालाई आफ्नो भाषा, साहित्य, कला र संस्कृतिसँग जोड्ने तथा सामाजिक चेतना अभिवृद्धि गर्ने महत्त्वपूर्ण अवसर प्रदान गर्ने विश्वास लिइएको छ ।

४६ औँ नेपालभाषा साहित्य तःमुंज्या-२०८३ सफल पार्न सम्पूर्ण साहित्यकार, कलाकार, संस्कृतिकर्मी, युवा, विद्यार्थी, स्थानीय समुदाय, सञ्चारकर्मी तथा भाषा-संस्कृतिप्रेमी महानुभावहरूमा हार्दिक आह्वान गर्दछौँ ।

धन्यवाद !

***(४६ औँ नेपालभाषा साहित्य तःमुंज्या आयोजक समितिद्वारा बुधबार आयोजित पत्रकार सम्मेलनमा वाचित प्रेश विज्ञप्ति-सं)***

---

**चे ग्वेभारा...**

घाँटीमा घाउ । उनकै अघि अल्ब्रेन्टो ढले । गहिरो चोटबाट रगत बग्नुका साथै रगतै छाडेर मृत्यु कुर्दै थिए अल्ब्रेन्टो । चेले उनलाई एक्लो छाडेनन् । यस पुस्तकले उनी र उनीसँग जोडिएका कामरेडहरू र मानिसहरूसँग पनि भेट गराउँछ ।

सन् १९५७ सम्ममा उनी उत्कृष्ट गुरिल्ला योद्धा बन्न सफल भए साथै फिडेल क्याष्ट्रोले उनलाई उच्च श्रेणीको कमाण्डरमा बढुवा गरे । उनी बाटिस्टा शासनको क्रुरताविरुद्ध आगो ओकल्थे । बाटिस्टा र फिडेलका सेनाबिच भिन्नता थियो । बाटिस्टा सरकार आफ्नै सेनाप्रति निर्मम र अमानवीय थियो भने फिडेल बाटिस्टाकै कैदी सेनालाई पनि मानवीय व्यवहार गर्थे । त्यो भिन्नताले शत्रु सेना या कैदीमा पनि सकारात्मक परिवर्तन देखिएको प्रसङ्ग पुस्तकमा छ । त्यो भिन्नताले फिडेलको सङ्घर्ष, चे ग्वेभाराको लडाइँ विजयमा टुङ्ग्याउन सघायो । चे र फिडेलहरूलाई क्युवाली किसानहरूको साथ थियो । किसानहरू आफ्नो झुपडी र बस्तीमा गुरिल्ला सेना लुकाउने ठाउँ दिन्थे, हतियार बिसाउने आश्रय दिन्थे । क्युवाली किसानहरूको पूर्ण साथविना क्रान्ति सम्भव थिएन ।

फिडेल क्यास्ट्रोले चे ग्वेभाराको विषयमा यसो लेखेका छन् -"चे त्यस्तो व्यक्ति हुन् जसको सरलता, व्यवहार, स्वाभाविक आचरण, कामरेडी भावना, व्यक्तित्व, मौलिक स्वभावका कारण जो कोही पनि प्रभावित हुन्छन् । उनलाई मनपराउन उनको पृथक विशेषतासम्म पुग्नै पर्दैन । सबैभन्दा पहिला गुरिल्ला सेनाबिच एकजना डाक्टरको हैसियतले सबैसँग घुलमिल भए र त्यसपछि उनी एक उत्कृष्ट सेनाको रूपमा स्थापित भए । उनको सैन्य कौशल र चिन्तन बडो गज्जबको थियो । बन्दुक समाउँदै घाइते लडाकु सेनाको उपचार गराउँदै अगाडि बढेको चे ग्वेभारा नै क्रान्ति सफलताको सङ्केत थियो ।"

सियरा माइस्ट्रामा बाटिस्टाले हमला गर्दा घाइते गुरिल्ला सेना छोडेर भाग्नुपर्ने अवस्थामा पनि चे ग्वेभारा घाइते सेनासँगै बसे र शत्रुको प्रतिकार गरे तब त्यहाँ फिडेल थिएनन् । उनी शत्रुविरुद्ध जाइलाग्न अग्रमोर्चामा थिए । सियरा माइस्ट्राको त्यो पहाड र जङ्गलले उनलाई प्रभावशाली नेताको रूपमा हुर्कायो । निःस्वार्थ अरूको देशमा क्रान्तिको लागि जीवन समर्पण गर्नुलाई उनले आफ्नो जीवनको ध्येय बनाए । जस्तै कठिन परिस्थितिहरूसँग सामना गर्न उनी प्रतिबद्ध थिए । बाटिस्टा सेनाबाट फ्रान्क पाइसको हत्यापछि क्युवाली गुरिल्ला युद्धले अर्को मोड लियो । उनको हत्यापछि क्युवाली जनता अझ उत्साहसाथ बाटिस्टाको बर्बरताविरुद्ध लड्न तयार भए । फ्रान्क पाइ एक सर्वप्रिय जुझारु लडाकु थिए ।

सन् १९५८ मा चेले युद्धको एउटा महत्त्वपूर्ण मोर्चाको नेतृत्व गरेर सान्टा क्लाराको राजधानी कब्जा गर्ने चुनौतिपूर्ण काम गरे । त्यो घटनाले बाटिस्टाको शासन अन्त्यको शङ्खघोष गरेको थियो । चेको त्यो अगुवाइ र नेतृत्वका कारण बाटिस्टा पनि डराएर क्युवा छोडेको थियो । नभन्दै सन् १९५९ जनवरीमा क्रान्ति सफल भयो । त्यसपछि चे काबाना फोर्ट्रेसको कमाण्डरमा नियुक्त भए । त्यतिमात्र होइन क्युवाको केन्द्रीय बैङ्कको अध्यक्ष समेत बने । उनले दुई महिनाका लागि युरोप, अफ्रिका र एसियामा कूटनीतिक मिसनको नेतृत्व समेत गरे ।

क्युवाली क्रान्तिको मैदानमै एक जुझारु र सक्रिय अलाइद्रा मार्च तोरेससँग उनको भेट भयो । उनीसँगको पहिलो भेटमै अलाइडाले आफ्नो शरीरमा लुकाइराखेको ५० हजार पेसोज दिएकी थिइन् । नेतृत्वको निर्देशनअनुसार उनी चे ग्वेभाराको मातहतमा रहेर बाटिस्टा शासनविरुद्धको लडाइँमा सहकार्य गर्न आएकी थिइन् । सुरुमा चे ग्वेभाराले उनको आग्रह अस्विकार गरे र क्याम्पमै नर्सको जिम्मेवारीमा रहन आदेश दिए । अलाइडाले त्यसको प्रतिवाद गरिन् । "विगत दुई वर्षदेखि गुरिल्ला लडाकु बनेर काम गरेको अनुभव छ, म यहाँ नर्स होइन योद्धा बन्न आएकी हुँ" भन्ने अलाइडाको आक्रोश सुनेर चे ग्वेभारा उनीलाई आफ्नो स्वकीय सचिवसम्म बनाउने निधो गरेका थिए । सन् १९५९ जून २ मा उनले आफ्नो पहिलो श्रीमतीसँग छोडपत्र गरी हवानाकी छोरी अलाइडासँग विहे गरे ।

क्रान्तिपछि ल्याटिन अमेरिका, क्यारेवियाली देश र अफ्रिकी देशहरूमा चे ग्वेभाराको क्रान्तिकारी व्यक्तित्व र विचार प्रचार भयो । साम्राज्यवादविरुद्ध नेता चेको आक्रोश, क्रान्ति र समाजवादप्रति चेको समर्पण र गरिल्ला युद्धबारे चेको विचारको खुलेर प्रशंसा मात्र होइन आत्मसात हुन थाल्यो । विशेषतः क्रान्तिकारी गुरिल्ला युद्धबारे उनको धारणा विश्वको चासो बन्यो । साम्राज्यवाद र समाजवादबारे चेको धारणा र क्युवाली क्रान्तिपछि क्युवामा नेता चेको योगदानबारे पनि पुस्तकले चर्चा गरेको छ । त्यति मात्र होइन अफ्रिकामा चेको गुप्त मिसन र दुःखद निधनबारे पुस्तकमा सविस्तार छ । उनका कृति र उनको जीवनमा आधारित चलचित्रहरूबारे पनि पुस्तकले जानकारी दिन्छ । उनको जीवन समर्पण र योगदानबारे थप चर्चा अर्को अङ्कमा ।

---

# तःमुंज्या नयाँ-पुराना साहित्यकारको साहित्यमार्फत जनचेतना जगाउने उच्चकोटीको मञ्च

भक्तपुर । ४६ औँ नेपालभाषा साहित्य तःमुंज्या ग्वसाखल (आयोजक समिति) को आयोजनामा तःमुंज्याको उद्देश्य र हालसम्मको गतिविधिबारे जानकारी दिन असोज १४ गते पत्रकार सम्मेलन गरियो ।

उक्त सम्मेलनमा नेपाल मजदुर किसान पार्टी जिल्ला समिति भक्तपुरका अध्यक्ष एवं तःमुंज्याका पूर्वअध्यक्ष सुरेन्द्रराज गोसाईंले साहित्य तःमुंज्याको प्रचार प्रसारमा आ-आफ्नो स्थानबाट सहयोग गर्न आग्रह गर्दै तः मुंज्या नयाँ-पुराना साहित्यकारहरूको कथा, कविता, निबन्ध वाचन हुने, विभिन्न विज्ञहरूको आ-आफ्नो अनुभव जनतासमक्ष जानकारी दिने, ख्याल, नाटक, गीतमार्फत जनचेतना जगाउने उच्च कोटीको डबली भएको बताउनुभयो ।

बिहान ११ बजेदेखि राति १२ बजेसम्म दुई दिन सञ्चालन हुने उक्त साहित्य सम्मेलनमा साहित्य, संस्कृति, राजनीतिक, सामाजिक क्षेत्रमा योगदान गर्ने व्यक्तित्वहरूलाई सम्मान गर्दै आएको औँल्याउँदै उहाँले तःमुंज्या सम्मेलनमा नेपालभाषाबाहेक अन्य भाषाभाषीहरूको साहित्य र गीतलाई पनि स्थान दिँदै साझा सन्देश प्रदान गरिरहेको बताउनुभयो ।

उहाँले प्रत्येक वर्ष विभिन्न टोलमा हुँदै आएको उक्त साहित्यिक तथा सांस्कृतिक मञ्चमा देशमा घटेका घटनालाई आधार मानेर साहित्य, ख्याल, एकाङ्की र गीतमार्फत जनतालाई सुसूचित पार्दै आएको बताउनुभयो ।



नेपालभाषा साहित्य तःमुंज्याका अध्यक्ष आशाकुमार चिकंबजारले तःमुंज्या स्थापनाको उद्देश्यबारे चर्चा गर्दै तःमुंज्या श्रमजीवीवर्गको साहित्यिक, सांस्कृतिक, राजनीतिक चेतनास्तर उठाउने मञ्च हो भन्नुभयो । उहाँले भन्नुभयो, "जनतालाई सचेत पारेर भाषा, कला र संस्कृतिको संरक्षण र संवर्द्धन गर्नु साहित्य तःमुंज्याको उद्देश्य हो ।"

४६ औँ नेपालभाषा साहित्य तःमुंज्या ग्वसाखलःका अध्यक्ष उकेश कवांले विज्ञप्ति वाचन गर्दै भन्नुभयो, "नेपालभाषा साहित्य तःमुंज्या राजनीतिक र साहित्यिक दबु पनि हो । भक्तपुरमा नेपालभाषा, साहित्य, कला, संस्कृति तथा सामाजिक चेतनाको विकासको लागि निरन्तर आयोजना हुँदै आएको नेपालभाषा साहित्य तःमुंज्या यस वर्ष ४६ औँ संस्करणको रूपमा आयोजना हुँदै छ । नेपाल संवत् ११०० अर्थात् वि.सं. २०३७ सालदेखि निरन्तर हुँदै आएको तःमुंज्या यस वर्ष नेपाल संवत् ११४६ को अवसरमा भक्तपुर नगरपालिका वडा नं. ७ गोमारी, याताामा हुन गइरहेको छ ।"

उहाँले भन्नुभयो, "तःमुंज्याको प्रमुख उद्देश्य नेपालभाषाको संरक्षण, संवर्द्धन र विकास गर्नुका साथै नेपालभाषा साहित्य, कला तथा संस्कृतिको प्रवर्द्धन गर्नु हो । यसका साथै जनजीवनसँग सम्बन्धित सामाजिक विषयलाई साहित्य, कला र सांस्कृतिक प्रस्तुतिमार्फत जनताको चेतना बढाउने उद्देश्य तःमुंज्याले राख्दै आएको छ ।"

पत्रकार सम्मेलनमा बलराम गोसाईं र पुरुषोत्तम ग्वाछ्याले तःमुंज्याले गर्दै आएको गतिविधिबारे चर्चा गर्नुभएको थियो ।

कार्यक्रममा पत्रकारहरूले राखेका जिज्ञासाबारे अतिथि गोसाईंले प्रस्ट पार्नुभएको थियो ।

# जलवायु परिवर्तनबारे पुँजीवादी विचार

✍ जोन क्लार्क




विश्वले चरम हावापानीको सामना गर्दै छ। ठुला आँधीबेहरी, भूकम्प, बाढी, पहिरो, तापलहर आदिको मार झेल्दै छ। अर्थात, जलवायु परिवर्तन तीव्र बन्दै छ; मानव जीवन र जगतको यथार्थ तथ्य बन्दै छ। अब यसलाई अस्वीकार गर्न मिल्दैन।

जीवाश्म इन्धन कम्पनी र राजनीतिक नेतृत्व भने अर्कै धुनमा छन्। उनीहरू जमिनबाट भरसक बढी तेल र ग्यास उत्खनन गर्दै छन्; जलवायु परिवर्तनको मारलाई चर्काउँदै छन्। कार्बन उत्सर्जन बढ्दै जाँदा पृथ्वीमा बाँच्नलाई झन्झन् दुस्कर हुने पक्का छ।

पुँजीवादले हामीलाई सङ्कटको डिलमा धकेल्दै गर्दा प्रश्न उठ्छ, जलवायु परिवर्तनलाई पुँजीवादीहरूले कसरी हेर्छन्? तिनको नाफा थुपार्ने तलतलले विनाशकारी दुष्परिणाम ल्याउँदै गर्दा पुँजीवादका पक्षधरहरूले यसलाई कसरी हेर्छन्? आफ्ना जमघटहरूमा पुँजीवादीहरूले जलवायु परिवर्तनबारे के कुरा गर्छन्? मानव जातिको सम्मुख आइलागेको खतरालाई कसरी चित्रण गर्छन्?

**जलवायु अपराधीहरू**

विश्वका शासकहरूबीच डोनाल्ड ट्रम्पजस्ता जलवायु परिवर्तनलाई ठाडै अस्वीकार गर्ने मानिसको कमी छैन। तर, यसको अर्थ विश्वका ठुला पुँजीपतिहरू र तिनका धनाढ्य कर्मचारीहरू जलवायु परिवर्तनका दुष्परिणामबारे बेखबर छन् भन्न मिल्दैन। त्यसैले उनीहरूलाई जलवायु अपराधी भन्नु स्वाभाविक हो। आफ्नो कुकर्मले जलवायु विपत्ति ल्यारहेको छ भन्ने जान्दाजान्दै पनि आफ्नो धन्दा नरोकेको हुनाले उनीहरूलाई जलवायु अपराधी भन्नुपर्छ।

सन् २०१५ मा 'इन्साइड क्लाइमेट न्युज' मा एउटा रिपोर्ट छापियो। सो रिपोर्ट पढ्दा विश्वका ठुला बहुराष्ट्रिय कम्पनीमा गनिने 'एक्जोन कर्पोरेसन' जलवायु परिवर्तनको कुप्रभावबारे धेरै अघिदेखि जानकार रहेको थाहा हुन्छ। त्यस कम्पनीका वरिष्ठ वैज्ञानिक सल्लाहकार जेम्स ब्ल्याकले सन् १९७७ मा आफ्ना वरिष्ठ कर्मचारीहरूलाई एउटा विस्तृत प्रस्तुति दिएका थिए। त्यसबेला चेतावनीको स्वरमा उनले भनेका थिए, "विश्वले जीवाश्म इन्धनको प्रयोग गर्दा त्यसबाट उत्सर्जन हुने कार्बन डाइआक्साइडका कारण पृथ्वी तात्नेछ र त्यसले मानव जातिलाई खतरामा पार्नेछ।"

यसपछि एक्लोन कर्पोरेसनले जलवायु परिवर्तनको मुद्दामा थप छानबिन गर्ने समूह गठन गऱ्यो। त्यसले ब्ल्याकको निष्कर्ष सही भएको ठहर गऱ्यो। यसपछि कम्पनीले छानबिन बन्द गऱ्यो र यससम्बन्धी सूचनाहरू दबाउने नीति लियो। कम्पनीले आफ्नै वैज्ञानिकहरूले कुनै बेला पुष्टि गरेको विश्वव्यापी तापक्रम वृद्धिको तथ्य लुकाउन आफ्नो दलबल लगायो। पछिपछि अरू कम्पनीका पनि पोल खुल्न थाले। तिनले जीवाश्म इन्धनका असरहरूलाई सकेसम्म लुकाएको वा नगन्य देखाउन खोजेको भेटियो।

तेल र ग्यास कम्पनीहरूको यो धन्दामा सहयोग गर्ने सरकारहरूलाई पनि जलवायु परिवर्तनबारे धेरै अघिदेखि जानकारी थियो। जलवायु परिवर्तनले ल्याउन सक्ने खतराहरूको छानबिन गर्न सक्ने सबै संयन्त्र यी सरकारको हातमा थियो।

जलवायु परिवर्तनलाई राम्ररी बुझ्ने कतिपय नेता पनि नभएका होइनन्। क्यानडाका प्रधानमन्त्री मार्क कार्ने एक उदाहरण हुन्। उनको कार्यकालमा जीवाश्म इन्धनको उत्पादनमा ठुलो तीव्रता आयो। राष्ट्रसङ्घको जलवायुसम्बन्धी विशेष दूत हुनाले यसका दुष्परिणामको उनलाई जानकारी छ।

पर्यावरणमा दखल राख्ने धेरै समाजवादी लेखकहरूले पुँजीवादी व्यवस्थासँग जोडिएको जीवाश्म इन्धनको नाफाजस्ता मुद्दाका विभिन्न पक्ष केलाएका छन्। कसरी यो नाफाको लोभमा पुँजीवादले जलवायु परिवर्तनमार्फत जीवनलाई धरापमा पारेको छ भनेर विश्लेषण गरेका छन्। 'एन्थ्रोपोसिन युगमा पुँजीवाद' नामक आफ्नो पुस्तकमा जोन बेलामी फोस्टरले पुँजीवाद, जीवाश्म इन्धन र जलवायु परिवर्तनका विभिन्न पक्ष खोतलेका छन्। छोटो समयमै अकूत नाफा कमाउने र लगातार धन सङ्ग्रह गरिरहने लोभले झूटो र भ्रामक (पुँजीवादी) विचार र प्रणालीलाई मलजल गरिरहेको उनको तर्क छ।

यो त विरोधी खेमाको तर्क भयो। तर, पुँजीवादका दलाल र बुद्धिजीवीहरूले नै जलवायु परिवर्तनको मुद्दालाई कसरी हेर्छन् भनी जान्नु यहाँनिर उपयोगी हुन सक्छ। जलवायु परिवर्तनले ल्याएका दुष्परिणामलाई कसरी तिनले ढाकछोप गर्न खोजे भन्ने कुरा हामीले चर्चा गरिसकेका छौँ। त्यो सङ्कटलाई बेलैमा रोक्न सार्थक पाइला चाल्नुपर्छ। पुँजीपतिहरूले कसरी यस्तो प्रयासलाई रोक्न खोजेको पनि देखियो। लाग्छ, सङ्कट एकदम चरम अवस्थामा पुगेपछि र त्यसले असाध्यै गम्भीर असर पार्न थालेपछि मात्र पुँजीवादीहरू केही गर्न बाध्य हुनेछन्। स्थिति त्यहाँ पुगिसकेको छ।

छोटो समयमै अकूत नाफा कमाउने तलतलले गर्दा जलवायु परिवर्तनमा तिव्रता आएको छ। यसको रौद्र रूपले गर्दा पुँजीवादीहरूले ठुलो जोखिम झेल्दै छन्। लगानीका कतिपय क्षेत्रमा चाँडै विकराल असर पर्ने देखिन्छ।

'ग्रिन सेन्ट्रल ब्याङ्किङ' पुँजीवादलाई स्वीकार्य हुने जलवायु समाधानको पक्ष लिने संस्था हो। सो संस्थाले चेतावनी दिँदै भन्यो, "जलवायु परिवर्तनले बीमा बजारमा प्रभाव पार्ने छ। यो प्रभावलाई संस्थागत रूपमै कम आँकिएको छ। तर, यसले वित्तीय स्थिरता र (बीमा प्रणालीमा आधारित) जोखिमपूर्ण सेवामा गहिरो असर पार्नेछ।" चरम हावापानी, डढेलो, बाढीलगायत क्षेत्रमा गरिने बीमा अहिले जोखिममा पर्ने देखिन्छ। घरजग्गा कारोबार, पर्यटनलगायत क्षेत्र पनि अछूतो छैन। वातावरणीय विपत्तिका कारण जीवाश्म इन्धन उत्खनन गर्ने भौतिक पूर्वाधार पनि जोखिममा पर्न थालेका छन्।

पुँजीवादी स्वार्थमा पुगेका यस्ता धक्काका धेरै उदाहरण पढ्न पाइन्छ। झिनो स्वरमा सही यस्ता चेतावनी सुनिँदै छ। तर, कार्बन उत्सर्जन घटाउन लागि तर्कसङ्गत योजनाहरू कार्यान्वयन गर्ने प्रयास उति देखिन्न। त्यसका लागि आवश्यक स्रोतसाधनको चाँजो मिलाएको पनि पाइन्न। यसको अर्थ नाफामा आधारित (पुँजीवादी) व्यवस्थाले विश्व तापक्रम वृद्धिका अनिवार्य असरलाई कम गर्ने ल्याकत राख्दैन।

**लगानीका अवसरहरू**

पुँजीवादी तप्काबाट संयम अपनाउनुपर्ने निम्छरा सुझाव पनि नसुनिएका होइनन्। तर, यस्ता सुझावलाई एकातिर पन्छ्याएर लगानीका अवसरहरू खोज्ने प्रवृत्ति बढ्दै छ। जब कि यो प्रवृत्तिले पृथ्वीमा झन् ठुला खतरा ल्याउने स्पष्ट छ। गत अगस्ट महिनामा 'इन्भेस्टोपेडिया' मा एउटा लेख छापियो। लेख भन्छ, "आँधीबेहरी जस्ता विनाशकारी घटनाहरू बढ्दा व्यक्ति र विभिन्न कम्पनीले करोडौँ डलरको क्षति व्यहोर्नुपर्ने हुन सक्छ। तर, केही व्यवसाय लाभमा जान पनि सक्छन्।"

त्यस लेखमा ठुलो सङ्ख्यामा मानिसहरू मर्दा र विकराल विनाश निम्तिँदासमेत फाइदा लिन सकिने लगानीका अनेक क्षेत्रबारे चर्चा गरिएको थियो। छिटो निर्णय गर्नसक्ने लगानीकर्ताको मनोदशा बदल्न र कम्पनीको सेयर मूल्य बढाउन सकिने सम्भावनाबारे लेखमा उल्लेख थियो।

जलवायु सङ्कट बढेको खण्डमा सबैभन्दा बढी नाफा लिन सकिने क्षेत्र जलवायु परिवर्तनको प्राविधिक समाधान हुन सक्छ। उच्च प्रविधि कम्पनीले 'हरित पुँजीवाद' को नाममा वातावरण जोगाउन सकिने झूटो आश्वासन बेच्न सक्छन्। क्यानडाको एक संस्था 'एन्भाइरन्मेन्टल डिफेन्स' ले भनेको छ, "जीवाश्म इन्धन उद्योगले कुनै गतिलो काम गरिहाल्यो भने पनि त्यो आफैले सिर्जना गरेको समस्याको झूटो समाधान बेच्ने काम हुनेछ।"

लेखमा कार्बन संश्लेषण तथा भन्डारण प्रविधि (सिसिएस) बारे चर्चा गरिएको थियो। यो प्रविधिले एउटा झूटो वाचा गर्छ। 'कार्बन उत्सर्जनलाई कुनै भ्याकुमले सोस्ने र गहिरो स्थलमा लगेर गाड्ने' लोभ देखाउँछ। 'इन्भाइरन्मेन्ट डिफेन्स' को तर्क छ, "यो एकदम घातक भ्रम हो। जनताको अरबौँ डलर हसुरेर झन् बढी प्रदूषण गर्ने र अझ पनि दशकौँसम्म जीवाश्म इन्धनको व्यापार गर्ने खेल हो।"

जलवायु सङ्कटको प्राविधिक समाधान दिने 'सिसिएस' को खेल विफल भइसकेको छ। सन् २००० यता क्यानडामा हुने उत्सर्जनको जम्मा ०.०००४ प्रतिशत उत्सर्जनमात्र प्राविधिक रूपमा संश्लेषण गर्न सकिएको छ। अझ 'सिसिएस' प्रविधिबाट भण्डारण गरिएको कार्बनको झन्डै ८० प्रतिशत हिस्सा फेरि पनि इन्धन उत्पादन गर्न प्रयोग भइरहेको छ। यस्तो कार्बनलाई पुनः तेलखानीहरूमा भण्डारण गरिन्छ। तेल र ग्यास उद्योगहरूले ठुल्ठुला दाबी गर्छन्। जलवायु सङ्कट समाधान गरिरहेको डिङ हाँक्छन्। तर, स्थिति उल्टो छ। यो प्रविधिले जीवाश्म इन्धन उद्योगको आयु लम्ब्याउनेबाहेक अर्को काम गरेको छैन।

कार्बन उत्सर्जन घटाउन नसकेको मात्र होइन, जलवायु सङ्कट झन्झन् बढाइँदै छ। जनताको पैसाजति ठुलो प्रविधि कम्पनीहरूलाई खुवाइँदै छ। तर, असर घटेको होइन। झन् कष्टकर बन्दै छ। जलवायु सङ्कट टार्ने नाममा महँगा समाधानको पैरवी गर्दै उनीहरू जलवायु अपराधीहरू झन् ठुला धनकुवेर बन्दै छन्।

सन् २०२४ मा 'सिबिसी' मा एउटा रिपोर्ट छापियो। रिपोर्टमा 'विलासी बङ्करहरू' को चर्चा थियो। संसारका ठुला धनकुवेरहरूले विलासी बङ्करहरू बनाउँदै छन्। जलवायु सङ्कट खप्नै नसक्ने स्थितिमा पुग्दा आफू बाँच्नका लागि उनीहरूले जमिनमुनि यस्ता पूर्वाधार बनाइरहेको खबर छ। रिपोर्ट भन्छ, "मार्क जुकरबर्ग 'मेटा' कम्पनीका कार्यकारी प्रमुख हुन्। विश्वका ठुला धनकुवेरमध्ये एक हुन्। उनले प्रशान्त महासागरमा पर्ने हवाइ टापुमा १० करोड डलर खर्च गरेर आफ्नो लागि विपत्तिमा बाँच्ने आवास बनाउँदै छन्। त्यहाँ एउटा भूमिगत बङ्कर पनि छ। यो बङ्करले ५ हजार वर्गफिट क्षेत्रफल ओगट्छ। भित्ताहरू कंक्रिटका छन् भने भाग्नलाई एउटा गुप्त बाटो पनि बनाइएको छ।"

जुकरबर्गको यो तामझाम अनौठो छ। तर, यो काममा उनी एक्ला छैनन्। 'विलासी बङ्कर' निर्माण गर्नु धनकुवेरहरूको प्रवृत्ति बनिसकेको छ। सन् २०२३ को वर्ष यो ट्रेन्ड ह्वात्तै बढेको थियो। क्यालिफोर्नियामा रहेको 'भिभोस' यस्तै 'बङ्कर शरण' दिलाउने कम्पनी हो। 'सिबिसी' को रिपोर्ट भन्छ, "यसप्रकारको समाधानमा रुचि लिने र पैसा लगाउनेहरूको सङ्ख्या प्रतिवर्ष २ हजार प्रतिशतका दरले बढ्दै छ।"

पुँजीपति, तिनका पुँजीवादी सङ्घ-संस्था र कारिन्दाहरूले जलवायु परिवर्तनलाई भित्रभित्र स्वीकारेको देखिन्छ। तर, समाधानको सवालमा भने तिनले नाफा आउँछ कि आउँदैन भनी हेरिरहेको पाइन्छ। उनीहरूको यही नग्न लोभले आजको समाजलाई गाँजेको छ। आत्मघाती बौलाहटको रजाइँ छ। मानव जातिको आवश्यकता भने यसको ठिक उल्टो छ। पुँजीपतिहरूको यो अमानवीय रुचि रन्थनाउने खालको छ।

विश्वका कामदार जनता भागेर लुक्नका लागि संसारमा कहीकतै 'विलासी बङ्कर' छैन। अर्कोतर्फ जलवायु सङ्कटलाई रोक्न उति ठुलो पाइला पनि चालिएको छैन। बरु सङ्कट चर्काउने खेलो चल्दै छ। हाम्रो अस्तित्व हाम्रो सामूहिक सङ्घर्षका भरमा छ। त्यसैले पुँजीवादको जलवायु मास्ने खेलोविरुद्ध सङ्घर्ष गर्नुपर्छ। एउटा न्यायपूर्ण र दिगो समाजवादी समाजको निर्माण गर्नुको विकल्प छैन।

(लेखक जोन क्लार्क 'गरिबीविरुद्ध ओन्टारियो हातेमालो' नामक संस्थामा सक्रिय छन्। यो संस्था सन् १९९० मा स्थापना गरिएको थियो। पुँजीवादले तारो बनाएका गरिब समुदायहरूको हितार्थ यो संस्था क्रियाशील छ।)

*स्रोत : एमआर अनलाइन। सम्यक*







# विकास अगाडि बढाउन, राजनीतिक विश्वास निर्माण गर्न र विश्वव्यापी संस्थालाई सुधार गर्न ब्रिक्स सम्मेलनमा जोड

✍ फ्रान्सिस्को जोसे लिआन्ड्रो

पछिल्लो ब्रिक्स शिखर सम्मेलन वर्षको सबैभन्दा परिणाममुखी कूटनीतिक घटनाहरूमध्ये एक भएको छ, जसले अन्तर्राष्ट्रिय सम्बन्धको भावी प्रक्षेपणलाई प्रभाव पार्न उदीयमान शक्तिहरूको बढ्दो भूमिकालाई उजागर गर्दछ। भू-राजनीतिक तनाव, आर्थिक अनिश्चितता, प्राविधिक अवरोध र विश्वव्यापीकरणप्रति बढ्दो आशङ्काले चिन्हित भएको समयमा, शिखर सम्मेलनले विकासलाई अगाडि बढाउन, विविध कलाकारहरूबिच राजनीतिक विश्वास निर्माण गर्न र विश्वव्यापी शासन संस्थाहरूमा सुधारहरू प्रवर्द्धन गर्ने ब्रिक्सको सामूहिक महत्त्वाकांक्षालाई पुन: पुष्टि गर्‍यो। अझ महत्त्वपूर्ण कुरा, यसले ग्लोबल साउथ अब विश्व मामिलाहरूमा परिधीय अभिनेता होइन बरु अन्तर्राष्ट्रिय प्रणालीको प्राथमिकता र मापदण्डहरू परिभाषित गर्ने बढ्दो प्रभावशाली र बलियो शक्ति बनेको छ।




ब्रिक्सको महत्त्व यसको आर्थिक वजनभन्दा बाहिर फैलिएको छ। अहिले विश्वको जनसङ्ख्या, आर्थिक उत्पादन र प्राकृतिक स्रोतहरूको ठूलो हिस्सा प्रतिनिधित्व गर्ने समूहको रूपमा ब्रिक्स एउटा प्लेटफर्मको रूपमा विकसित भएको छ जसको माध्यमबाट उदीयमान र विकासशील देशहरूले साझा सरोकारहरू व्यक्त गर्न र महत्त्वपूर्ण अन्तर्राष्ट्रिय मुद्दाहरूमा स्थितिहरू समन्वय गर्न सक्छन्। यसोगर्दा, ब्लकले विश्वव्यापी निर्णय प्रक्रियामा आफ्नो प्रभाव बढाउनमात्र नभई अझ बढी प्रतिनिधि र सन्तुलित अन्तर्राष्ट्रिय व्यवस्थामा योगदान पुर्‍याउन पनि खोज्छ।

शिखर सम्मेलनको सबैभन्दा उल्लेखनीय उपलब्धिमध्ये एक राजनीतिक विश्वास निर्माणमा जोड थियो। रणनीतिक प्रतिद्वन्द्वी, बढ्दो संरक्षणवाद र बहुपक्षीय संस्थाहरूमा घट्दै गएको विश्वासले विशेषता भएको युगमा ब्रिक्सले विभिन्न राजनीतिक प्रणालीहरू, आर्थिक मोडेलहरू र क्षेत्रीय हितहरू भएका राज्यहरूबिच वार्तालापको सहजकर्ताको रूपमा आफूलाई कायम राखेको छ। सहयोगका लागि साझा प्रतिबद्धता कायम राख्दै विविधतालाई समायोजन गर्ने समूहको क्षमतालाई यसको प्रमुख शक्तिको रूपमा हेरिन्छ। अझ महत्त्वपूर्ण कुरा, ब्रिक्सभित्र राजनीतिक विश्वासले परिवर्तनकारी आयाम प्राप्त गरेको छ। वैचारिक अभिसरण वा सुरक्षा प्रतिबद्धताहरूमा आधारित परम्परागत गठबन्धनहरू विपरीत, ब्रिक्सले एकरूपताको सट्टा विविधताबाट अर्थपूर्ण सहयोग सिर्जना हुनसक्छ भनी देखाउँछ।

राजनीतिक विश्वासको रूपान्तरणकारी प्रकृति पनि अन्तर्राष्ट्रिय सम्बन्धको फोकसलाई प्रतिस्पर्धाबाट सहकार्यमा सार्ने क्षमतामा निहित हुन्छ। दिगो वार्ताका लागि ठाउँहरू सिर्जना गरेर, ब्रिक्सले सदस्य राष्ट्रहरूलाई विकास, वित्तीय सुशासन, प्राविधिक सहयोग, जलवायु कार्य र विश्वव्यापी सुरक्षाजस्ता क्षेत्रमा साझा चासोहरू पहिचान गर्न सक्षम बनाउँछ। यस प्रक्रियाले साझा मान्यता र अपेक्षाहरूको क्रमश: निर्माणमा योगदान पुर्‍याउँछ, भूराजनीतिक तनावको अवधिमा पनि सहयोगको लचिलोपनलाई बलियो बनाउँछ।

ग्लोबल साउथमा शिखर सम्मेलनको फोकस पनि उत्तिकै महत्त्वपूर्ण थियो। नेताहरूले अन्तर्राष्ट्रिय मामिलामा विकासोन्मुख देशहरूको स्वरलाई बढावा दिन र दोस्रो विश्वयुद्धपछि देखा परेको शक्ति वितरणको सट्टा विश्वव्यापी शासन संरचनाले समसामयिक वास्तविकताहरू प्रतिबिम्बित गर्ने कुरा सुनिश्चित गर्नको लागि जोड दिए। यो सन्देश अफ्रिका, ल्याटिन अमेरिका, एशिया र मध्यपूर्वका केही भागहरूमा दृढतापूर्वक प्रतिध्वनित हुन्छ, जहाँ अन्तर्राष्ट्रिय संस्थाहरूमा ठूलो प्रतिनिधित्वको माग तीव्र भएको छ। ब्रिक्सको विस्तार आफैँमा थप समावेशी अन्तर्राष्ट्रिय प्रणालीको लागि यो व्यापक आकाङ्क्षा प्रतिबिम्बित गर्दछ जसमा विकासशील देशहरूले विश्वव्यापी नियम र मापदण्डहरूलाई आकार दिन अझ अर्थपूर्ण रूपमा सहभागी हुन सक्छन्।

विकास शिखर सम्मेलनको एजेन्डाको केन्द्रबिन्दु रह्यो। सदस्य राष्ट्रहरूले दिगो आर्थिक वृद्धि, गरिबी न्यूनीकरण, औद्योगीकरण, पूर्वाधार विकास, प्राविधिक सहयोग र मानव पुँजी निर्माणमा आफ्नो प्रतिबद्धता नवीकरण गरेका छन्। विकास भनेको आर्थिक उद्देश्यमात्र नभई राजनीतिक स्थायित्व, सामाजिक एकता र दीर्घकालीन समृद्धिको पूर्वशर्त हो भन्ने साझा बुझाइलाई छलफलले झल्काउँछ। कनेक्टिभिटी, लगानी, नवप्रवर्तन र क्षमता निर्माणलाई प्राथमिकता दिएर, ब्रिक्सले विश्वव्यापी अर्थतन्त्रको विशेषता बनाइरहने संरचनात्मक असमानताहरूलाई कम गर्दै ग्लोबल साउथमा विकासका मार्गहरूलाई सुदृढ पार्न खोज्छ।

सायद शिखर सम्मेलनको सबैभन्दा रणनीतिक आयाम विश्वव्यापी संस्थाहरूको सुधारसँग सम्बन्धित थियो। शिखर सम्मेलनको अन्तिम घोषणाले बहुपक्षीय प्रणालीको आधारशिलाको रूपमा संयुक्त राष्ट्र सङ्घको केन्द्रीय भूमिकालाई दृढतापूर्वक पुष्टि गरेको छ। यद्यपि, यसले यो पनि जोड दियो कि संयुक्त राष्ट्रको प्रभावकारिता र वैधताका लागि सुरक्षा परिषदभित्र लगायत अर्थपूर्ण सुधारहरू आवश्यक छ। ब्रिक्स सदस्यहरूको लागि, एक सुधारिएको सुरक्षा परिषदले २१ औं शताब्दीको भूराजनीतिक यथार्थलाई राम्रोसँग प्रतिबिम्बित गर्नुपर्दछ र विकासोन्मुख देशहरूलाई अझ बढी प्रतिनिधित्व प्रदान गर्नुपर्दछ।

सबैभन्दा नजिकबाट हेरिएको मुद्दाहरूमध्ये आर्थिक लचिलोपनमा जारी छलफल थियो। यद्यपि ब्रिक्स नेताहरूले अमेरिकी डलरलाई प्रमुख विश्वव्यापी रिजर्भ मुद्राको रूपमा प्रतिस्थापन गर्ने वकालत गरेनन्, तिनीहरूले व्यापार, लगानी र वित्तीय लेनदेनमा स्थानीय मुद्राको प्रयोग विस्तार गर्न आफ्नो प्रतिबद्धतालाई पुन: पुष्टि गरे। यो दृष्टिकोणले विद्यमान मौद्रिक प्रणालीलाई उल्टाउने क्रान्तिकारी प्रयासको सट्टा आर्थिक लचिलोपनलाई बलियो बनाउने व्यावहारिक प्रयासलाई झल्काउँछ। यो तर्क लेनदेन लागत घटाउने, विनिमय दरको अस्थिरताको जोखिमलाई सीमित गर्ने र विकासशील अर्थतन्त्रहरूको वित्तीय स्वायत्तता बढाउने इच्छामा निहित छ।

शिखर सम्मेलनको अर्को उल्लेखनीय पक्ष भनेको ब्रिक्सभित्र संस्थागत निर्माणमा जोड दिइएको थियो। सदस्यता विस्तार र नीतिगत समन्वय गहिरिएर, ब्रिक्सले राजनीतिक घोषणाहरूलाई प्रभावकारी शासन संयन्त्रमा रूपान्तरण गर्ने चुनौती झन्झन् बढ्दै गएको छ। यसैले सन् २०२७ मा चीनको अध्यक्षताको तयारीलाई विद्यमान पहलहरूलाई सुदृढ गर्ने, संस्थागत क्षमता सुदृढ गर्ने र आर्थिक, प्राविधिक, वित्तीय र कूटनीतिक क्षेत्रहरूमा सहयोग बढाउने अवसरका रूपमा प्रस्तुत गरिएको थियो।

अन्तत:, शिखर सम्मेलनले देखायो कि ब्रिक्स उदीयमान अर्थतन्त्रहरूको गठबन्धनको रूपमा आफ्नो मौलिक पहिचानभन्दा बाहिर विकसित हुँदैछ। यसले संवादलाई बढावा दिन, विश्वासलाई सहज बनाउन, विकास प्रवर्द्धन गर्न र विश्वव्यापी शासन संरचनामा सुधारहरूको वकालत गर्न सक्षम राजनीतिक प्लेटफर्मको रूपमा आफूलाई बढ्दो रूपमा स्थान दिइरहेको छ। आन्तरिक विविधता र फरक राष्ट्रिय प्राथमिकताहरूसहित महत्त्वपूर्ण चुनौतीहरू बाँकी रहे पनि, शिखर सम्मेलनले थप समावेशी, प्रतिनिधि र लचिलो अन्तर्राष्ट्रिय व्यवस्थालाई आकार दिने समूहको सङ्कल्पलाई उजागर गर्‍यो। कूटनीतिक जमघटभन्दा अगाडि बढेर १८ औं ब्रिक्स शिखर सम्मेलनले एक शक्तिशाली विचारलाई पुन: पुष्टि गर्‍यो: विकास, विश्वास निर्माण र संस्थागत सुधारहरू अब ग्लोबल साउथको परिधीय मागहरू होइनन्, तर स्थिर, प्रतिनिधि र दिगो अन्तर्राष्ट्रिय व्यवस्थाको निर्माणका लागि मुख्य आवश्यकताहरू हुन्।

*(लेखक युनिभर्सिटी अफ मकाउ, चीनका एसोसिएट प्रोफेसर हुन्।)*
*- पिपल्स डेली अनलाइनबाट*
**अनुवाद : प्रकाश**

# प्रविधिमा चीन- 'विश्वको कारखाना' मात्र रहेन, अब 'मुख्यालय' पनि

✍ जुमार्ट ओटोरबायेभ

वैश्विक विद्युतीय उद्योग संरचनात्मक परिवर्तनको चरणमा प्रवेश गर्दै छ। दुई दशकभन्दा बढी समय चीन विश्वको प्रमुख उत्पादन केन्द्रका रूपमा रह्यो। यसमा आपूर्तिकर्ता, दक्ष जनशक्ति, पूर्वाधार, लजिस्टिक र इन्जिनियरिङ क्षमताको अतुलनीय केन्द्रीकरणले सघाउ पुर्‍यायो। तथापि, यो चिनियाँ प्रभुत्व अहिले केही खुकुलो हुँदै गएको छ। तर, यसलाई चिनियाँ उत्पादन क्षेत्रको पतनका रूपमा अर्थ्याउनु गल्ती हुनेछ। चीनले आफ्ना उत्पादन प्रक्रियाका केही अंश बाहिर पठाउँदै गर्दा सबैभन्दा महत्त्वपूर्ण औद्योगिक क्षमता भने आफैँसँग सुरक्षित राखेको छ।

'बोस्टन कन्सल्टिङ ग्रुप (बिसिजी)'का अनुसार, सन् २०१७ यता विदेशमा उत्पादन गर्ने चिनियाँ (मूलभूमि चीन, ताइवान र हङकङका समेत जोडेर) इलेक्ट्रोनिक्स उत्पादकको हिस्सा १२ प्रतिशतबाट बढेर ५६ प्रतिशत पुगेको छ। बिसिजीले आफ्नो विश्लेषण ५० करोड अमेरिकी डलरभन्दा बढी वार्षिक आम्दानी भएका ९४२ सेयर बजारमा सूचीकृत कम्पनीको (जसमा चीनमा मुख्यालय भएका ३१४ कम्पनी पनि समावेश छन्) तथ्याङ्क अनुसन्धान गरेर तयार पारेको हो। यो एक उल्लेखनीय परिवर्तन हो।

सन् २००० को दशकको सुरुदेखि २०१० को दशकको मध्यसम्म, कैयौँ बहुराष्ट्रिय कम्पनीले उत्पादन खर्च घटाउन चीनका प्रमुख औद्योगिक क्षेत्रबाट उत्पादन गर्ने कार्यलाई बढावा दिए। लागत कटौतीका लागि त्यसबेला चीनको सस्तो श्रमशक्तिले महत्त्वपूर्ण भूमिका खेलेको भए पनि यसको वास्तविक फाइदा भने उत्पादनसम्बन्धी 'इकोसिस्टम' (पारिस्थितिक प्रणाली) सानो क्षेत्रमै केन्द्रीकृत हुनुमा निहित थियो।

यसले 'इकोनोमिज अफ स्केल' (ठूलो परिमाणमा उत्पादन गर्दा आउने न्यून लागत खर्च) र सञ्चालनगत दक्षता सिर्जना गर्‍यो। यसको बराबरी गर्न थोरै मात्र अन्य सक्षम भए। सन् २०१७ यता बढ्दो भन्सार महसुल, निर्यातमा कडा नियन्त्रण र संवेदनशील प्रविधिको कडा निगरानीले यो समीकरणलाई परिवर्तन गरिदिएको छ। चिनियाँ सामानमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले लगाएको उच्च भन्सार महसुलको उद्देश्य चिनियाँ उत्पादनमाथिको निर्भरता घटाउनु र उत्पादनलाई अमेरिका फर्काउन बाध्य पार्नु थियो। तर, यसले चिनियाँ कम्पनीलाई तेस्रो मुलुकमा उत्पादन क्षमता स्थापना गर्न प्रेरित गरिदियो, विशेषत: भन्सार छल्न सकिने उद्देश्यले।

त्यही समय दक्षिणपूर्वी एसियाली देश, भारत र मेक्सिकोले चिनियाँ उत्पादकलाई आकर्षित गर्न कर छुट, अनुदान, औद्योगिक क्षेत्र र अन्य उपाय उपलब्ध गराउन थाले। चिनियाँ कम्पनीले पनि आफ्नो उत्पादन संयन्त्रलाई विभिन्न देशमा विविधीकरण गर्नुलाई भन्सार महसुल, निर्यात प्रतिबन्ध र अचानक आउने अवरोधविरुद्धको सुरक्षा उपाय (बिमा)का रूपमा हेर्न थालेका छन्। तर, यसको अर्थ चीनलाई पूर्ण रूपमा त्याग्नु भन्नेचाहिँ होइन। धेरै अवस्थामा चिनियाँ कम्पनीले सबै कुरा चीनमै उत्पादन गरेर अन्तिम एसेम्बलीमात्र अन्य देशमा स्थानान्तरण गरिरहेका छन्।

मेसिनका पार्टपुर्जा, अत्यावश्यक सामग्री, मेसिनरी र इन्जिनियरिङ विशेषज्ञता चीनमै उत्पादन भइरहेका छन्। यसले 'हब-एन्ड-स्पोक' मोडेल उत्पादन गरिरहेको छ, 'हब (केन्द्र)' चीन नै रहन्छ, स्पोक (केन्द्रसँग जोड्ने)हरूमा भियतनाम, मलेसिया, थाइल्यान्ड, भारत, मेक्सिको र अन्य देशमा फैलिएका छन्। बिसिजीको अनुमानअनुसार दक्षिणपूर्वी एसियामा विस्तार भइरहेकामध्ये लगभग ७६ प्रतिशत चिनियाँ निर्माताले भियतनाम, थाइल्यान्ड वा मलेसियालाई गन्तव्य रोजिरहेका छन्।

भियतनाम इलेक्ट्रोनिक्स एसेम्बलीका लागि बढ्दो रूपमा महत्त्वपूर्ण बन्दै गएको छ, उता मलेसिया सेमिकन्डक्टरको परीक्षण र प्याकेजिङमा सबल बन्दै गएको छ, भारतले विशाल घरेलु बजार सम्भावना प्रदान गर्छ भने मेक्सिकोले संयुक्त राज्य अमेरिकाको निकटताको फाइदा लिएको छ। तर, यी सबै नयाँ क्षेत्र चिनियाँ आपूर्ति शृङ्खलासँग गहिरो रूपमा जोडिएका छन्।

सबैभन्दा परिणामात्मक विकास इलेक्ट्रोनिक्सभन्दा बाहिर हुन सक्छ। चीनको औद्योगिक रणनीति श्रमविभाजनसँग उपयुक्त छ, जसमा उन्नत अनुसन्धान, इन्जिनियरिङ, प्राविधिक नवप्रवर्तन र परिष्कृत उत्पादन घरेलु रूपमा केन्द्रित रहन्छ। साथमा यसले केही चुनिएका उत्पादनमा चरण अन्तर्राष्ट्रिय रूपमा वितरण गर्छ। यो चीनको औद्योगिक भूमण्डलीकरणको अर्को चरणको मूल विशेषता बन्न सक्छ। उत्पादनलाई चीनमा केन्द्रित राख्नुको सट्टा, बेइजिङले उत्पादन प्रविधि, मेसिनरी, पार्टपुर्जा, मापदण्ड, इन्जिनियरिङ क्षमता र आपूर्ति-शृङ्खला सम्बन्धमाथिको नियन्त्रण बढी महत्त्वपूर्ण हुन्छ। यो उत्पादन शक्तिको मौलिक रूपमा फरक अवधारणा हो। पुरानो मोडेलले उद्योग कहाँ छ भन्ने आधारमा औद्योगिक शक्ति मापन गर्‍यो। उदीयमान मोडेलले भने औद्योगिक क्षमतालाई पारिस्थितिक प्रणालीलाई कसले नियन्त्रण गर्छ भन्ने आधारमा मापन गर्छ।

यो प्रक्रियाले एक अस्पष्ट विडम्बना बोकेको छ। वासिङ्टनले चिनियाँ उत्पादनमाथि भन्सार बढाएर र प्रविधिमाथिको चिनियाँ पहुँचलाई नियन्त्रण गरेर विश्वव्यापी उत्पादनमा चीनको भूमिका घटाउन खोज्दै छ। तर, जवाफमा चिनियाँ उद्योगलाई सम्भावित राजनीतिक जोखिम घटाउन धेरै क्षेत्रमा उत्पादन सञ्जाल निर्माण गर्न प्रेरित गरेको छ। चिनियाँ कम्पनीले यदि दक्षिणपूर्वी एसियाली देश, भारत, मेक्सिको र अन्य बजारमा उत्पादन सुविधासँग चिनियाँ अनुसन्धान तथा विकास, मेसिनरी र इन्जिनियरिङसँग जोड्न सके भने त्यसले कुनै एकल देशको व्यापार नीतिको लागि कम जोखिमपूर्ण उत्पादन प्रणाली सिर्जना गर्न सक्छ।

तथापि, यसको मतलब चिनियाँ उत्पादन प्रभुत्व कसैगरी पनि तोडिन्न भन्ने होइन। प्रतिस्पर्धीले समयक्रममा आफ्नै आपूर्तिकर्ता पारिस्थितिक प्रणाली, प्रविधि र औद्योगिक क्षमता विकास गर्नेछन्। प्रतिस्पर्धा अझ बढ्ने निश्चित छ। तथापि, अहिलेको सङ्केत भने स्पष्ट छ- विश्वव्यापीकरण कहीले भनेजस्तो अन्त्य हुँदै छैन। बरु यसले तीव्र गतिमा नयाँ रूप लिँदै छ। चीनले 'विश्वको कारखाना' का रूपमा रहेको आफ्नो पुरानो भूमिका त्याग्दै छैन। बरु, यसले आफूलाई रूपान्तरण गर्दै छ। यो त अहिले नवप्रवर्तन र विकासको विश्वव्यापी केन्द्र (मुख्यालय) बन्दै गइरहेको छ। उत्पादन क्षमता विभिन्न देशमा छरिएर जान सक्ने भए पनि औद्योगिक मस्तिष्क' भने चीनमै रहेको छ।

*(ओटोरबायेभ किर्गिज गणतन्त्रका पूर्वप्रधानमन्त्री हुन्। साउथ चाइना मर्निङ पोस्टबाट)*

# चे ग्वेभारा : एक क्रान्तिकारी योद्धा

✍ **समा**




*"एउटा क्रान्तिकारी जीवन विरासतको नाम- चे ग्वेभारा।*
*विश्व युवा मनहरूको प्रिय नाम- चे ग्वेभारा॥"*

आफ्नो जीवनकालमा मात्र होइन यो युगले पनि अर्नेष्टो ग्वेभारा डेला सेर्नालाई यसरी नै सम्बोधन गर्छ। विश्व इतिहासको एक प्रभावशाली व्यक्तित्वको रूपमा यसरी नै स्मरण गर्छ। सन् २००० को जनवरीमा टाइम्स मेगेजिनले लेखेको थियो -"बिसौँ शताब्दीको सबैभन्दा प्रभावशाली सय व्यक्तित्वमध्ये चे ग्वेभारा पनि एक हुन्।" त्यस्तै गरी प्रख्यात फोटोग्राफर अल्बर्टो कोर्डाले खिचेको "GuerrilleroHeroico" नामको चेको फोटोलाई विश्वविख्यात फोटो र २० औँ शताब्दी प्रतिकको संज्ञा दिइएको थियो। उनको नाम, उनको विचार र क्रान्तिकारी भावना, मानिसले मानिसमाथि गर्ने शोषणविरुद्ध उनको आक्रोश २० औँ शताब्दीको आवाज थियो भने २१ औँ शताब्दीका लागि प्रेरणा र मार्गदर्शन बन्यो। साम्राज्यवाद विरोधी उनको सङ्घर्ष, समाजवादप्राप्तिको निम्ति उनको बलिदानी २० औँ शताब्दीका निम्ति एउटा लडाइँ थियो भने २१ औँ शताब्दी र नयाँ युगका लागि महत्त्वपूर्ण अपिल बन्यो। उनले बाँचेको जीवन र उनले रोजेको मृत्यु यो शताब्दीका निम्ति प्रेरणाको गीत बनेको छ। रिचार्ड एल ह्यारिसले लेखेको पुस्तक "चे ग्वेभाराको जीवनी" 'A BiographyMChe Guevara' ले यही भन्छ। यही पुस्तकको परिधिमा रहेर चे ग्वेभाराको जीवन, व्यक्तित्व, सङ्घर्ष र योगदानबारे सङ्क्षिप्त चर्चा गरौँ !

चे ग्वेभाराले आफ्नो व्यक्तित्वबाट सन् १९६० र १९७० को दशकलाई नै चकित पारेका थिए। एकताका मेक्सिकोका राजनीतिक लेखकले (जो सन् २००० बाट २००३ सम्म मेक्सिकोको परराष्ट्र मन्त्री थिए) लेखेका थिए -"६० को दशकमा हाम्रो अस्तित्वका लागि हामी केही आकर्षक र देखिने मान्छेहरूप्रति मात्र कृतज्ञता जनाउँदै छौँ। वास्तवमा यो समय चे ग्वेभारा विना कल्पना बाहिर छ, वास्तवमा आभारको हकदार उनी ज्यादा हुन्।" त्यो समयमा उनको शानदार जीवन आकृति क्रान्तिको प्रतीक बन्यो। सामाजिक न्यायका निम्ति उठेको प्रतिकार युद्धको उभार बन्यो उनको जीवन। आफ्नो युगमा त उनी हजारौँ हजार मानिसहरूका निम्ति अनुकरणीय व्यक्तित्व थिए नै' आजको समयले पनि उनलाई रोल मोडल मान्न छोडेको छैन। उनी त्यस्ता व्यक्ति हुन् जो आफ्नो सिद्धान्त र आत्मसम्मानको लागि बाँचे जसले त्यसैको लागि जीवन बलिदान गरे। उनको मृत्युको ५ शताब्दीपछि पनि उनी शोषित पीडित जनता, युवा क्रान्तिकारीहरू, प्रगतिशील बुद्धिजीवी, सामाजिक अभियन्ता, क्रान्तिकारी, गुरिल्ला लडाकुको मन र सम्पूर्ण विश्वका न्यायपूर्ण आन्दोलनहरूमा बाँचेका छन्।

क्युवाली क्रान्तिमा नेता चेको योगदान बेजोडको थियो। क्युवाली जनताको गुरिल्ला युद्धदेखि सत्ता प्राप्तिसम्मको लडाइँमा चे क्युवाली जनतासँगै उभिए। क्युवाली क्रान्तिको सफलतापछि नयाँ समाजवादी देश क्युवाको उनले नेतृत्व गरे। त्यतिमात्र होइन सम्पूर्ण ल्याटिन अमेरिकामा क्युवाली शैलीको समाजवादी क्रान्ति विस्तार गर्न दत्तचित्त भई उनी अगाडि बढे। त्यसकारण आज पनि सिङ्गो ल्याटिन अमेरिकाभर उनी त्यो क्षेत्रमा सामाजिक क्रान्तिको प्रतीकको रूपमा पुजिन्छ। उनले ल्याटिन अमेरिकामा अमेरिकी साम्राज्यवादको प्रभुत्वविरुद्ध सङ्घर्ष गरे। ल्याटिन अमेरिकी जनतामाथि संरा अमेरिकाको राजनीतिका सामाजिक र आर्थिक दमनको खुलेर विरोध गरे। आर्थिक सहयोग र डलरको माध्यमबाट ल्याटिन अमेरिकालाई आफ्नो तखतमा राख्न खोज्ने संरा अमेरिकालाई ल्याटिन अमेरिकामा प्रवेश नदिन आह्वान गरे। क्युवाली समाजवादलाई समृद्ध बनाउँदै ल्याटिन अमेरिकाका अन्य देशहरूमा समाजवादी आन्दोलन सफल बनाउनु नेता चेको सपना थियो। संरा अमेरिकाको दमनकारी विदेश नीति, जातीय विभेद र साना देशहरूमाथि वडाराष्ट्र अहङ्कारवादी नीति, साना देशका जनतालाई दास बनाउने मानसिकताविरुद्ध उनी लडे। ल्याटिन अमेरिकामा बढ्दो सामाजिक असमानाता, गरिबी, राजनीतिक भ्रष्टाचारको फाइदा संरा अमेरिका उठाउँदै थियो त्यसकारण त्यो बेथिति अन्त्यको निम्ति समाजवादी क्रान्तिको विकल्प छैन भन्थे नेता चे। मेक्सिको, बोलिभिया, इक्वेडर, निकारागुवा, भेनेजुयला, पुर्टोरिकोलगायतका देशहरूमा भएका स्वतन्त्रता आन्दोलन र न्यायपूर्ण सङ्घर्षहरूमा नेता चेको विशेष चासो र सहभागिता थियो। त्यसकारण ल्याटिन अमेरिका र क्यारोबियाली देशहरू आज पनि नारा लगाउँछन् -"CheVive चे जिन्दावाद।"

चेको जीवनले एक साधारण व्यक्ति कसरी क्रान्तिकारी योद्धा बन्न सक्दछ भन्ने गज्जबको दृष्टान्त दिन्छ। अर्जेन्टिनामा जन्मेर मेक्सिको हुँदै क्युवाली क्रान्ति जितेर बोलिभियामा आफ्नो ३९ वर्षको जीवन बलिदान गर्ने उनलाई सङ्घर्षको बाटो हिँड्ने प्रेरणा कहाँबाट मिल्यो ? यो प्रश्नको ऐतिहासिक परिस्थिति, समाज र सेरोफेरो, सामाजिक मनोवैज्ञानिक तत्त्वहरूमाथि धेरै - धेरैले अध्ययन गरेको भेटिन्छ। यस पुस्तकले पनि यो विषयमा धेरथोर चर्चा गरेको छ। अध्ययन र पेशाले मेडिकल डाक्टर चेले आफ्नो स्टेथेस्कोप बिसाएर बन्दुक किन समाते ? उनको जीवन आफै यो प्रश्नको जवाफ बन्यो।

क्रान्ति सबैभन्दा माथि हुन्छ। उनले दिएको जीवन सन्देश यही हो। 'क्रान्ति या मृत्यु', 'समाजवाद या मृत्यु' को युद्धमा बन्दुक बोक्नु समयको आवश्यकता थियो। युद्धमैदानमा घाइते कामरेड र गुरिल्लाहरूको उपचारसँगै शत्रु परास्त गर्ने हतियार उठाउने अन्तर्राष्ट्रवादी डाक्टर थिए चे ग्वेभारा। पुस्तकले उनलाई चिनाउनुका साथै ल्याटिन अमेरिकाको इतिहास, अर्थतन्त्र, राजनीति र सामाजिक समस्याबारे चर्चा गर्छ।



चे ग्वेभाराको जन्म माता सेलिया डिलासेर्ना र पिता अर्नेष्टो ग्वेभारा ल्यान्चको कोखबाट सन् १९२८ जून १४ का दिन अर्जेन्टिनाको रोसारियामा भएको थियो। सम्पन्न परिवारमा जन्मिएका उनको दम रोग पत्ता लागेपछि मातापिताले अर्जेन्टिनाको अल्टा ग्रासियामा बसाइँ सर्ने निर्णय गरे। उनकी माताले उनलाई सानैमा घरैमा पढाइन्। उनले अल्टा ग्रासियाबाट प्राथमिक तहको शिक्षा र सान्टिआगो कोर्डोबाबाट माध्यमिक तहको शिक्षा हासिल गरे। सन् १९४६ मा उनले माध्यमिक तहको पढाइ सकाए। उनका दुई दाजुभाइ दुई दिदीबहिनी थिए। चे ग्वेभारा सानैदेखि खेलाडी स्वभावका थिए। हरसमय निकै सक्रिय रहन्थे।

चे ग्वेभारा एउटा बेग्लै राजनीतिक वातावरणमा हुर्किए। उनका आमाबुबा स्पेनको गृहयुद्धमा वामपन्थी गणतन्त्रवादीहरूका पक्षधर थिए। उनको परिवार कट्टर नाजी विरोधी थिए। उनका बुवा नाजीविरोधी सङ्घर्षसँगै जोडिएका थिए भने पछि युवावस्थामै चे नाजीविरोधी युवा सङ्गठनमा संलग्न भए। दोस्रो विश्वयुद्धको समयमा चेकी आमा युद्धका पीडितहरूको सहयोगमा जुटेकी थिइन्। युरोपमा फासीवादको उदय र विस्तारविरुद्ध निर्मम विरोध गर्नेहरूमध्ये उनको परिवार पनि एक थियो।

सानैमा चेले आफ्नो बुबाको पुस्तकालयबाट ग्रीक साहित्य, मार्क्सवाद र मार्क्सवादी साहित्यका पुस्तकहरू छानेर पढ्न थालेका थिए। आफ्नो बाल्यकालमै पाएको यो वातावरणले उनलाई क्रान्तिको दिशामा मार्गनिर्देश गरेको अनुभूति हुन्छ।

उनको सक्रिय बाल्यकालको एउटा दुःख या अभिशाप भने दम रोगको आक्रमण थियो। पटकपटकको आक्रमणविरुद्ध उनले एउटा कविता लेखेका थिए -

गोली र त्यो गोलीले के गर्न सक्छ मलाई
जब मेरो नियति नै डुबेर मर्नु छ भने।
तर, म मेरो नियतिलाई परास्त पार्छु।
*इच्छशक्तिले नियतिलाई परास्त पार्न सक्दछ।*
*हो, मृत्यु स्विकार्य छ*
*गोली छातीमा थापेर, सङ्गीन थापेर।*
*अन्यथा, मलाई मृत्यु स्विकार्य छैन।*
*डुबेर मर्ने नियति मञ्जुर छैन।*
*म लड्दा लड्दै मरूँ।*
*मेरो नाम लडाइँ भूमिमा अमर होस्॥*

यो कविता उनले सन् १९४७ मा लेखेका थिए अर्थात् उनको मृत्युको २० वर्षअघि।

उनी उच्च शिक्षा इन्जिनियरिङ विषयमा गर्न चाहन्थे। तर, उनका प्रिय हजुरआमाको कष्टकर मृत्यु र आफ्नो रोगको उपचारका विधिको उत्सुकताले उनलाई चिकित्सा क्षेत्र डोऱ्यायो। सन् १९४७ मा सुरु गरी सन् १९५३ मा उनले बुइनस आइरिस विश्वविद्यालयमा चिकित्सा शिक्षा पुरा गरे। मेडिकल पढ्दै गर्दा नै उनले मोटरसाइकलबाट सम्पूर्ण उत्तरी अर्जेन्टिना घुमिसकेका थिए। त्यति मात्र होइन बोलिभिया, पेरु, इक्वेडर, पानामा, कोस्टारिका र ग्वाटेमाला भ्रमण सम्पन्न गरिसकेका थिए। मेडिकल अध्ययनकै दौरान उनले ६ महिना समुद्रको तेल ट्याङ्करहरूमा नर्सको काम पनि गरे। सन् १९५२ मा उनी र उनका साथी अल्बर्टो ग्रेनाडोले ल्याटिन अमेरिका भ्रमणका लागि मोटरसाइकल यात्रा सुरु गरेका थिए। त्यसको स्मरण १९९३ मा "मोटरसाइकल डायरी" को रूपमा प्रकाशित भयो। त्यस्तै २००४ मा त्यही पुस्तकमा आधारित चलचित्र निर्माण भयो।

ल्याटिन अमेरिकाको यात्राले उनलाई विभाजित र दरिद्र ल्याटिन अमेरिकाको दुःख बोध गरायो। मानवमाथिको शोषण, गरिबी, जातीय विभेद र दूरदराज अर्थात् कुनाकाप्चाका मानिसहरूको साँचो पीडाबारे जानकारी मिल्यो। उनको संस्मरण माटरसाइकल डायरी भन्छ -"ल्याटिन अमेरिकाको भ्रमणले मेरो राजनीतिक चेतना फराकिलो बन्यो। सामाजिक अन्याय र शोषणको पराकाष्ठा भोगिरहेको ल्याटिन अमेरिकालाई जोगाउन के गर्ने भन्ने चिन्तनको क्षितिज उघारियो। समाजवादी आन्दोलन र क्रान्तिको अध्ययन सुरु गरियो।" उनले त्यही यात्रामा ल्याटिन अमेरिकी जनताको दुःखको कारण संरा अमेरिकी साम्राज्यवाद हो भन्ने अनुभव गरे। उनी सानैमा प्रगतिशील विचार राख्थे। देशभक्ति, साम्राज्यवाद र अमेरिकाविरोधी भावना अझ बलियो बन्यो। मार्क्सवादी बन्नुभन्दा अगाडि नै मार्क्सवादी साहित्य र समाजवादी चिन्तनबाट प्रभावित चेले ल्याटिन अमेरिकी जनतामाथि शोषणको अन्त्यको बाटो सङ्घर्ष या क्रान्ति मात्र हो भन्नेमा प्रतिबद्ध बने। उनले कतै लेखेका छन् -"चिकित्सा विज्ञान पढ्नु मेरो रोजाइ थियो। त्यो छनोट मेरो व्यक्तिगत फाइदा र सफलतासँग जोडेर हेरेको थिएँ। पछि थाहा पाएँ मेरो अध्ययनले सिँगो मानवजातिको सेवा गर्न सकिने रहेछ। मैले मेरो व्यक्तिगत सफलताभन्दा मानवजातिको हित रोज्नुपर्छ।"

सन् १९५४ मा ग्वाटेमालाको अर्बेन्ज सरकारलाई सीआईएको भाडाको शक्तिले हत्याएपछि चे ग्वेभारा मेक्सिको गए। मेक्सिको शहरमै उनले नेता फिडेल क्यास्ट्रो र राउल क्याष्ट्रो भेटेका थिए र क्युवाली क्रान्तिको जुलाई २६ आन्दोलनसँग जोडिए। सन् १९५६ को अन्तिम हप्ता क्युवाका लागि मेक्सिको छोडी जुलाई २६ आन्दोलनमा भाग लिन पुगेका ८२ सदस्यहरूमध्ये चे ग्वेभारा एक थिए। त्यही वर्ष उनी सियरा माइस्ट्रा पहाडहरूमा निरङ्कुश बाटिस्टा सरकारविरुद्ध खडा गरिएको क्रान्तिकारी सैन्य मोर्चामा जोडिए। जुलाई २६ को आन्दोलनका निम्ति नोभेम्बर ३०, १९५६ मा सान्तियागो डि क्युवामा पुलिस र सेना भगाउन ठूलै हमला गरिएको थियो। ओरियन्ट प्रदेश ग्रान्मामा बस्ने योजना मुताबिक फिडेल, चे र ८२ जवान गुरिल्ला सेना अघि बढेको थियो। कार्यतालिकाबमोजिम नहुँदा अचानक जहाजमा तेल सकियो, जहाज १५ माइल वर नै रोकियो। ठूल्ठूला हातहतियारहरू लिएर हिँड्न सम्भव भएन। शत्रुबाट बच्न उनीहरूले हिलो माटोमा २ घन्टा पौडी खेल्नुपर्यो। उनीहरू पुग्नुपर्ने ग्रान्मा नजिक बाटिस्टा सरकारले सेना तैनाथ गरेको थियो। त्यसकारण, दिनको उज्यालोमा यात्रा गर्न सम्भव थिएन। जङ्गलमा रातको प्रतिक्षामा रहेका फिडेलहरूमाथि बाटिस्टा सरकारले अचानक आक्रमण गर्दाको परिस्थिति भयानक थियो। धेरैजसो कामरेडहरू मारिए, केहीलाई बन्दी बनाइयो र सारा हातहतियार हडप्यो। चे ग्वेभारा, फिडेल, राउल क्याष्ट्रो र अन्य १२ जना मात्र सियरा मायस्ट्राको बाटो लाग्न सफल भए। चे ग्वेभारालाई घाँटीमा गोलीको घाउ लागेको थियो। तर उनले आफ्नो मेडिकल सामग्रीको बाकस जङ्गलमै छाडेका थिए।

उनले एउटा निबन्धमा लेखेका छन् -"त्यो जङ्गलमा पहिलो पटक म दुविधामा परेँ। चिकित्सा विज्ञानप्रतिको मेरो समर्पण या क्रान्तिकारी सेना हुनुको कर्तव्य ? के चुन्ने ? म अलमलमा परेँ। मेरो पैताला नजिक औषधी उपचारको बाकस र हातहतियारको थेली दुवै थियो। त्यो दुइवटै बोक्न सक्ने स्थितिमा म थिइनँ। मैले औषधी उपचार बाकस छोडेर हातहतियार उठाएँ र त्यहाँबाट बुट्यानको जङ्गल पार गर्दै अगाडि बढेँ।" उनीसँगै इमिलिओ अल्ब्रेन्टोसा पनि थिए। अचानक गोली चल्यो। उनले आफ्नो छातीमा गोलीको झट्का महसुस गरे र

***बाँकी पृष्ठ ८ मा***



# पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराको पक्राउले देखाएको दृश्यभित्रको अदृश्य कहानी



रामप्रसाद प्रजापति, अधिवक्ता

अनुशासित समाजमा सामान्य मानिसले पनि सामान्यतया गल्ती गर्दैन । गल्ती गरी हालेमा तुरुन्तै सच्याई हाल्छ, सल्याउन ढिलाइ गर्दैन ।

तर उपद्रो गरेर सत्तामा पुगेको सरकारसँग हामीले के आशा गर्ने ? अनुशासनहीन समाजलाई नियन्त्रण र नियमन गर्न नै कानुन निर्माण गरिने हो ।

तपाईँ चढ्दै जानु भएको मोटरसाइकल र अर्को मोटरसाइकल एक आपसमा ठोकियो भने तपाईँ के गर्नुहुन्छ ? तपाईँ कस्तो समाजमा हुनुहुन्छ भन्ने कुरा तपाईँले आफूले वा अर्को मोटरसाइकल चालकले देखाउने व्यवहारबाट पत्तो पाउन सक्नुहुन्छ । देहायअनुसारका प्रश्नहरूमध्ये एउटा अवस्था सृजना हुन सक्छ :
चुपचाप जानुहुन्छ ? वा,
रिसाउनुहुन्छ र कसरी चलाएको भनी हप्काउनुहुन्छ ? वा,
ट्राफिक प्रहरीलाई बोलाउनुहुन्छ, चौकी जानुहुन्छ र कानुनबमोजिम गर्नुहुन्छ ? वा,
एक आपसमा कसको गल्ती भो ? कस्ले कसलाई कति क्षतिपूर्ति वा मर्मत गर्ने भन्नुहुन्छ ? वा,
एकले अर्कोसँग माफी माग्नुहुन्छ ? र आ-आफ्नो बाटो लाग्नुहुन्छ ? वा,
एक अर्कासँग माफी माग्नुका साथै आवश्यक सहयोग गर्नुहुन्छ ?

हो, तपाईँको जवाफ जति तल लेखिएका प्रश्नको अवस्थामा पुग्नुहुन्छ नि । समाज त्यति अनुशासित छ भन्ने बुझ्न सकिन्छ ।

आज हामी यहाँ गत हप्ता बालेन सरकारले आत्तिएर रातारात पक्राउ गरी अपराध अनुसन्धान कार्यालय, टेकु काठमाडौँको हिरासतमा राखी केही घण्टाभित्र थुना मुक्त गरिएका पूर्व प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा 'पक्राउ काण्ड' का सम्बन्धमा छलफल गर्दै छौं ।

पक्राउ गर्नैपर्ने अवस्था आएको भए किन छोड्नु ? हामी सबैको मनमा यही अनुत्तरित प्रश्न उठेको छ ।

संयुक्त राष्ट्रसङ्घको ८१ औं महासभामा सहभागी भई गत शनिबार दिउँसो मात्रै स्वदेश फर्किएका प्रधानमन्त्री बालेन्द्र (बालेन) शाहले त्रिभुवन विमानस्थलबाट सोझै बालुवाटार पुगेर एउटा यस्तो 'गोप्य अपरेसन' को निर्देशन दिएको बताइन्छ ।

जसमा बालेन सरकार सफल भए कि भएन उनैलाई थाहा होला । तर, नेपाली जनताको आँखामा बालेन सरकारले यस्तो एउटा स्टन्टबाजी देखाए जसले धेरैलाई तर्सायो, सबक सिकायो तर अनुशासित समाज बनाउन सिकाएन ।

गृह मन्त्रालय र प्रहरीको उच्च नेतृत्वलाई समेत सुइँको नदिई सोझै उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एसएसपी सन्तोष खड्कामार्फत मध्यराति पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरालाई उनको निवासबाटै 'उठाइयो' । १०/१२ घण्टा लामो समय प्रहरी नियन्त्रण र बयानपछि जबरालाई छाडियो ।

बालेन सरकारलाई सुरुमा सर्वोच्च अदालतको रोलक्रम भङ्ग गर्दै प्रधानन्यायाधीशको वरीयता मिच्ने, सपना प्रधान मल्ललाई रोक्ने बारेमा कुनै चासो नभएको बताइन्छ । विगतमा दलगत पृष्ठभूमि जोडेर कुरा गरिए पनि न्यायाधीशका रूपमा प्रधानले गरेको कार्यसम्पादन, अनि समग्र विषयवस्तुमा सरकार तथा पार्टी प्रवेश गर्न नहुनेमा उनी स्पष्ट नै थिए ।

तर यसैबिच चोलेन्द्र शम्शेर जबराको प्रवेश भएको र सुशासनका प्रश्नमै महाभियोग खेपेपछि लामो समय एकान्तवासमा रहेका पात्र चोलेन्द्र जबराले सुशासनकै नारामा उदाएको रास्वपालाई "हाम्रो पार्टी" भन्न थालेको र आफूलाई भावी राष्ट्रपतिका रूपमा प्रस्तुत गर्ने गरेको बताइन्छ ।

**चोलेन्द्र पक्राउमा सरकारको स्पष्टीकरण**

जबरा निवासबाटै अदालतका फैसला किनबेच हुनेदेखि सत्तापलटसम्मका 'ब्लुप्रिन्ट' तयार भइरहेको ठोस प्रमाण हात पारेपछि बालेनले चालेको भनिएको चोलेन्द्र पक्राउका प्रमुख कारण निम्नबमोजिम रहेको बताइन्छ ।

१, आइतबार रिहा भइसकेपछि समेत चोलेन्द्र जबराले मिडियाको सम्पर्कमा आउन र प्रतिक्रिया दिन अस्वीकार गरे । जबरा नबोले पनि घटना र कारणहरू खोतल्दै जाँदा रवि लामिछाने र बालेन शाहबिचको छद्म लडाइँसम्म पुगेको जानकारहरू बताउँछन् । रास्वपाका यी दुई नेताहरूबिच आज विश्वास जति छ, त्योभन्दा बढ्ता आशङ्का बढ्दो छ । यी नै कारणहरूको श्रृङ्खलामा चोलेन्द्रशम्शेर जबरा ठोकिन आएको चर्चा छ ।

२, पछिल्लो समय सर्वोच्च अदालतका कतिपय आदेश, न्यायपालिकाका नियुक्ति र जनविश्वास उड्ने खालका फैसलाहरूको मस्यौदा महाराजगन्जस्थित जबरा निवासमै तयार हुन थालेको सूचना प्रधानमन्त्रीको सचिवालयमा पुगेको, आर्थिक लेनदेनमा फैसलाको किनबेच भइरहेको प्रमाण सरकारले सङ्कलन गरिसकेको भनिएको छ । चोलेन्द्र पक्राउमार्फत प्रधानमन्त्रीले न्यायालयलाई धम्की दिएका छन् कि "अदालतभित्रका गतिविधि सरकारको नजरबाट लुकेका छैनन्, ट्र्याक नसच्चिए थप निर्मम कदम चालिनेछ ।"

३, नेपालमा यसअघि कुनै बेला केपी ओलीले विघटन गरेको संसद् ब्युँताएर देउवालाई प्रधानमन्त्री बनाउन परमादेशको आदेश दिन यी नै चोलेन्द्रशम्शेर जबरा अहिले ओलीका राजनीतिक दस्तावेज लेख्न व्यस्त छन् । भित्रभित्रै जबरा र ओलीबिच संसद् पुन:स्थापना गराउने र त्यो सम्भव नभए सडक आन्दोलनबाट सरकार ढाल्ने 'सेटिङ' भइरहेको भनिन्छ । सोहीअनुसार ओलीले असोजको केन्द्रीय समिति बैठकबाट संसद् पुन:स्थापनालाई सडक सङ्घर्षको एजेन्डा बनाउने निर्णय गराइसकेका थिए । बालेन सरकारले चोलेन्द्र पक्राउमार्फत जे पनि गर्न सकिने सन्देश दिन खोजेको देखिन्छ ।

४, गगन थापाको नेतृत्वमा काङ्ग्रेस अगाडि बढेपछि रक्षात्मक बनेका शेरबहादुर देउवा अदालतको सेटिङमार्फत पार्टीमा पुनरागमन गर्ने दाउमा रहेको बताइन्छ । चोलेन्द्रकै सेटिङमा सर्वोच्च अदालतले नेपाली काङ्ग्रेसको मान्यतासम्बन्धी विवादको मुद्दा फेरि ब्युँताउनुको मुख्य कारण यही भएको बताइन्छ । जबरालाई १२ घण्टा नियन्त्रणमा राखेर बालेनले देउवालाई सन्देश दिन खोजेको देखिन्छ ।

५, डा. मनोजकुमार शर्मा प्रधानन्यायाधीश बनेयता महाराजगन्ज (जबरा निवास) बाट न्यायिक चलखेल अत्यधिक बढेको बताइन्छ । शर्मालाई प्रधानन्यायाधीश बनाउन आफ्नै भूमिका रहेको दाबी गर्ने चोलेन्द्रशम्शेर जबराले न्यायिक मामिलामा चरम हस्तक्षेप बढाएको बताइन्छ । चोलेन्द्र पक्राउसँगै वर्तमान प्रधानन्यायाधीश शर्मालाई पनि पख्लास् भनी औला ठड्याएको बताइन्छ ।

६, पछिल्लो समय रवि लामिछानेको टिम र जबराबिच पनि बाक्लो हिमचिम बढेको गुप्तचर रिपोर्ट रहेको बताइन्छ । गगन थापालाई रोक्नेदेखि अदालतका नियुक्ति र फैसलाहरू आफ्नो स्वार्थअनुकूल बनाउन रविको टिमले चोलेन्द्रलाई प्रयोग गरिरहेको बताइन्छ । रविका दूतहरू खटिएर जबरासँग म्याराथन बैठक चलिरहेको सूचना पाएका बालेनले चोलेन्द्र पक्राउसँगै रवि लामिछानेको कोर टिमलाई पनि खबरदारी गरेको बताइन्छ ।

"वर्तमान प्रणाली र सरकारलाई फालेर आफ्नै नेतृत्वमा अन्तरिम सरकार बनाउने महत्त्वाकाङ्क्षा चोलेन्द्रशम्शेर जबरामा देखिएको र त्यसका लागि उनले विभिन्न शङ्कास्पद व्यक्तिहरूसँग शृङ्खलाबद्ध भेटवार्ता गरेको र अदालतका मुद्दामा आर्थिक लेनदेनसहितको हस्तक्षेप गरेको प्रमाणपछि मात्रै प्रधानमन्त्रीले चोलेन्द्र पक्राउको कदम चालिएको एक उच्च सुरक्षा अधिकारीले नाम नबताउने सर्तमा भनेको हिमालपोष्ट डट कमले लेखेको छ ।

यसरी आफ्नो सत्ता स्वार्थका लागि हिजोका सरकारहरूले जस्तो हर्कत देखाउने गरेका थिए, अहिलेको सरकारले पनि त्यही मार्ग अवलम्बन गरेको देखिन्छ ।

के ती हर्कटहरूले नेपाली समाजलाई अझै अनुशासित गर्नेतर्फ अग्रसर बनाउँछ ? के चोलेन्द्र पक्राउले तर्सिएकाहरू बाहेकका मानिसहरूले 'ए यस्तो पनि गर्न सकिने रहेछ' भनेर सिक्दैनन् ? के एक दिन बालेन आफै पक्राउ परे अब हामी आश्चर्य मान्छौँ ?

सरकार सबैको अभिभावक हो भनिन्छ, अभिभावकले नै मोबाइल चलाउँदै गर्दा केटाकेटीलाई 'गृहकार्य गर ! मोबाइल, टिभि नहेर' भनेको सजिलै मानेर अनुशासित एवं असल नागरिक तयार हुन्छ ?

**अनुशासित समाज निर्माण गरौं !**

हो, सरकार निकै निर्दयी हुनुपर्छ : भ्रष्टाचारीका विरुद्ध, तस्करीका विरुद्ध, देशद्रोहीका विरुद्ध, जघन्य अपराधीहरूका विरुद्ध ।

तर डाडु पन्यु, हात हतियार सबै आफ्नो जिम्मामा लिएका सरकारले तँ अपराधी होस् पनि भन्ने अनि आफ्नोविरुद्ध नबोल्ने बाचा वा बन्धनमा पारेपछि विभिन्न बहानामा छोड्ने गर्न पाइन्न । यस्तो सौदाबाजी त सौदाबाजले गर्छ सरकारले गर्दैन ।

बिनाप्रमाण, बिनाकारण चोलेन्द्रलाई १२ घण्टा थुनामा राखेर सुरक्षा सङ्कटका कारण अपराध अनुसन्धान कार्यालयमा राखेको भन्न पाइँदैन ।

बिनासबुद प्रमाण, बिनाआधार १२ घण्टा होइन, १२ सेकेन्ड पनि थुन्न पाइँदैन । चोलेन्द्रले गरेको अपराधका कारण थुनामा राखेको मात्र होइन, फाँसी चढाउन आवश्यक हो भने त्यो पनि सरकारले निडरतापूर्वक गर्न सक्छ, गर्न पर्दछ ।

साथै चोलेन्द्र शमशेर जबरा यो देशको सामान्य नागरिक मात्र होइन, केही समयअघिसम्म नेपालको सर्वोच्च अदालतमा प्रधानन्यायाधीश भएका व्यक्ति पनि हुन् । उनी जस्तो उच्च ओहदामा पुगेका मानिसहरू नै अनुशासित छैनन् भने उनीहरूलाई अनि प्रतिनिधिसभा, राष्ट्रिय सभा जस्तो जनताको प्रत्यक्ष प्रतिनिधित्व गर्ने सङ्घसंस्थाहरूमा सांसद बन्ने, मन्त्री प्रधानमन्त्री बन्ने, उपकुलपति, राजदूतहरूको मात्र होइन, हामीले आज कुरा गर्दै गरेको नेपाली समाज, सर्वसाधारण कामगरी खाने व्यापक नेपाली श्रमिक, मजदुर र किसानको अवस्था के होला ?

सरकारले श्रमिक, मजदुर र किसानको नागरिक भावना, इमान र नैतिकताको शिक्षा दिएर अनुशासित नागरिक कहिले तयार गर्ने ?

जबसम्म नेपाली जनताको अनुशासन, शिक्षा, स्वास्थ्य उपचार, नागरिक भावना, राजनीतिक चेतनाको स्तर विकास गर्न सरकारले मेहेनत गर्दैन, त्यस्तो अवस्था बनाउन कठोर परिश्रम गर्दैन, आफै स्व-अनुशासित बन्दैन, भाषण, कल्पना र स्टन्टबाजीले केही परिवर्तन हुनेवाला छैन ।

अनुशासनहिन समाजलाई नियन्त्रण गर्न कानुनरूपी डण्डाको आवश्यकता पर्ने हो । यदि अनुसासित समाज छ भने यतिका अन्योलग्रस्त कानुनका चाङको पनि आवश्यकता पर्दैन । कानुनलाई अनुशासित समाज व्यवस्थाले नै पराजित गर्छ ।

त्यसैले तपाईँको विकसित होस् वा अविकसित, एसियाको होस् या युरोप अमेरिकाको पुँजीवादी व्यवस्थामा अनुशासन कम, शोषण ज्यादा हुन्छ । त्यसैले ब्यापक कामगरी खाने श्रमिक, मजदुर र किसानलगायत सर्वसाधारण जनताको हितका लागि समाजवादी व्यवस्थाको विकल्प छैन ।

मजदुर र किसानको हकलाई संविधानको मौलिक हकमा सुनिश्चित गराऔँ ।

*२०८३ असोज १८*

कविता

## आफूलाई बिर्सने मेरा साथीहरूलाई

• *हरिबहादुर श्रेष्ठ*

अरूको भलाइ नै आफ्नो स्वार्थ सम्झने
देश र जनताको कार्यमा आफूलाई बिर्सिदिने
ए, मेरा साथीहरू
होस् गर -
देखावटी सहानुभूति र
दुई-चार छाकले तिमीहरूलाई किन्न खोज्ने
परिवारको यहाँ कमी छैन,
आफ्नो कार्य नसिद्धिएसम्म तिमीहरूलाई
ज्वाइँ सम्झी टाउकोमा राख्ने
राक्षसनीहरूको यहाँ कमी छैन ।
याद गर मेरा साथीहरू
आफ्नो काम पटाउना साथ तिनीहरूले
दूधको झिंगा जस्तै तिमीहरूलाई फाल्नेछन् ।
अरूको काममा आफूलाई बिर्सने साथीहरू
अरूकै कामको निम्ति
विश्वविद्यालयलाई बिचमै छोड्ने तिमीहरू
अरूको जागिरको निम्ति लड्न
आफ्नो जागिरलाई गुमाउने तिमीहरू
यही देशको निम्ति
आफ्नो घरको बन्धनलाई चुँडालेर फाल्नेहरू
आफ्ना सबै आफन्त र जाल-झेललाई छोड्नेहरू
साझा उद्देश्यकै निम्ति
आफ्ना सबै झिटी-मिटीलाई
च्यातचुत पारेर मिल्काउने तिमीहरू
तर ध्यान दिएर सुन
मेरा प्यारा साथीहरू
गोबरमा स्याउँ-स्याउँती परेका कीराहरू
तिमीहरूबारे के भन्दै छन् -
यिनीहरूको कुनै घर-बार छैनन्,
यिनीहरूसँग विश्वविद्यालयका
प्रमाणपत्रका मालाहरू पनि छैनन्
एक मोटो रकम आउने
कमाइ यिनीहरूको छैन
हेर्दैनन् आफन्तहरूले पनि यिनीहरूलाई,
घर-खेत र जात-पात नभएका यिनीहरू
बङ्गला र मोटरकार बनाउने कामहरू
गर्दैनन् यिनीहरू,
हल्ला मचाउनुबाहेक यिनीहरू
केही गर्न सक्दैनन्
छोरी दिने कुरो आउँदैन यिनीहरूलाई ।
आफूलाई बिर्सने मेरा साथीहरू
पैसामा आफूलाई बेचिएका
यी कुहेका नोकर र चाकर्नीहरूको
यी घीनलाग्दा वाक्यहरूबाट तिमीहरू
पटक्कै विचलित नहुनू,
घर-खेत र पैसालाई
आफ्ना छोरीहरू बेच्ने पातकीहरूको
हेलामा तिमीहरूले चित्त नदुखाउनू,
नाफाको निम्ति, मात्र नाफाको निम्ति
आफू र आफ्ना छोरीहरूलाई
बजार र अड्डामा बेच्न तयार
ती खान्दानी महिलाहरूको
नीचतापूर्ण अपमानबाट तिमीहरू
दिक्क नमान,
महिनाको २-४ सयको निम्ति
छोरीलाई अरूको पिछलग्गू बनाउने
२-४ हजार पैसाको निम्ति
आफ्नो कला, संस्कृति र देशलाई बेच्न तयार
ती 'भलादमी' हरूको होचोहरूबाट तिमीहरूले
आफ्नो धैर्यलाई कहिल्यै नटुटाऊ ।
जात-पात र ईश्वर पुजेर
आफ्नो नाङ्गो नाच हेरेर अघाएका,
अरूको पसिनाको भरमा घमण्डले
दिनभर घर बसी
अरूको निन्दा र चर्चामै बाँचेका
कुहेका विचारले ग्रस्त पिसाचनीहरूको
कटू वचनले तिमीहरू
अलिकति पनि नडग्नू,
बरु तिमीहरू
अझ जोश र रिसले
समाजका कुरीतिहरूको विरोधमा
आफ्नो घृणालाई झन् फैलाउनु,
भित्रभित्रै समाजलाई बिगार्ने
बोक्सी र वैद्यहरूका चरित्रहरूलाई
निर्ममतापूर्वक
स्वार्थको गोबरमा स्याउँ-स्याउँती
उम्रेका ती कीराहरू र
नालीको फोहरमा उडिरहने
ती सेता कीराहरूको गाली-सराप
घमण्ड र जाल-झेललाई
खुट्टाले कुल्चिँदै अगाडि बढ्नू
समाजका शत्रुहरूको सेखी झार्ने तिमीहरू
झन् जोश र साहसले
गौरवपूर्ण बाटोमा लम्किरहनू
आफ्नो आजुतिर बढिरहनू
आफूलाई बिर्सने मेरा साथीहरू !

*आकाश बाँधिएको छैन (कविता सङ्ग्रह)*

## सन्दर्भ : माडागास्करको जेनजी आन्दोलन

# साम्राज्यवादीहरूको 'छद्म युद्ध' अध्ययन ४०

✍ रामरतन चौधरी

माडागास्कर पूर्वी अफ्रिकाको तटबाट करिब ४०० किलोमिटर (२५० माइल) टाढा हिन्द महासागरमा रहेको विश्वको दोस्रो ठूलो टापु देश हो । यसको क्षेत्रफल ५,८७, २९५ वर्गकिलोमिटर छ भने Worldometer का अनुसार २०२६ को मध्यसम्ममा जनसङ्ख्या करिब ३ करोड ३५ लाख २२ हजार ५२ पुगेको छ । माडागास्करको सबभन्दा ठूलो शहर तथा राजधानी एन्टानानारिभो ( Antananarivo) हो ।

माडागास्करका बासिन्दालाई 'मालागासी' भनिन्छ । मालागासीहरूले आफूलाई अफ्रिकी मान्दैनन् । मालागासीहरूको संस्कृति इन्डोनेसियालीहरूसँग मिल्दोजुल्दो मानिन्छ । अधिकांश मालागासीहरू ग्रामिण क्षेत्रमा बसोबास गर्छन् । माडागास्करका ८० प्रतिशत जनता खेतीपाती गरेर जीविकोपार्जन गर्छन् । विश्व बैङ्कको अनुसार माडागास्करका तीनचौथाइ जनता गरिबीको रेखामुनि छन् । यहाँको प्रति व्यक्ति आय करिब ५२९ डलर छ । माडागास्करका एकतिहाइ (करिब ३६ प्रतिशत) जनताले मात्र बिजुली उपभोग गर्न पाएका छन् । यहाँ पानी र बिजुलीको ज्यादै समस्या रहेको छ ।

माडागास्कर लामो समयसम्म फ्रान्सको उपनिवेश रहेको थियो । सन् १८९६ मा फ्रान्सले माडागास्करलाई आफ्नो कब्जामा लिएर अर्को वर्ष उपनिवेश घोषणा गरेको थियो । औपनिवेशीकताकै कारण प्रथम विश्वयुद्धमा मालागासी सेनाले फ्रान्सको लागि लडेको थियो । सन् १९४७ तिर माडागास्करमा स्वतन्त्रताको माग गर्दै विद्रोह सुरु भयो । स्वतन्त्रता आन्दोलन अगाडि बढ्दै गएपछि सन् १९५८ जून २६ मा माडागास्करलाई फ्रान्सेली समुदायभित्र एक स्वायत्त राज्यको रूपमा घोषणा गरिएको थियो । सन् १९५९ मा माडागास्करको संविधान लागु भएपछि सन् १९६० जुन २६ मा फ्रान्सबाट पूर्ण स्वतन्त्र भएको हो । फ्रान्सबाट स्वतन्त्र भए पनि माडागास्करमा फ्रान्सको औपनिवेशिक प्रभाव भने अझै बाँकी छ । यहाँ मालागासी र फ्रान्सेली भाषालाई आधिकारिक भाषा मानिन्छ ।

### जेनजी आन्दोलन

नेपालमा जेनजीको नाममा भएको नयाँ पुस्ताको आन्दोलनको १ महिनापछि नै उस्तै ढङ्गमा माडागास्करमा पनि जेनजी आन्दोलन भयो । सन् २०२५सेप्टेम्बर २५ देखि अक्टोबर १४ सम्म जेनजीको नाममा भएको नयाँ पुस्ताको आन्दोलनले माडागास्करका राष्ट्रपति एन्ड्री राजोएलिना ( Andry Rajoelina) देश छोडेर भाग्न बाध्य भए ।

माडागास्कर विश्वव्यापी भोकमरी सूचकाङ्क २०२५ मा विश्वको १२३ मध्ये १२० औँ र मानव विकास सूचकाङ्कमा १९३ मध्ये १८३ औँ स्थानमा रहेको छ । माडागास्करमा युवा बेरोजगारीको दर उच्च छ भने भ्रष्टाचार पनि बढ्दो छ । सरकारी संयन्त्र भ्रष्टाचारमा चुर्लुम्म डुबेका छन् । माडागास्करका जनतालाई पर्याप्त बिजुली र पानी उपलब्ध छैन । त्यहाँका शहरी क्षेत्रका जनताले समेत १२ घण्टासम्मको बिजुली कटौतीको सास्ती भोग्नुपरिरहेको छ । वाटरएड नामक गैरसरकारी संस्थाका अनुसार सन् २०२१ मा लगभग १ करोड २० लाख मालागासीहरू स्वच्छ पिउने पानीबाट वञ्चित भए । सन् २०२५ सम्ममा गरिबीले माडागास्करका ८० प्रतिशत जनता प्रभावित भए । हप्तौँसम्म लोडसेडिङ र खानेपानीको चरम अभाव भएपछि जेनजीको नाममा जनता सडकमा उत्रिएको विश्लेषकहरू बताउँछन् ।

आर्थिक चुनौतीको बाबजुदमा डागास्करमा सामाजिक सञ्जालको प्रयोग बढ्दै गएको छ । प्रदर्शनको क्रममा फेसबुक, टिकटक, डिस्कर्डलगायतका सामाजिक सञ्जालका प्लेटफर्महरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो । नयाँ पुस्ताका प्रदर्शनकारीहरूमा डिजिटल दक्षता त थियो तर राजनीतिक एजेन्डा तथा सुझबुझको अभाव थियो । माडागास्करको जेनजी आन्दोलन पनि स्पष्ट रूपमा कुनै एउटा राजनीतिक दल वा समूहले नेतृत्व गरेको थिएन । आन्दोलन नेतृत्वविहीन नै थियो । सामाजिक सञ्जालहरूले नै आन्दोलनलाई गति दिएको देखिन्छ । माडागास्करका युवाहरू द्रुत गतिमा बिग्रँदै गएको जीवनयापनको विरोध गर्न सडकमा उत्रिएका थिए । आन्दोलनको मुख्य नारा नै "हामी बाँच्नको लागि मात्र होइन, हामी जीवन जिउन चाहन्छौँ" भन्ने थियो ।

विरोध प्रदर्शनको सुरुमा शहरी युवाहरूको बाहुल्यता थियो भने पछि अन्य क्षेत्रका मानिसहरू पनि संलग्न भए । आन्दोलनको क्रममा 'मित्सांगना रे तानोरा' (Mitsangana ry tanora)बोलको राष्ट्रवादी गीत गाउँदै प्रदर्शनकारीहरू सडकमा देखिए । 'एन्ड्री राजोएलिना मासोसोपोरी' 'We Don't Want A French President For Madagascar!!!' जस्ता नारा र प्लेकार्ड बोकेर विद्यार्थीहरूले सडकमा प्रदर्शन गरे । प्रदर्शनकारीहरूले माडागास्करका राष्ट्रपति राजोयलिनासँग फ्रान्सको नागरिकता रहेको आरोप पनि लगाए ।

शान्तिपूर्ण जेनजी आन्दोलन भनिए पनि प्रदर्शनको क्रममा अन्तानानारिभोमा भएका विभिन्न बैङ्क र प्रतिष्ठानहरूमा लुटपाट भयो । प्रदर्शनकारीहरूले एनोसिबेमा रेलवे स्टेशन, केबल कार प्रणालीको होटल, बैङ्क र स्टेशनहरूमा आगो लगाए । उनीहरूले राजोएलिना नजिक मानिएका राजनीतिज्ञहरू सिनेटर ललाटियाना राकोटोन्ड्राजाफी र सांसद नाइभो राहोल्डिना लगायतका घर पनि जलाइदिए । उक्त आन्दोलनमा प्रदर्शनकारी र नागरिकहरूसहित कम्तीमा २२ जनाको मृत्यु भयो भने सयौँ घाइते भए ।

आन्दोलनले चरम रूप लिएपछि सेनाको एक विशेष युनिट 'CAPSAT' -Corps d'Administration du Personnel des Services Administratifs et Techniques) ले आन्दोलनकारीलाई साथ दियो । सेना प्रदर्शनकारीहरूसँगै सडकमा देखा पर्‍यो । त्यसपछि राजोएलिना फ्रान्सको सहयोगमा देश छोडेर भागे । २०२५ अक्टोबर १४ मा क्यापस्याटले माडागास्करको सत्ता आफ्नो हातमा लिएको घोषणा गर्‍यो । अक्टोबर १७ मा कर्नेल माइकल रान्ड्रियानिरिना (Michel Randrianirina) ले राज्य प्रमुखको रूपमा शपथ लिए । उनले प्रदर्शनकारीहरूको गुनासो सम्बोधन गर्ने र दुई वर्षभित्र चुनाव गराउने वाचा गरे । तर, अहिलेसम्म प्रदर्शनकारीहरूका माग पूरा भएका छैनन् ।

माडागास्करमा सैन्य कब्जापछि प्रत्येक महिना गैरकानूनी तथा मनमानी गिरफ्तारी, सरकारको विरोधमा बोल्नेलाई तर्साउने, धम्काउने गतिविधि बढेको समाचार छ । माइकल रान्ड्रियानिरिना (Michel Randrianirina) ले सत्ता सम्हालेपछि राज्यको कार्यकारी शाखामा लगभग ६०० नियुक्तिहरू भए । तर, त्यस्तो नियुक्तीमा आन्दोलन गरेर सत्ता उल्टाएको दाबी गर्ने जेनजी युवा तथा नागरिक समाजसँग न छलफल गरिएको थियो न उनीहरूको संलग्नता नै थियो । सेनाले सत्ता हातमा लिएपछि पनि पानी र बिजुलीलगायत माडागास्करको कुनै पनि समस्या समाधान भएका छैनन् । विभिन्न मानव अधिकारवादी संस्थाहरूले युवाहरूलाई राजनीतिक प्रक्रियाबाट बाहिरै राखेको भनेर आलोचना गर्दै छन् ।

***क्रमश :***

*२०८३ असोज १८ गते*

# अपाङ्गता भएका व्यक्तिका लागि साङ्केतिक भाषा महत्त्वपूर्ण

भक्तपुर । विजयादशमी तथा शुभ दीपावली २०८३ को अवसरमा भक्तपुर नगर क्षेत्रभित्रका विभिन्न वर्गका अपाङ्गता भएका व्यक्ति तथा उनीहरूका अभिभावकबिच शुभकामना आदानप्रदान तथा सांस्कृतिक कार्यक्रम सम्पन्न भएको छ ।

भक्तपुर नगरपालिकाको आयोजनामा भएको सो कार्यक्रममा नगरपालिकाबाट परिचयपत्र प्राप्त रातो, नीलो, पहेँलो र सेतो वर्गका अपाङ्गता भएका व्यक्ति तथा उनीहरूका अभिभावकको सहभागिता रहेको थियो । कार्यक्रममा भक्तपुर नगरपालिकाले सञ्चालन गरेको तीनमहिने साङ्केतिक भाषा तालिमका सहभागीलाई प्रमाणपत्र वितरण गरिएको थियो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले अपाङ्गता भएका व्यक्तिका लागि साङ्केतिक भाषा महत्त्वपूर्ण भएकोले यसको आवश्यकता महसुस गरी नगरपालिकाले तालिम सञ्चालन गरेको बताउनुभयो । उहाँले तालिमबाट प्राप्त ज्ञान र सीपको सदुपयोग गर्न आग्रह गर्नुभयो ।

अपाङ्गता भएका व्यक्तिमा पनि फरक-फरक क्षमता हुने भएकाले उनीहरूको क्षमता पहिचान गरी प्रोत्साहित गर्नुपर्नेमा नगर प्रमुख प्रजापतिले जोड दिनुभयो । अपाङ्गता विभिन्न स्वास्थ्य अवस्था, वंशानुगत कारण, जन्मजात अवस्था वा दुर्घटनाका कारण हुनसक्ने उल्लेख गर्दै अपाङ्गता भएका व्यक्तिमाथि कुनै पनि प्रकारको भेदभाव गर्न नहुने र अपाङ्गतामैत्री संरचना निर्माणमा नगरपालिकाले जोड दिँदै आएको उल्लेख गर्नुभयो ।



उहाँले अपाङ्गता भएका व्यक्तिका लागि नगरपालिकाले घरदैलो नर्सिङ सेवा सञ्चालन गरिरहेको जानकारी दिनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख तथा अपाङ्गता समिति संयोजक रजनी जोशीले चाडपर्वका समयमा अपाङ्गता भएका व्यक्तिको विशेष ख्याल राख्दै सन्तुलित खाना खुवाउनुपर्ने बताउनुभयो ।

अपाङ्गता भएका व्यक्तिको हक-अधिकार सुनिश्चित गर्ने उद्देश्यले नगरपालिकाले विभिन्न गतिविधि सञ्चालन गर्दै आएको र आवश्यक पर्ने सहायक सामग्री वितरण गर्दै आएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जमुना मिश्रले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

अपाङ्गता समिति सदस्य तथा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले सहभागीलाई स्वागत गर्नुभएको थियो । उहाँका अनुसार भक्तपुर नगरपालिकाभित्र हाल ७२६ जना अपाङ्गता भएका व्यक्तिले परिचयपत्र प्राप्त गरेका छन् ।

कार्यक्रममा कार्यपालिका सदस्य रोसनमैयाँ सुवाल, डा. रत्नसुन्दर लासिवा, अपाङ्गता परिचयपत्र वितरण समितिका सदस्य हिमालयश्वर लाल मूल तथा जिल्ला बहिरा सङ्घका अध्यक्ष सूर्यबहादुर बुढाथोकीलगायतले बोल्नुभएको थियो ।

कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरूले विभिन्न सांस्कृतिक प्रस्तुति प्रस्तुत गरेका थिए ।

**कविता**

## म नेमकिपा न परेँ

✍ प्रीति

*म विचार फेर्दिनँ*
*अडानमा बस्छु*
*किनभने*
*म नेमकिपा न परेँ*
*घडी यता घडी उता*
*म गर्दै गर्दिनँ*
*अल्गोरिदम्मा पनि फस्दिनँ*
*किनभने*
*म नेमकिपा न परेँ*
*एक दिन र एक महिना*
*एक वर्ष होइन*
*जीवनभर पार्टीमा लाग्ने*
*बाचा बोकेको*
*विचलित कहिल्यै हुँदिनँ*
*लोभ र लाभमा फस्दिन्नँ*
*किनभने*
*म नेमकिपा न परेँ ।*

*(२०८३ असोज १८)*

# अध्ययनसँगै खेलकुदमा सहभागी हुन पाउँदा विद्यार्थीको व्यक्तित्व विकासमा महत्त्वपूर्ण योगदान पुग्ने

भक्तपुर । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बाल विकास इङलिस सेकेन्डरी स्कूलको नवनिर्मित फुटसल मैदानको उद्घाटन गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले विद्यालयको निरन्तर प्रगतिको कामना गर्दै बाल विकास इङलिस सेकेन्डरी स्कूलले हरेक वर्ष नयाँ-नयाँ कार्यलाई अगाडि बढाउँदै देशकै उदाहरणीय विद्यालयका रूपमा विकास हुँदै आएको बताउनुभयो ।

विद्यालय ज्ञान प्राप्त गर्ने थलो मात्र नभई विद्यार्थीको सर्वाङ्गीण विकास गर्ने महत्त्वपूर्ण स्थान भएको उल्लेख गर्दै उहाँले अध्ययनसँगै खेलकुदमा सहभागी हुन पाउँदा विद्यार्थीको व्यक्तित्व विकासमा महत्त्वपूर्ण योगदान पुग्ने बताउनुभयो ।

विद्यालय तहदेखि नै विद्यार्थीले आफूमाझ रहेको क्षमता प्रदर्शन गर्दै उत्कृष्टता हासिल गर्नुपर्नेमा जोड दिँदै उहाँले भक्तपुरलाई शिक्षासँगै खेलकुदमा समेत उत्कृष्ट नगर बनाउने प्रयास भइरहेको बताउनुभयो ।

भक्तपुरका खेलमैदान स्तरीकरण गर्ने कार्य जारी रहेको उल्लेख गर्दै उहाँले भक्तपुरबाट राम्रा खेलाडी उत्पादन भइरहेको जानकारी दिनुभयो ।

निजी तथा सामुदायिक दुवै विद्यालयको समान रूपमा विकास भइरहेको चर्चा गर्दै उहाँले आगामी कार्तिक महिनामा अन्तरविद्यालय खेलकुद प्रतियोगिता आयोजना हुन लागेको जानकारी दिनुभयो ।

बाल विकास इङलिस सेकेन्डरी स्कूल परिवारको तर्फबाट सुरेन्द्रराज गोसाईंले फुटसल मैदान निर्माण विद्यार्थीको खेलकुद विकासका लागि सानो तर महत्त्वपूर्ण कदम भएको बताउनुभयो ।

अतिरिक्त क्रियाकलापअन्तर्गत विद्यार्थीलाई उज्ज्वल भविष्यका लागि आवश्यक अवसर प्रदान गर्ने उद्देश्यले विद्यालयले विभिन्न गतिविधि सञ्चालन गर्दै आएको उहाँले बताउनुभयो ।

फूटसल मैदान निर्माणले विद्यार्थी खुसी भएको उल्लेख गर्दै उहाँले मैदान निर्माणमा भक्तपुर नगरपालिकाले पुर्‍याएको महत्त्वपूर्ण सहयोगप्रति आभार व्यक्त गर्नुभयो ।

साथै, खेलकुदको विकासका लागि नगरपालिकाले गर्दै आएको प्रयासको चर्चा गर्दै विद्यालयले पनि खेलकुद गतिविधिलाई निरन्तर अगाडि बढाउने उहाँले बताउनुभयो ।

कार्यक्रममा शिक्षक शङ्कर आचार्यले पनि बोल्नुभएको थियो । कार्यक्रममा प्रमुख अतिथि तथा अतिथिहरूले नवनिर्मित फूटसल मैदानको अवलोकन गर्नुभएको थियो । सो अवसरमा विद्यार्थीहरूले मैत्रीपूर्ण फुटसल खेलसमेत खेलेका थिए ।

**जलवायु परिवर्तनको असर तथा प्रभावबारे सचेत बनौं**

- जलवायु परिवर्तनले मानव जीवन, कृषि, पानी, स्वास्थ्य र जैविक विविधतामा पार्ने असरबारे सचेत बनौं,
- बाढी, पहिरो, डुबान, खडेरी तथा अन्य जलवायुजन्य जोखिमको पूर्वतयारी गरौं,
- वन तथा प्राकृतिक स्रोतको संरक्षण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान दिऔं,
- नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरौं,
- वृक्षारोपण तथा हरियाली प्रवर्द्धन गरी कार्बन उत्सर्जन घटाउन सहयोग गरौं,
- जलस्रोतको संरक्षण गरौं र जलवायु परिवर्तनअनुकूल जीवनशैली अपनाऔं,
- प्लास्टिक तथा फोहोरजन्य प्रदूषण न्यूनीकरण गरौं,
- जलवायु परिवर्तनका जोखिमप्रति समुदायलाई सचेत र अनुकूलनशील बनाऔं ।

जलवायु परिवर्तनको असरबारे सचेत बनौं,
जलवायु-उत्थानशील समाज निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# जनकवि दुर्गालाल श्रेष्ठको स्मृति सभा तथा ६ कृति लोकार्पण

काठमाडौँ । जनकवि दुर्गालाल श्रेष्ठको ४५ औँ दिनको पुण्यतिथिको अवसरमा स्मृति सभा तथा उहाँका ६ वटा नयाँ कृति लोकार्पण कार्यक्रम असोज १३ गते सम्पन्न भयो । काठमाडौँ महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोलले कार्यक्रमको उद्घाटन गर्नुभएको थियो ।

कार्यक्रममा जनकवि श्रेष्ठको व्यक्तित्व तथा कृतित्वबारे श्रव्यदृश्य सामग्री प्रस्तुत गरिएको थियो । उहाँका 'फुल्न बाँकी छ, पिजा (फिज), थुगु थुलिङ ख: कि जिङ छु मथु, हामायु, काँडामा कविता' ६ वटा कृति लोकार्पण गरिएको थियो ।

कार्यक्रममा काठमाडौँ महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोलले जनकवि दुर्गालाल श्रेष्ठप्रति सम्मान व्यक्त गर्दै उहाँलाई 'अक्षर महर्षि पदक' प्रदान गर्नुभयो ।

वसन्त चौधरी फाउन्डेसनका अध्यक्ष वसन्त चौधरीले जनकवि श्रेष्ठको लेखन समयभन्दा लामो इतिहास बनेर बाँचिरहने बताउनुभयो ।




उहाँका ज्येष्ठ सुपुत्र सुमन श्रेष्ठले पिता दुर्गालाल श्रेष्ठको पारिवारिक सम्बन्ध र जीवनका विभिन्न पक्षबारे जानकारी गराउनुभयो ।

कार्यक्रममा कवि तथा गीतकार रमण घिमिरे, कवि प्रतिसरा सायमी र बालकवि सज्जन मानन्धरले जनकवि श्रेष्ठका कविता वाचन गर्नुभएको थियो । त्यसैगरी, समालोचक प्राडा अभि सुवेदी र प्राडा ज्योति तुलाधरले श्रेष्ठको व्यक्तित्व तथा साहित्यिक योगदानबारे प्रकाश पार्नुभएको थियो ।

# कैलालीमा कार्यकर्ता प्रशिक्षण तथा पार्टी प्रकाशनबारे अन्तरक्रिया

कैलाली । नेपाल मजदुर किसान पार्टी कैलाली जिल्ला समितिले बिहीबार लम्कीमा कार्यकर्ता प्रशिक्षण तथा पार्टी प्रकाशनबारे अन्तरक्रिया कार्यक्रम गऱ्यो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले नेपालको राजनीतिक आन्दोलनमा नेमकिपा मानिसको मस्तिष्कजस्तै महत्त्वपूर्ण भूमिकामा रहेको बताउनुभयो ।

बरोबर सरकारमा गएका अहिलेसम्मका सबै दल र तिनका नेताहरू असक्षम साबित भइरहेको सचिव सुवालले स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, "नेपाल मजदुर किसान पार्टीले राजनीतिलाई देश र जनताको नि:स्वार्थ सेवा गर्ने क्षेत्र बनाएर अगाडि बढाइरहेको छ । शासक दलहरूले राजनीतिलाई पक्षपात र भ्रष्टाचारको क्षेत्र बनाएको हुँदा देशमा सङ्कट बढ्दै आएको हो ।"

नेमकिपाका केन्द्रीय सदस्य सरोजराज गोसाईंले सिंहदरबार भनेको भवनमात्र नभई देशको सार्वभौमसत्ताको प्रतीक रहेको उल्लेख गर्दै १० वटा सिंहदरबार बनाउन सक्छौँ भनी धाक लगाउनेले पुन:निर्माण गरेको खोइ भनी प्रश्न गर्नुभयो ।

सुशासनको नाममा सरकारमा आएको नयाँ शासक दलले मन्त्रालयको सङ्ख्या घटाएको देखाएर मन्त्री पदसरह सुविधा लिने १८० जना सल्लाहकार नियुक्त गरेको चर्चा गर्दै केन्द्रीय सदस्य गोसाईंले विदेसबाट नेपाली युवाहरूलाई फर्काउने भन्नेहरूले फेरि घर-घरमा पासपोर्ट पुऱ्याउने भनेर पाखण्डीपन देखाइरहेको छ भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले कामदारवर्गको शासनसत्ता स्थापना गर्नु नेमकिपाको उद्देश्य रहेको स्पष्ट पार्दै संरा अमेरिकाको ऐन, कानुन, नीति नियम मान्न बाध्य पारेको हुँदा एमसीसीको विरोध गर्नु परेको हो भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य हरिसुन्दर बासीले साम्राज्यवादीहरूले आफ्ना दलालमार्फत नेपाललगायत विभिन्न देशमा नवउदारवादी हतियार प्रयोग गरी नवउपनिवेश चलाइरहेको छ भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य बखतबहादुर थापाले पुँजीवादी व्यवस्थामा शोषण र आर्थिक असमानता चर्कँदै जाने भएकोले समाजवादी व्यवस्था कामदारवर्गको प्रजातन्त्र हो भन्नुभयो ।

नेमकिपा कैलालीका अध्यक्ष रमेश रावलको सभापतित्वमा सम्पन्न कार्यक्रम सीताराम पण्डित, प्रेमबहादुर सिजापति, लक्ष्मी पुन मगर, ज्योति बडुवाल र गगनबहादुर थापालगायतले पार्टी प्रकाशनहरूबारे आ-आफ्नो विचार व्यक्त गर्नुभयो ।

## संस्कृति

कार्यक्रममा प्रमुख अतिथि बिजुक्छेँले पाँच सांस्कृतिक समूह - श्री चण्डेश्वरी धिमे पुच, खिंछे दाफा भजन खल, मुक्ति सङ्गीत प्रशिक्षण केन्द्र, गलसी पुखु देवी प्याखं र ख्वप देवी प्याखं (महाकाली नाच) खल - लाई कदरपत्र तथा मायाको चिनो प्रदान गर्नुभयो ।

काठमाडौँ विश्वविद्यालयका सङ्गीत विधाका प्राध्यापक तथा सांस्कृतिक गुरु राजकुमार मानन्धरले नेपाली संस्कृतिको प्रमुख धरोहरमध्ये नौबाजा परम्परा अत्यन्त महत्त्वपूर्ण रहेको बताउनुभयो । समय र संस्कृतिकर्मीको अभावका कारण यसको संरक्षण चुनौतीपूर्ण बन्दै गएको उल्लेख गर्दै उहाँले युवा पुस्ताको सक्रिय सहभागिताले नै गाईजात्रा तथा सापारु पर्वलाई जीवन्त राख्न सहयोग पुगेको बताउनुभयो ।

नयाँ पुस्ताका संस्कृतिकर्मी रेशिका जधारी, शुष्मी आचार्य, विविके दण्देख्या र विक्रम ढुकुछु तथा संस्कृति गुरु केदार किजूले संस्कृति संरक्षणमा युवाको भूमिकाबारे आ-आफ्नो धारणा राख्नुभयो ।

कार्यक्रमको सभापतित्व गर्दै वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँले यस्ता भेटघाटले सामाजिक सम्बन्ध र संवादलाई जीवन्त राख्न सहयोग पुग्ने बताउनुभयो । उहाँले संस्कृति संरक्षणमा युवा पुस्ताको भूमिका अपरिहार्य रहेको उल्लेख गर्नुभयो ।

कार्यक्रम सञ्चालन वडा सदस्य नारायणप्रसाद त्वानाबासुले गर्नुभएको थियो ।

## स्थानीय....

समाजका केन्द्रीय सदस्य एवम् ख्वप इन्जिनियरिङ कलेजका उपप्राचार्य डा. सुवेगमान बिजुक्छेँले पृथ्वीको बनोट, बाढी, पहिरो, भूकम्प, हिमाली क्षेत्रका प्राकृतिक प्रकोपलगायतका विषयमा श्रव्यदृश्यसहित व्याख्यात्मक प्रस्तुतीकरण गर्नुभयो ।

समाजका केन्द्रीय सदस्य एवम् वागीश्वरी कलेज अफ म्यानेज्मेन्टका प्राचार्य कृष्णप्रसाद धन्छाले स्वागत मन्तव्य राख्दै भन्नुभयो, "प्राकृतिक विपद्ले मात्र होइन, मानवीय कारणले पनि वातावरणमा सङ्कट देखा परेको छ ।"

कार्यक्रममा ख्वप कलेजका शिक्षक सुनिता गाईसी, वागीश्वरी कलेजका राजन फेलुगायतले जिज्ञासा राख्दै आ-आफ्नो धारणा राख्नुभएको थियो ।

# विदेशी पैसा र विदेशीको सल्लाहमा आन्दोलन गर्नेहरू देशघाती

बर्दिया । नेपाल मजदुर किसान पार्टी बर्दिया जिल्ला समितिको आयोजनामा शुक्रबार भुरीगाउँमा कार्यकर्ता भेटघाट कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले राजनीतिक पार्टीहरू देशभक्त हुनुपर्नेमा जोड दिँदै देशभक्त राजनीतिक पार्टीले मात्र नेपाली जनताको भरमा आन्दोलन गर्नेछ भन्नुभयो ।

विदेशी पैसा र विदेशीको सल्लाहमा आन्दोलन गर्ने र देश जलाउनेहरू देशघाती नै भएको र देशभक्तहरूले आफ्नो देशलाई जलाउन नसक्ने उहाँले स्पष्ट पार्नुभयो ।

पार्टीका केन्द्रीय सदस्य सरोजराज गोसाईंले विश्वमा तापक्रम बढाउन धेरै प्रदूषण गर्ने संरा अमेरिकालगायत साम्राज्यवादी देशहरू हुन् भन्नुभयो ।

नेपालले वातावरण जोगाउन फोक्सोको रूपमा काम गरिरहेको भए पनि भोटेकोसी बाढीजस्तो विपत्ति र क्षति व्यहोर्न बाध्य भएको चर्चा गर्दै उहाँले संसारमा प्रदूषण रोक्न न्यायप्रेमी जनता पुँजीवाद र साम्राज्यवादविरूद्ध उठनुपर्छ भन्नुभयो ।

पार्टीका अर्का केन्द्रीय सदस्य बखतबहादुर थापाले गलत मानिसको सङ्गतबाट असल मानिस पनि फसाइन सक्नेप्रति सचेत हुनुपर्ने आवश्यकता औंल्याउँदै नेमकिपा कार्यकर्ताहरूले देश र जनताको नि:स्वार्थ सेवा गरिरहेका छन् भन्नुभयो ।

नेमकिपा बर्दियाका अध्यक्ष हरिलाल न्यौपानेले गएको वर्ष भदौ २३ मा उपद्रो मच्चाउनेहरूले नेपाललाई अर्को देशविरूद्ध प्रयोग गराउन खोजेका छन् भन्नुभयो ।



## राजनीतिमा

उहाँले भन्नुभयो, "अहिलेसम्मका शासक पार्टी र तिनका नेताहरूले सर्वसाधारण जनतालाई भ्रूटा आश्वासन दिई पालैपालो सरकार चलाउँदै आएको हो । नेमकिपा नै नेपालको देशभक्त पार्टी हो ।"

सचिव सुवालले भन्नुभयो, "नेका, एमाले, माओवादी (हाल नेकपा) का नेताहरूकै असफलताको कारण गत वर्ष भदौ २३ र २४ गते उपद्रो गर्नेहरूलाई मौका मिलेको हो । नेपालका बहुमत जनतालाई यो यथार्थबारे सचेत र सङ्गठित पार्न नसकिएसम्म आमूल परिवर्तन आउनेछैन । अर्थात्, जनता सचेत नभई पुरानो राज्य व्यवस्था खारेज हुँदैन ।"

नेमकिपा कर्णाली प्रदेश संयोजक सरोजराज गोसाईंले दसैँजस्तो सांस्कृतिक पर्वलाई जनताको चेतनास्तर उठाउन सिर्जनात्मक र रचनात्मक उपयोग गर्नुपर्छ भन्नुभयो ।

कर्णालीमा नेमकिपाको सक्रियता र जनसमर्थनबाट अत्तालिएका पञ्चायत र प्रजातान्त्रिक एवम् कथित वामपन्थी शक्तिहरूले नेमकिपाका कार्यकर्ताहरूलाई जेलनेल र यातना दिएको बताउँदै संयोजक गोसाईंले नेपालको अर्थतन्त्रको लागि भारतीय एकाधिकार पुँजी बाधक छ भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सल्लाहकार नर्मा गुरूङले महिलाहरूलाई राजनीतिक रूपमा बुझाउन सके समाज अगाडि बढ्न सहज हुने बताउँदै धनी परिवारमा जन्मिएको भए पनि फिडेल क्यास्ट्रोले कामदार जनताको निम्ति सङ्घर्ष गरेको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य हरिसुन्दर बासीले नवउदारवादी प्रभावबाट जोगिन वर्गसङ्घर्ष उठाउनुपर्छ भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य बखतबहादुर थापाले कामदार जनतालाई वैचारिक रूपमा बुझाउन सके जनताको सहयोग र समर्थन प्राप्त हुन्छ भन्नुभयो ।

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य तुल्सी खड्काले महिला हिंसा गर्ने पीडकलाई कारबाही गर्न र पीडितलाई न्याय दिन शासकहरूले चासो दिएका छैनन् भन्नुभयो ।

नेमकिपा वीरेन्द्रनगर नगर सम्मेलन तयारी समितिका संयोजक शेरबहादुर शाहीको सभापतित्वमा सम्पन्न उद्घाटन समारोहमा हरिबहादुर बोहरा, धनेन्द्र बिक, गणेश खड्का, रामप्रसाद तिमिल्सिना, मनबहादुर बिक, रमा गिरि, बिजुकला रोकाया, छत्रिका बिक, कल्पना सिजापति, यमुना सुनार, सर्मिला बिक, हस्त गुरूङ र अङ्गबहादुर शाहीले शुभकामना मन्तव्य तथा गीत नृत्य प्रस्तुत गर्नुभयो ।

# गैरसरकारी संस्था साम्राज्यवादी देशहरूको पृष्ठपोषण गर्न सक्रिय

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्गठनहरू विश्वभरि नै फैलिएका छन् । माकुरोको जालोजस्तै फैलिएको यो गैरसरकारी सङ्गठनले विश्व पुँजीवादकै एउटा हतियारको रूपमा काम गरिरहेको छ । विशेषत: साम्राज्यवादी देशहरूको पृष्ठपोषण गर्न, पुँजीवादको अनुहारमा लागेका रगतका धब्बाहरूको ढाकछोप गर्न र जनतामा भ्रम फैलाउन, राजनीतिप्रति दिग्भ्रमित बनाउन यी सङ्गठनहरू सक्रिय भएका हुन्छन् । क्रान्तिकारी विचार या आमूल परिवर्तनको स्वरलाई दबाउन, निष्क्रिय बनाउन क्रियाशील ती सङ्गठनहरू सामाजिक, राजनीतिक, सांस्कृतिक आन्दोलन र बौद्धिक गतिविधिभित्र छिरेर गलत भाष्य बनाउन जुटिरहेका छन् । यी सङ्गठनहरू जनता र बुद्धिजीवीहरूमाझ मात्र होइन परिवर्तन चाहने राजनीतिक दलहरूभित्र पसेर मन्दविष छर्ने काममा व्यस्त छन् ।

गैरसरकारी सङ्गठनहरू साम्राज्यवादी देशका जालो हुन् । यी सङ्गठनहरू अफ्रिका, ल्याटिन अमेरिकामा मात्र होइन एसियामा पनि असङ्ख्य छन् । गएको भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनमा गैरसरकारी सङ्गठनका पदाधिकारीहरू घुसेकै हुन् । अमेरिकी पुँजीबाट सञ्चालित ती सङ्गठनहरू अहिले पनि भित्रभित्र सञ्चालन भइरहेका छन् । गैरसरकारी सङ्गठनका नेतृत्वकारीहरू वर्तमान रास्वपाको सरकारमा रहेकै कारण दलका विभिन्न वर्गीय सङ्गठनलाई राजनीतिबाट अलग्ग गर्ने प्रयास भइरहेको कुरा सबैमा आलै छ । शिक्षकहरूमा कहीं कतै राजनीतिक रङ्ग मुछिएमा या राजनीतिमा चासो राखेमा शिक्षकबाट निकाल्ने धम्कीसहितको सरकारले निर्देशन जारी गरेको छ । के यो अमेरिकी साम्राज्यवादको दबाब र प्रभावमा काम भएको होइन ?

एकै दिन एकै समयमा एउटै ढाँचामा देशभरिका सरकारी भवनहरूमा तोडफोड गर्ने, लुट्ने र आगजनी गर्ने काम कुनै पनि नेपाली राजनीतिक दलले गर्दैनन्, गर्न सक्दैनन् । जेनजी आन्दोलनभित्र घुसपैठ भएकै हो; घुसपैठ भएर देशको सम्पत्ति ध्वस्त गरेकै हो । संसद् भवन, सर्वोच्च अदालत, सिंहदरबार र राष्ट्रपति भवनमा आगजनी गर्नेहरू अहिलेसम्म कारबाहीमा परेका छैनन् । यसबारे रास्वपाको नेतृत्वमा बनेको सरकार मौन छ । उनीहरूलाई राम्ररी थाहा छ, जेनजी आन्दोलनभित्र घुसेर आगजनी गर्नेहरू वर्तमान सरकारमा संलग्न छन्; रास्वपा पार्टीमा छन् । यहीँ भएर सरकारले कारबाहीको प्रक्रिया अघि बढाएको देखिँदैन । पहिले गौरीबहादुर कार्कीको नेतृत्वमा गठन भएको छानबिन समितिले भदौ २३ गते चलेको गोली काण्डबारे प्रतिवेदन तयार गऱ्यो तर भदौ २४ गते भएको आगजनी प्रकरणको प्रतिवेदन तयार गरेन । यसले पनि स्पष्ट गर्छ, जेनजी आन्दोलनमा अमेरिकाबाट सञ्चालित गैरसरकारी सङ्गठनहरू सक्रिय रहे ।

गैरसरकारी सङ्गठनले समाजको चालक शक्तिलाई जनताको नजरमा ओझेलमा पार्ने काम गर्छ । उनीहरू जनताका अगुवा, क्रियाशील तथा सक्रिय व्यक्तिहरूलाई पैसाको प्रलोभनमा साम्राज्यवादी जालमा फसाउन लागेका हुन्छन् । समाज परिवर्तनको बाटो मोड्ने र क्रान्तिकारी विचारलाई भाँचकुँच गर्नु नै उनीहरूको उद्देश्य हो । संसारकै बलियो सोभियत सङ्घलाई विभाजन गर्नमा यस्तै अन्तर्राष्ट्रिय गैरसरकारी सङ्गठनहरूको ठूलो देन छ । विशेष गरी यस्ता सङ्गठनहरू कम्युनिस्ट या वामशक्ति बलियो भएको देशमा सक्रिय हुन्छन् । देशका बहुमत जनताको सेवामा लागेका कम्युनिस्ट या वामशक्तिलाई कमजोर बनाउन, त्यस सङ्गठनभित्र विवाद चर्काएर कमजोर बनाउन, फुटाउन, आन्दोलनबाट पछि हटाउन, निरास बनाउन उनीहरूले अनेक षड्यन्त्र रचेका हुन्छन् । यस्ता षड्यन्त्रहरू कहाँ कसले चलाइरहेका हुन्छन् भन्ने कुरा समाजका कति मान्छेलाई थाहा हुँदैन । कति व्यक्तिलाई त्यसले खासै कुनै असर पार्दैन भन्ने भ्रम हुन्छ । भित्रभित्रबाट भइरहने यस्तो गतिविधि कुनै दिन विद्रोहको रूपमा देखापरेको हुन्छ या त्यसले देशको दिशालाई अन्यत्र मोडेको हुन्छ या ठूलो दुर्घटना निम्त्याएको हुन्छ । यस्तो घटना एकाएक या आकस्मिक रूपमा हुँदैन । कति राजनीतिक दलका नेताहरू नै आफ्ना कार्यकर्तालाई एनजीओमा जागिर खुवाउन या कुनै प्रोजेक्ट सञ्चालन गर्न जोड दिन्छन् । आफूलाई कम्युनिस्ट भनिने दलका नेताहरू नै दलको काममा भन्दा एनजीओ र आईएनजीओमा व्यस्त हुन्छन् र कमाउधन्दामा लागेका हुन्छन् ।

यो साम्राज्यवादी देशहरूको सुनियोजित चाल हो । तिनीहरूको सञ्जाल देशभरि फैलिएको हुन्छ । एनजीओ कहाँ कति फैलिएको छ, के काम गर्दै छ भन्ने सही तथ्याङ्क थाहै हुँदैन । त्यस्तो कार्य न सरकारलाई थाहा हुन्छ न त प्रदेश र स्थानीय तहलाई थाहा हुन्छ । यिनीहरूको नेटवर्क जटिल र रहस्यमय हुन्छ । ती सङ्गठनहरू गाउँ गाउँसम्म फैलिएका छन् । यसबारे देशका राजनीतिक दलहरू सचेत हुनुपर्छ । देशका ठूला ठूला दलहरू समयमा सतर्क नहुँदा र आफ्नै दलका नेता, सांसद तथा कार्यकर्ताहरू गैरसरकारी सङ्गठनमा फसे । यो राम्रो सङ्केत होइन । अत: देशका सबै राजनीतिक शक्ति, नागरिक समाज र जनतामा एनजीओको विषयमा स्पष्ट दृष्टिकोण हुनुपर्छ र एनजीओलाई सहज ढङ्गले हेर्नु हुँदैन, भित्र छिर्न दिनु हुँदैन ।

# ज्येष्ठ नागरिकहरूको जीवनका अनुभव, ज्ञान र सीपलाई लिपिबद्ध गर्नुपर्ने

भक्तपुर । भक्तपुर नगरपालिकाले अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको अवसरमा नगरभित्र सञ्चालित विभिन्न आदर निकेतन, आश्रम तथा ज्येष्ठ नागरिक हेरचाह केन्द्रमा रहेका ज्येष्ठ नागरिकहरूलाई न्यानो ओढ्ने सामग्री र बिस्कुट वितरण बिहीबार गरेको छ ।

कार्यक्रममा प्रा. डा. सिद्धिवीर कर्माचार्यले ख्वप आदर निकेतनका लागि रु. १ लाख ४ हजार ४ सय ४४ आर्थिक सहयोग प्रदान गर्नुभएको छ ।

प्रा. सर्वज्ञभक्त मल्लले निकेतनको कार्यक्रमबिच भक्तपुर नगरपालिकाद्वारा सञ्चालित वडा नं. ६ स्थित ख्वप आदर निकेतनमा ज्येष्ठ नागरिकहरूलाई फूलमाला लगाई न्यानो ओढ्ने सामग्री र बिस्कुट वितरण गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले ज्येष्ठ नागरिकहरू समाजका अनुभवी, आदरणीय तथा सम्माननीय व्यक्तित्व भएको बताउनुभयो । उहाँहरूले आफ्नो जीवनकालमा शिक्षा, कृषि, सम्पदा संरक्षण, पुनर्निर्माणलगायत विभिन्न क्षेत्रमा पुऱ्याउनुभएको योगदान समाजका लागि सधैँ स्मरणीय र उल्लेखनीय रहेको भएको उल्लेख गर्दै उहाँले यसलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गरिने बताउनुभयो ।

भनपा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले नगरपालिकाले ज्येष्ठ नागरिकको हेरचाह, संरक्षण र सम्मान गर्ने उद्देश्यले ख्वप आदर निकेतन सञ्चालनमा ल्याएको बताउनुभयो ।

नगरपालिकाको निर्वाचन घोषणापत्रमा उल्लेख भएअनुसार आदर निकेतन सञ्चालन गरिएको उहाँले बताउनुभयो ।

शिक्षाविद् प्रा. सर्वज्ञभक्त मल्लले



सहयोगार्थ रु. १ लाख आर्थिक सहयोग गर्ने घोषणा गर्नुभएको छ ।

भक्तपुर नगरपालिकाले सञ्चालन गरेको ख्वप आदर निकेतन, भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि. द्वारा सञ्चालित भक्तपुर आदर निकेतन, सिद्धि मेमोरियल फाउन्डेसनको सिद्धि शालिग्राम ज्येष्ठ नागरिक आश्रम र भनपा-१, सल्लाघारीस्थित सहारा केयर सेन्टरमा रहेका ज्येष्ठ नागरिकहरूलाई उक्त सामग्री वितरण गरिएको हो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बिहीबार एक प्रमुख प्रजापतिले बताउनुभयो ।

ज्येष्ठ नागरिकहरू अनुभवका खानी भएकाले उहाँहरूका जीवनका अनुभव, ज्ञान र सीपलाई लिपिबद्ध गर्ने प्रयास गर्नुपर्नेमा प्रमुख प्रजापतिले जोड दिनुभयो ।

ज्येष्ठ नागरिकहरूलाई खुसी र सुखी राख्न सके उहाँहरूको जीवन अझ स्वस्थ र सुखमय बन्ने उल्लेख गर्दै प्रमुख प्रजापतिले ज्येष्ठ नागरिकको सम्मान, हेरचाह र संरक्षण गर्नु सबैको साझा दायित्व भएको बताउनुभयो ।

ख्वप आदर निकेतन सञ्चालन गर्नु नगरपालिकाको महत्त्वपूर्ण योजना उमेर बढ्दै जाँदा ज्येष्ठ नागरिकहरू समूहमा बसेर आपसमा कुराकानी गर्ने र अनुभव साटासाट गर्ने वातावरण आवश्यक रहेको बताउनुभयो । सामूहिक रूपमा घुलमिल भएर बस्दा ज्येष्ठ नागरिकहरूमा खुसी र उत्साह बढ्ने उल्लेख गर्दै उहाँले आफ्ना जीवनका अनुभवहरू लेखेर भावी पुस्ता, विशेष गरी नातिनातिनीलाई हस्तान्तरण गर्नुपर्नेमा जोड दिनुभयो ।

प्रा.डा. सिद्धिवीर कर्माचार्यले ज्येष्ठ नागरिकहरूले समाजमा पुऱ्याउनुभएको योगदानको कदर गर्दै सम्मान गर्ने कार्यक्रम आयोजना हुनु सकारात्मक भएको बताउनुभयो ।

ज्येष्ठ नागरिकहरूका लागि आवश्यक सेवा, सुविधा र सहज वातावरण उपलब्ध गराउनुपर्नेमा जोड दिँदै उहाँले ज्येष्ठ नागरिकको हितका लागि आवश्यक सहयोग गर्न आफू सधैँ प्रतिबद्ध रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जमुना मिश्रले धन्यवाद ज्ञापन गर्नुभएको थियो भने कार्यपालिका सदस्य रोशनमैयाँ सुवाल र ख्वप आदर निकेतनका व्यवस्थापक गंगाराम कोजुले पनि बोल्नुभएको थियो ।

प्रभात माध्यमिक विद्यालयका विद्यार्थी संयुक्त सुवालले ज्येष्ठ नागरिकका विषयमा आफ्ना विचार व्यक्त गर्दै ज्येष्ठ नागरिकहरू अनुभव र ज्ञानका भण्डार भएको बताउनुभयो ।

प्रभात माध्यमिक विद्यालयका विद्यार्थीहरूले ज्येष्ठ नागरिकहरूलाई फलफूल प्रदान गर्दै गीत तथा नृत्य प्रस्तुत गरेका थिए ।

त्यस्तै, भक्तपुर आदर निकेतनमा नगरपालिकाका उपप्रमुख रजनी जोशी, सिद्धि शालिग्राम ज्येष्ठ नागरिक आश्रममा भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्व र वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँ तथा सहारा केयर सेन्टरमा भक्तपुर नगरपालिका वडा नं. ७ का वडाध्यक्ष उकेश कवां र वडा नं. १ का श्यामकृष्ण खत्रीले ज्येष्ठ नागरिकहरूलाई सामग्री वितरण गर्नुभएको थियो ।

सोही क्रममा सिद्धि शालिग्राम ज्येष्ठ नागरिक आश्रमका सञ्चालक समितिका अध्यक्ष श्यामसुन्दर धौभडेलले नगरपालिकालाई धन्यवाद ज्ञापन गर्नुभयो ।

भक्तपुर नगरपालिकाभित्र सञ्चालित विभिन्न ज्येष्ठ नागरिक हेरचाह केन्द्रमध्ये ख्वप आदर निकेतनमा २८ जना, भक्तपुर आदर निकेतनमा ३८ जना, सिद्धि शालिग्राम ज्येष्ठ नागरिक आश्रममा ४४ जना र सहारा केयर सेन्टरमा २७ जना गरी कुल १३७ जना ज्येष्ठ नागरिक आश्रित रहेका छन् ।

# देशलाई विकेन्द्रीकरण, सन्तुलित तथा समानुपातिक विकासतर्फ लानुपर्छ

काठमाडौँ । निर्वाचन आयोगको आयोजनामा राजनीतिक दल र आयोगबिचको छलफल कार्यक्रम शुक्रबार भयो । विदेशमा रहेका नेपालीहरू तथा अन्तर जिल्लाबाट मतदानको व्यवस्था गर्ने तथा निर्वाचन व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग विषयमा उक्त छलफल आयोजना भएको थियो ।

छलफलमा सहभागी अधिकांश दलका प्रतिनिधिहरूले विदेशमा रहेका नेपालीहरूलाई मतदानमा सहभागी गराउने कुरामा सैद्धान्तिक विमत्ति नरहे पनि निकै ठुलो प्रक्रियागत चुनौती रहेको धारणा राखेका थिए ।

छलफलमा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईले निर्वाचनमा जटिलता बढाउनेतिरभन्दा पनि न्यूनीकरण गर्नेतिर लाग्न जरूरी रहेको र देशको निम्ति त्यही हितकर हुने धारणा राख्नुभयो ।

उहाँले विद्यमान अवस्थामा नै निर्वाचनको निष्पक्षता, स्वच्छताबारे प्रश्न बरोबर उठ्ने गरेको यथार्थ अस्वीकार गर्न सकिन्न भन्दै दोहोरो नागरिकता, विदेशमा नागरिकता लिइसकेको अवस्था जाँचबुझ गर्ने संयन्त्र, निकाय, प्रविधिबारे हामी कति तयार अवस्थामा छौँ ? त्यसको पनि अध्ययन-छलफल हुन आवश्यक छ भन्नुभयो ।

संसारमा प्रविधिको व्यापक दुरूपयोग भएका घटना तथा साइबर हमला भइरहेको तथ्यलाई बेवास्ता गर्न नमिल्ने बताउँदै केन्द्रीय सदस्य गोसाइले आफ्नो नियन्त्रणमा नहुने विदेशी प्रविधि प्रयोग गर्दा हामी कहाँ पुग्छौँ भनी प्रश्न उठाउनुभयो ।

उहाँले अगाडि भन्नुभयो, “निर्वाचन देशको सम्प्रभुता रक्षा वा देशको रक्षाको निम्ति गर्ने हो । के हरेक पटक त्यसको मूल्यमा हामी निर्वाचन गर्छौँ ? स्वदेशमै रोजगारी वा कामको अवसर दिने महत्त्वपूर्ण राष्ट्रिय हितबाट भाग्नेभन्दा पनि दीर्घकालीन हितलाई टेवा पुऱ्याउने काम होस् ।”

स्थानीय तहको निर्वाचनको सन्दर्भमा स्थानीय जनतालाई नै निर्णय गर्ने अधिकार दिनुपर्छ भन्ने नेमकिपाको ठहर रहेको प्रस्ट पार्दै अन्यथा स्थानीय निकायको विकास कहिल्यै हुनेछैन भन्नुभयो । उहाँले अगाडि भन्नुभयो, “हामी फेरि केन्द्रीकरणतिर जाँदै छौँ कि सङ्घीयता लागू गर्न चाहन्छौँ ? सङ्घीयताको मूल उद्देश्य त विकेन्द्रीकरण हो । देशलाई विकेन्द्रीकरण, सन्तुलित तथा समानुपातिक विकासतिर लानैपर्छ । निर्वाचनको माध्यमबाट केन्द्रीकरणलाई अनुमोदन गरी देशलाई कमजोर नबनाऔँ ।”

उहाँले नेमकिपाले राज्यले कोष लगानी गर्ने र निर्वाचन प्रचारमा निजी लगानीको कडा विरोध गर्दै आएकोमा जोड दिँदै हामी अझै पनि त्यसको विपक्षमा छौँ; यो विषय देशको दीर्घकालीन हितमा छैन भन्नुभयो ।

कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त मानबहादुर कार्कीले राजनीतिक दल र आयोगको आपसी सहयोग एवम् सहकार्यमा लोकतान्त्रिक पद्धतिबमोजिम निर्वाचनका सबै पक्षमा समयानुकूल सुधार गर्न सकिने भएको हुँदा सबै दलबाट उल्लेखनीय सहयोग प्राप्त भइरहेको र आगामी दिनमा पनि यस्तो सहयोग उपलब्ध हुने विश्वास व्यक्त गर्नुभयो ।

विपद्को समयमा पर्न सक्ने मानसिक असरको न्यूनीकरण गरौं

❖ विपद्को समयमा डर, तनाव, चिन्ता, दुःख तथा असहज महसुस हुनु स्वाभाविक हो,
❖ आफन्त, साथीभाइ तथा समुदायसँग खुलेर कुराकानी गरौं,
❖ सुरक्षित स्थानमा बसौं, आफू र परिवारको सुरक्षालाई प्राथमिकता दिऔं,
❖ बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिलाई विशेष साथ, सहयोग र भरोसा दिने गरौं,
❖ नियमित खानपान, पर्याप्त आराम, निद्रा तथा दैनिक गतिविधिलाई सकेसम्म निरन्तरता दिने गरौं,
❖ विपद्को समयमा अफवाहमा विश्वास नगरी विश्वसनीय स्रोतबाट मात्र सूचना लिने गरौं,
❖ अत्यधिक तनाव, डर वा मानसिक असहजता रहिरहेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

विपद्को समयमा एक-आपसमा मनोबल बढाऔं,
मानसिक स्वास्थ्य जोगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

एकक्षण

प्रधान

# एक नगरमा के के छ र के के छैन !

नेपालमा भर्खर घोषणा भएका नगर र केही वर्ष दिनदेखि विकास गर्दै गएका नगरहरूबारे अध्ययन गर्दा एकछिन नयाँ मानिसलाई आश्चर्य हुन्छ - ‘नगर के हो र के होइन ?’ भन्ने प्रश्नमा । धेरै घर, बस्ती र जनता जम्मा हुनु नै नगर हुँदैन । बरु, ठुलो बस्ती होला - नगरमा घरहरूको निर्माण, बाटोघाटो ढल र पोखरीको व्यवस्थित बन्दोबस्त हुन्छ ।

केही नयाँ घोषित र घोषणा गर्न बाँकी नगरमा पहाडमा भए पनि एउटा टावर (धरहरा), क्रिकेट मैदान वा फूटबल वा भलिबलको मैदान, घोषित विश्वविद्यालय छन् । भौतिक संरचनाको दृष्टिले विद्यालय र कलेज, बसपार्क, केही पयर्टनहरूलाई आकर्षित गराउन ‘जातीय सङ्ग्रहालय’ (म्युजियम) आदि छन् तर, त्यहाँ नियमित र अनियमित हेर्ने कुनै निर्वाचित वा सरकारले स्वीकारेको संस्था छैन भने त्यस ठाउँलाई ठुलो बस्ती भन्ने वा नगर ?

### पुराना नगरका केही उदाहरण

पुराना १०-१५ वटा नगरमा धेरै वर्षपहिले नै अस्पताल, स्कूल, म्युजियम, कलेज, पोखरी, खेल खेल्ने टुँडिखेल, वारुणयन्त्र, पशुपक्षी चिकित्सालय, चिडिया घर, बिजुली, घण्टाघर खानेपानी, मोटर पार्कहरू छन् । पुराना नगरहरूमध्ये उपत्यकाका तीन नगर, वीरगञ्ज, विराटनगर, जनकपुर, हेटौँडा, नेपालगञ्ज, पोखरा, पाल्पा, धरान आदि हुन् ।

भूगोलको अध्ययनले बस्ती र नगरको विस्तार, नदीको किनार, बेँसी वा फेदीहरूमा जनताको व्यापार, धार्मिक स्थल र विविध कारणले आवतजावतको कारण क्रमिक रूपमा बस्ती विकास भएको देखिन्छ । तर, प्राकृतिक रूपले वाणिज्य, व्यापार र राजनीतिक कारणले राजधानी र सदरमुकाम, प्रहरी चौकी र भन्सारहरूको कारण त्यस्ता बस्तीहरू वा स-साना नगरहरू पनि म्हासिँदै गएका छन् ।

गणतन्त्रपछि कुनै निश्चित आधारबिना आ-आफ्ना दलहरूलाई मत प्राप्त वा नगरको घोषणाले बस्ती विकास हुँदै जाने दृष्टिले उनीहरूले नगरहरू घोषणा गरे । तर, ती शासक दल र सरकारहरूले नगरका आधारहरूबारे प्रस्ट गर्न सकेका थिएनन् ।

वर्तमान समयमा घोषित नगरहरूमा हुनुपर्ने महत्त्वपूर्ण पूर्वाधारहरू हुन् - १) ग्रहशाला (प्लानेटेरियम) २) चिडियाखाना ३) सङ्ग्रहालय ४) मनारेञ्जन पार्कहरू (विद्युत्ले चल्ने गाडीहरू, तलमाथि घुमाउने यन्त्रजडित बन्दोबस्त आदि) ५) वारुणयन्त्र ६) नाचघर (टाउन हल) ७) व्यवस्थित स्नानघर ८) उपचार पोखरी (ट्रिटमेन्ट पोन्ड) ९) फोहर बिसर्जन गृह वा बन्दोबस्त ।

### भक्तपुर नगरलाई उदाहरण बनाउँदा

भक्तपुर नगरपालिकाले आफ्नै १) ख्वप अस्पताल र केही वडाका स्वास्थ्य चौकीहरू, घरघरमा ज्येष्ठ नागरिकहरूको स्वास्थ्य सेवा चालु गर्दै आएको २) केही शिशुशाला र बालोद्यान ३) ५-६ वटा कलेज ४) ज्येष्ठ नागरिकहरूलाई दिवा सेवा प्रदान गर्ने आदर निकेतन, भक्तपुर सहकारी संस्थाको एउटा आदर निकेतन ५) एउटा सभा भवन (निर्माणको क्रममा) ६) एक आधुनिक दाहसंस्कार गृह ७) फोहरबाट कम्पोस्ट मल बनाउने दुई वटा क्षेत्र ८) तीन नयाँ आवास क्षेत्र ९) एउटा चालू अवस्थामा रहेको आवास क्षेत्र १०) नयाँ नगरपालिका भवन, एउटा प्राचीन दरबार पुनः निर्माण हुँदै ११) केही खेलहरूको नियमित प्रशिक्षण १२) एउटा टेबलटेनिस कभर्ड हल १३) एक भलिबल ग्राउन्ड, सानो फूटबल ग्राउन्ड (महेश्वरी स्थान) मा छ । मन्दिरहरूको पुन:निर्माण, पोखरी पुन:निर्माण, फल्चा पुन:निर्माण, पर्यटन सूचना केन्द्र भनपाकै नेपालभाषाको एक पाक्षिक र एक ‘भक्तपुर’ मासिक, रेडियो र टीभी प्रशारणमा छ ।

भक्तपुरमा केन्द्रीय सरकारकै चित्र सङ्ग्रहालय, धातुकला सङ्ग्रहालय, काष्ठकला सङ्ग्रहालय, पशुपक्षी चिकित्सालय, वारुण यन्त्र सञ्चालनमा रहेका छन् ।

### भक्तपुर नगरपालिकाले के के गर्न बाँकी र बनाउनुपर्ने छ ?

- ग्रहशाला (प्लानेटोरियम)
- स्वीमिङ पुल
- वधशाला
- व्यवस्थित मोटर पार्किङ (नयाँ घर बनाउँदा अनिवार्य ग्यारेज बनाउनुपर्ने ।

**२०७२ को भूकम्पपछि २०८३ साउन ३0 सम्मको सम्पदा पुन:निर्माणको तथ्याङ्क**

| क्र.सं | विवरण | सम्पन्न सङ्ख्या |
|---|---|---|
| १. | मन्दिर जीर्णोद्धार | ४५ |
| २. | पाटी | ६७ |
| ३. | द्योछेँ पुन:निर्माण | १४ |
| ४. | प्रवेशद्धार | ४ |
| ५. | पोखरी | १४ |
| ६. | इनार | ९ |
| ७. | सत्तल जीर्णोद्धार | ९ |
| ८. | ढुङ्गेधारा | १० |
| ९. | अन्य निर्माण | १३ |
| | जम्मा | १८५ |

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर,फोन नं. ६६१००२६, ६६१०९२१,फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३